# हिरासतमा महिलाविरूद्ध यातना

## रोकथाम र संरक्षणमा असफल नेपाल सरकार

२६ जुन २०११

# हिरासतमा महिलाविरूद्ध यातना
## रोकथाम र संरक्षणमा असफल नेपाल सरकार

२६ जुन २०११

एड्भोकेसी फोरम, नेपाल

**हिरासतमा महिलाविरूद्ध यातना : रोकथाम र संरक्षणमा असफल नेपाल सरकार**

पहिलो संस्करण २०६७ (सन् २०११)

*प्रकाशक*
एड्भोकेसी फोरम
शान्ति निकेतन मार्ग, गैरिधारा
काठमाडौं, नेपाल
पो.. बक्स : २१७९८
फोन : +९७७-१-४००४००७/८
फयाक्स : +९७७-१-४४२२६९८
इमेल : info@advocacyforum.org.np
वेवसाइट : www.advocacyforum.org

प्रतिलिपि अधिकार © एड्भोकेसी फोरम

*ले-आवट तथा आवरण डिजाइन*
किशोर प्रधान

काठमाडौं, नेपालमा मुद्रित

# विषयसूची


**आभार** ix

**कार्यकारी सारांश** १

**परिचय** ५

**अध्याय १- हिरासतभित्र महिलाउपर हुने यातनाका प्रवृतिको विश्लेषण** ७-१३

१. प्रवृति ७

हालका प्रवृतिहरू

सन् २००६-२०१० का प्रवृति

जातीय पृष्ठभूमि

जिल्लागत यातनाका प्रवृत्ति

अभियोग

२. यातनाका तरिका ९

**अध्याय २- द्वन्द्वकालीन समयमा हिरासतमा भएका यातना र यौनजन्य हिंसा** १५-२६

१. द्वन्द्वका दौरान महिलाविरूद्ध यातनाका प्रवृतिहरू १५

सुरक्षाफौजद्धारा दिइएको यातना

माओवादीद्धारा दिइएको यातना

बलात्कार र यौनजन्य हिंसा

न्याय प्राप्तिका लागि द्वन्द्व पीडितहरूले सामना गर्नुपर्ने अवरोध

न्याय कसरी प्राप्तगर्ने भन्ने बारे सूचना प्रदान गर्न असफल

२. द्वन्द्वका दौरान भएका उल्लंघनका घटनाउपर छानविन र अभियोजन गर्ने राज्यको दायित्व २१

द्वन्द्वका दौरान परिपूरण प्राप्त गर्न केहि विशेष अवरोधहरू

सम्बन्धित अधिकारीहरूबाट सहयोगको अभाव
संक्रमणकालीन न्यायको लैङ्गिक आयाम
संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको प्रस्ताव न. १३२५ र १८२० को कार्यान्वयनका सन्दर्भमा नेपालको राष्ट्रिय कार्य योजना
संक्रमणकालीन न्यायका संयन्त्रहरू

**अध्याय ३- यातना रोकथाम र उजुरीको सुनुवाई** २७-३९
१. यातना रोकथाम संयन्त्र : हिरासत अनुगमन २७
राष्ट्रिय मानवअधिकार आयोग
आयोगको सिफारिस कार्यान्वयनको अभाव
आन्तरिक र कार्यगत समस्याहरू
वास्तविक कार्यादेशको प्रयोगको अभाव
संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय
राष्ट्रिय महिला आयोग
२. यातनाका उजुरीउपर स्वतन्त्र छानविनको अभाव ३१
नेपालप्रहरी मानवअधिकार ईकाइ
नेपाल प्रहरी महिला तथा बालबालिका सेवा केन्द्र
३. परिपूरण प्राप्तिमा अवरोध ३४
अव्यवस्थित स्वास्थ्यजाँच
कानूनी अडचनहरू
३५ दिने हदम्याद
प्रमाणको भार

**अध्याय ४- अन्तर्राष्ट्रिय संयन्त्र तथा विनियमहरू** ४१-४६
१. सन्धिनिकाय तथा संयुक्त राष्ट्रसंघीय विशेष प्रक्रियाहरूको चिन्ता ४१
विश्वव्यापी आवधिक समीक्षा
सन्धिनिकायहरू
संयुक्त राष्ट्रसंघीय विशेष प्रक्रियाहरू
२. फौजदारी न्याय प्रणालीमा महिलाको जोखिमपूर्ण अवस्था – अन्तर्राष्ट्रिय मापदण्ड र रोकथाम संयन्त्रको कार्यान्वयन ४४

**अध्याय ५- प्रगतिका बावजुद दायित्व पूरा गर्न असफल सरकार** ४७-६३
१. विद्यमान कानूनी संरक्षणको अप्रर्याप्त कार्यान्वयन ४७
हिरासतमा लिइनुको मुख्य आधार सूचित गर्न नसक्नु

कानूनी परामर्श
परिवार भेट्न पाउने अधिकार
२. हिरासतमा महिलामाथि हुने यातनाको न्यूनीकरण ४९
पुरुष र महिलालाई छुट्टाछुट्टै राख्नुपर्ने
सरसफाईको सुविधा
महिला प्रहरीहरूको उल्लेख्य कमी
३. दण्डहीनता ५२
कानुनी दण्डहीनता
यातनाको अपराधीकरणको अभाव
उन्मुक्ति दिने कानुन
व्यवहारिक दण्डहीनता
अदालत र कानुनी निकायका निर्णयलाई कार्यान्वयन गर्नमा भएका कमी
यातना क्षतिपूर्ति ऐन अन्तर्गत अदालती निर्णयको कार्यान्वयनको अभाव
राष्ट्रिय मानवअधिकार आयोगका सिफारिस कार्यान्वयनमा कमी
उजुरीउपर राज्यको प्रतिक्रिया : राजनीतिक इच्छाशक्तिको अभाव
राजनीतिक मुद्दा फिर्ता
आलोचनाप्रति सरकारको प्रतिक्रिया
४. पर्याप्त तदारूकताको अभाव ६०
महिलाको न्यायमा पहुँच
लैङ्गिक हिंसा रोकथामगर्ने नेपालको रणनीति

**निष्कर्ष तथा सुझाव** ६५-६६
**अनुसूचीहरू** ६७-७४

# आभार

यातनाविरूद्धको जवाफदेहितालाई स्थापनागर्ने कार्यलाई प्रर्बद्धन गर्दै आफ्नो स्थापनाकाल सन् २००१ देखि नै एड्भोकेसी फोरमले संगठित हस्तक्षेपका नवीन रणनीतिहरूको अवलम्बन गर्दै नेपालमा व्याप्त यातनाको संस्कारलाई न्यूनीकरण गर्ने कार्यमा अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको छ । थुनाकेन्द्रको नियमित तथा पूर्व सूचनाविना भ्रमण गर्ने कार्य यातना रोकथामको सबैभन्दा प्रभावकारी तरिका हो भन्ने मान्यतालाई हृदयंगम गर्दै एड्भोकेसी फोरमले देशका २० ओटा जिल्लाहरूमा अवस्थित ६७ थुनास्थलहरूमा नियमित भ्रमण गर्दै आइरहेको छ ।

यसका अलावा, एड्भोकेसी फोरमले यातनालाई निषेध गर्ने अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मापदण्डहरूको अवलम्बनका साथै यातनासम्बन्धी वर्तमान नेपाली कानुनको प्रभावकारी कार्यान्वयन तथा सुधारकालागि वकालत पनि गर्दछ । यस संस्थाले सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरू जस्तै यातनासम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदक, यातनाविरूद्धको संयुक्त राष्ट्रसंघीय समिति, संयुक्त राष्ट्रसंघीय मानवअधिकार समिति, अस्वेच्छिक थुनाविरूद्धको संयुक्त राष्ट्रसंघीय कार्यदल, एमनेष्टी इन्टरनेशनल, ओएमसिटि, एपिटि, एसियन ह्यूमन राईटस कमिसन, महान्यायाधिवक्ताको कार्यालय तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका मानवअधिकार इकाईहरूलाई सूचना तथा प्रतिवेदनहरू संप्रेषण गर्ने र यातनाका घटनाहरूको बारेमा अवगत गराउने कार्य पनि एड्भोकेसी फोरमले गर्दछ ।

नेपालमा यातनालाई अपराधीकरण गर्ने कानुन ल्याउन सरकारलाई दबाब दिनुका साथै यातना पीडितहरूलाई कानुनी, औषधोपचार तथा मनोसामाजिक सहयोग प्रदानसमेत गर्दछ । यातनाविरूद्धको महासन्धिको ऐच्छिक आलेखको अनुमोदनका लागि परामर्श-पैरवी गर्नुका साथै यस संस्थाले न्यायाधीश, प्रहरी, सरकारी वकील, प्रतिरक्षक कानुन व्यवसायी र चिकित्सकहरूको क्षमता अभिवृद्धिका लागि तालिमहरूको आयोजना पनि गर्दछ र तिनीहरूलाई नियमित रूपमा यातनाको सही अभिलेखीकरण गर्न सहयोगी इस्तानबुल प्रोटोकोलको बारेमा तालिमसमेत प्रदान गर्दछ।

हिरासतमा हुने यातना तथा अन्यदुर्व्यवहारको जोखिम कम गर्न संरक्षण संयन्त्र र सुरक्षाका उपायहरूको व्यवस्थित कार्यान्वयनकालागि एड्भोकेसी फोरमले वकालत गर्दछ । संस्थाको अन्य कार्यहरूमा हिरासतमा रहेका महिलाहरूसँग सम्बन्धित कार्य पद्धति र मापदण्डहरू पालन गरिएको सुनिश्चित गर्ने र प्रहरी प्रशासनमा मानवअधिकार र लैङ्गिक तालिमलाई संस्थागत गर्ने पनि पर्दछन् ।

यातना पीडितको समर्थनमा संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय दिवस मनाउने सन्दर्भमा एड्भोकेसी फोरमले प्रत्येक वर्ष हिरासत भ्रमणका दौरान संकलित सूचनामा आधारित प्रतिवेदन प्रकाशित गर्दछ । एड्भोकेसी फोरमको यो प्रतिवेदनको उद्देश्य हिरासत व्यवस्थापनको सुधारमा टेवादिने पनि रहेको छ । यस वर्ष हामीहरूले यो प्रतिवेदनलाई हिरासतमा यातना र अन्य दुर्व्यवहारका पीडित महिलाहरूका लागि समर्पित गरेका छौं । यातनालाई फौजदारी कसुरको रूपमा स्वीकार नगरिएको, व्यापकरूपमा चलिआएको दण्डहिनता र मानवअधिकार उल्लंघनका पीडित महिलाहरूले न्याय पाउनका लागि सामना गर्नुपर्ने अवरोध नै महिलाहरूको सर्वोपरी हित र सुरक्षाका वाधकहरू हुन । यो प्रतिवेदनले हिरासतमा महिलाविरुद्ध हुने यातनाका कार्यहरूलाई रोक्न, त्यस्तो कार्यउपर छानबिन गर्न र दोषीलाई कारबाही गर्न सरकारलाई आफ्नो यथोचित परिश्रम लगाउन आह्वान गर्दछ ।

यस प्रतिवेदनको लागि आवश्यक अनुसन्धान गर्नु भएका हेलेने सबातो, भगवती गौतम, अम्बर राउत, कोपिला अधिकारी, ओम प्रकाश सेन ठकुरी, क्याथरिन म्याकडोनाल्ड, बद्री भुसाल, पद्मा गिरी, सुमित्रा राई, पुष्प पौडेल र धिराज कुमार पोखेल प्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं । यो प्रतिवेदनको मस्यौदा तयार पार्नुहुने हेलेने सबातो र सम्पादन गर्नुहुने इन्ग्रीड मसाजेलाई विशेष धन्यवाद । नियमित हिरासतको भ्रमण गरी सूचना संकलन गर्ने हाम्रा २० जिल्लामा कार्यरत साथीहरूको अमूल्य योगदानको लागि आभार प्रकट गर्न चाहन्छौं ।

अन्त्यमा यो प्रतिवेदनलाई नेपालीमा अनुवाद गर्नुहुने हाम्रा सहकर्मी ओम प्रकाश सेन ठकुरी, ध्रुबकुमार श्रेष्ठ र विन्देश दहालप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

यो प्रतिवेदनका लागि सूचनाप्रदान गर्ने र विश्लेषण गर्ने सम्पूर्ण व्यक्तिहरूप्रति हार्दिक आभार । यस सन्दर्भमा हामीहरूसँग आफ्नो अनुभव बाड्ने सम्पूर्ण महिलाहरूलाई धन्यवाद दिन चाहन्छौं । हामीलाई निरन्तर सहयोग र समर्थन गर्नुहुने न्यायाधीशहरू, सरकारी वकीलहरू, प्रहरी अधिकारीहरू, नेपाल प्रहरी र सशस्त्र प्रहरीको मानवअधिकार इकाईका साथै राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग र ओएचसिएचआर-नेपालका सदस्यहरू प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

**मन्दिरा शर्मा**
एड्भोकेसी फोरम

# कार्यकारी सारांश

सन् २०१० को दौरान प्रहरी हिरासतमा भेटिएका दस महिलामध्ये औसतमा एकजनालाई यातना दिइएको वा दुर्व्यवहार गरिएको तथ्यांक एड्भोकेसी फोरमले २० ओटा जिल्लामा अवस्थित ६७ थुनास्थलको नियमित भ्रमणमा पाएको छ । यद्यपि, उक्त वर्षको पहिलो ६ महिनालाई पछिल्लो ६ महिनासँग तुलना गरेर हेर्दा यातनाको अनुपातमा तीव्ररूपले (लगभग ९०%) वृद्धि भएको देखिन्छ । २०१० को जुलाइदेखि डिसेम्बरसम्म १३.९% महिलाहरूले आफूहरूमाथि यातना भएको बताएका थिए भने अघिल्लो ६ महिनामा यातनाको औसत ७% थियो ।

काठमाडौं जिल्लामा महिलाउपर भएका यातनाको दर २०% भन्दा बढी रहेको पाइयो । महिलामाथि हुने यातनाको यो प्रतिशत राष्ट्रिय औसतभन्दा दुई गुनाले बढी छ र नेपालको आन्तरिक द्वन्द्वकाल (सन् १९९६-२००६) का दौरान भएका यातनाको हाराहारीमा पुगेको देखिन्छ । दलित महिला र तराईका जनजाति महिला यातनाका मुख्य पीडित रहेको तथ्यांकले देखाउँदछ ।

सन् २०१० मा काठमाडौं जिल्लामा गोप्य थुनास्थलका रूपमा निजी आवासहरूको प्रयोग गरिएको भएता पनि यातनाका धेरैजसो घटना जिल्ला प्रहरी कार्यालयहरूमा (जिप्रका) केरकारका दौरान हुने गरेको छ । धेरैजसो महिला थुनुवाले आफूलाई महिला प्रहरी अधिकारीहरूले नै यातना दिने गरेको बताए । एड्भोकेसी फोरमसँगको अन्तर्वार्ताका क्रममा केही महिला प्रहरीले आफ्नै पुरुष सहकर्मी वा आफूभन्दा उच्चतहका अधिकारीको निर्देशनमा महिला थुनुवालाई यातना दिनेगरेको बताएका छन् । सरकारी थुनास्थलहरूमा हुने यातनाका अलावा एड्भोकेसी फोरमले एकीकृत माओवादीका कार्यकर्तालगायत यस पार्टीको भ्रातृसंगठन योङ्ग कम्युनिष्ट लिग (वाइसिएल) का सदस्यबाट घटाइएका यातनाका घटनाको पनि अभिलेखीकरण गर्दै आइरहेको छ ।

सन् २०१० का दौरान यातना रोकथामको हकमा राष्ट्रिय स्तरमा केही उल्लेख्य प्रगति भने नभएको होइन । सरकारले लैङ्गिक हिंसा र महिला, शान्ति र सुरक्षाका सन्दर्भमा छुट्टाछुट्टै राष्ट्रिय कार्ययोजना पारित गर्नु, जिल्ला अदालतहरूले यातनापीडित महिलालाई यातना क्षतिपूर्ति ऐनअन्तर्गतका मुद्दामा

क्षतिपूर्ति प्रदान गर्ने निर्णय गर्नु र हिरासतभित्र एक महिलामाथि भएको करणीमा संलग्न एक प्रहरी कर्मचारीलाई कारबाही गर्नु यस क्षेत्रमा भएका केही प्रगतिका दृष्टान्त हुन् । यसको बाबजुद नेपाल सरकारले यातनालाई फौजदारी कसुरको रूपमा स्थापित नगरेसम्म र यातना रोकथामका उपायलाई अविलम्ब अवलम्बन नगरेसम्म यस्ता प्रयास ओझेलमा पर्ने र देशमा व्याप्त दण्डहीनतालाई सम्बोधन गर्न नसक्ने निष्कर्ष एड्भोकेसी फोरमको रहेको छ । सन् २०११ मा व्यवस्थापिका संसदसमक्ष पेश गरिएको अपराध संहिताको मस्यौदाले यातनाको हकमा अधिकतम ५ वर्षसम्मको कैदसजाय हुने व्यवस्था गरेको भएता पनि उक्त संहितामा यातनाविरूद्ध विशिष्ट रोकथाममूलक उपायको कहीँ कतै उल्लेख गरिएको छैन । तसर्थ यातनासम्बन्धमा एउटा छुट्टै विस्तृत कानुनको आवश्यकता रहेको छ । ७ जुन २०११ मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को विश्वव्यापी आवधिक समीक्षाका दौरान “यातनाविरूद्धको महासन्धिअनुसार यातनालाई फौजदारी अपराधको रूपमा स्थापित गर्ने विधेयक अन्तिम चरणमा पुगेको” कुरा नेपाल सरकारले व्यक्त गरेको थियो । सन् १९९१ मा नेपालले महासन्धिलाई अनुमोदन गरेदेखि नै बारम्बार यस्ता प्रतिबद्धता व्यक्त गर्दै आइरहेको छ । महासन्धिलाई अनुमोदन गरेको दुई दशकभन्दा बढी समय नाघिसकेको भएता पनि अब बल्ल सरकारले आफूले गरेको प्रतिबद्धता पूरा गर्ने हो कि भन्ने आशा गरिएको छ ।

प्रस्तुत प्रतिवेदन १० वर्षे सशस्त्र द्वन्द्वका दौरान महिलाविरूद्ध भएका यातना र करणीका घटनामा पनि केन्द्रित रहेको छ । उक्त घटनाका पीडितमध्ये कोही हाल संविधानसभाका सदस्य छन् जसमध्ये एक माननीय सभासदले तत्कालीन शाही नेपाली सेनाले आफूमाथि सन् २००१ मा दिएको यातनाको सूचना प्रदान गर्नुभएको छ । अन्य पीडित महिलाले पनि एड्भोकेसी फोरमलाई आफूले माओवादीबाट खेप्नुपरेको यातनाको बारेमा विस्तृत अभिलेखीकरण गराएका छन् ।

देशभित्र दण्डहीनताको संस्कृति व्याप्त रहेको वर्तमान परिप्रेक्ष्यमा यातना तथा करणीका पीडित महिलाले न्याय पाउनु असम्भवप्रायः भइसकेको छ । न्याय प्राप्तिको क्रममा ती पीडित महिलाले यातनालाई फौजदारी कसुर साबित गर्ने स्पष्ट कानुनको अभाव, करणी (फौजदारी मुद्दामा) र यातना (देवानी मुद्दामा) मा उजुरी गर्न तोकिएको अत्यन्त कम हदम्याद जस्ता अवरोधको सामना गर्नुपरेको छ । यसको अलावा, सरकारद्वारा द्वन्द्वपीडितका लागि भनेर प्रदान गरिने “अन्तरिम राहत” को योजनामा हालसम्म पनि करणीका पीडितलाई समावेश गरेको छैन ।

राष्ट्रिय मानवअधिकार आयोगले यातनाको छानबिनलाई प्राथमिकता नदिनु र हिरासतमा रहेका महिलाको अवस्थाप्रति उदासीन रहनु चौतर्फी चिन्ताको विषय बनेको छ । यस्तैगरी नेपाल अवस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर-नेपाल) ले सन् २००९ मा नेपाल सरकारसँग आफ्नो कार्यादेश नवीकरण गरेपश्चात् पनि हिरासत अनुगमनलाई प्राथमिकता दिएन । राष्ट्रिय महिला आयोगले महिला थुनुवाको पक्षबाट यस सम्बन्धमा सरकारलाई दबाब दिने केही अपेक्षा भने गरिएको छ ।

सन् २०१० अक्टोबरमा संयुक्त राष्ट्रसंघले महिलाबन्दीसँग गर्ने व्यवहार तथा महिला कसुरवारका लागि गैर-हिरासतीय उपाय नियमावली (The Rules forthe Treatment of Women Prisoners and Non-custodial Measures for Women Offenders) अवलम्बन गऱ्यो । यसलाई "बैङ्कक नियमावली" पनि भनिन्छ । एड्भोकेसी फोरमले यो नियमावलीमा उल्लेख गरिएका सुरक्षात्मक उपायलाई अविलम्ब लागू गरी हिरासतमा महिलाविरूद्ध हुने सबैखाले यातना रोक्दै महिलाहरूलाई झन् बढी सुरक्षित गर्न नेपाल सरकारसमक्ष अनुरोध गरिरहेको छ ।

*हिरासतमा रहेका महिलाका सन्दर्भमा प्रदान गरिएका केही प्रमुख सिफारिस :*

१. महिलाले पूर्वपुर्पक्ष थुनामा सामना गर्नुपर्ने विशेष प्रकारका दुर्व्यवहारका जोखिमको पहिचान गर्ने र प्रहरी हिरासतमा महिलाको सुरक्षाको प्रत्याभूति गर्न उचित नीतिगत र व्यवहारिक उपाय अवलम्बन गर्ने ।

२. महिलाविरूद्ध भएका यातना र अन्य दुर्व्यवहारको सम्पूर्ण घटनाउपर स्वतन्त्र छानबिन गरी दोषीलाई कारबाही गर्ने ।

३. हिरासतभित्र महिलालाई पुरूष थुनुवाबाट व्यवस्थितरूपमा अलग राखिनुपर्ने कुराको सुनिश्चित गर्ने ।

४. पक्राउ गर्ने, स्थानान्तरण गर्ने र हिरासतमा रहँदाका समयमा महिला प्रहरीको उपस्थिति हुनुपर्ने । बन्दीप्रतिको व्यवहारका लागि न्यूनतम मापदण्ड नियमावलीले (Standard Minimum Rules for the Treatment of Prisoners) हिरासतमा रहेका महिलाको निगरानी महिला प्रहरीद्वारा हुने व्यवस्था गरेको छ ।

५. प्रहरीभित्र आन्तरिक जवाफदेहिता अभिवृद्धि गर्दै हिरासतमा रहेका महिला बन्दीका हकमा स्पष्ट कार्यपद्धति र मापदण्ड लागू गर्नुपर्ने ।

६. सबै महिला थुनुवाहरूलाई थुनास्थलमा लैजादाँ कानून व्यवसायीसँग परामर्श गर्न पाउने लगायतका सम्बद्ध सबै अधिकारहरूका बारेमा जानकारी दिनुपर्ने ।

७. थुनास्थलमा रहेका बखत सम्पूर्ण महिला बन्दीहरू कानुन व्यवसायीसँग परामर्श गर्न पाउने अधिकारसहित अन्य अधिकारका बारेमा सूचित गरिने कुराको सुनिश्चित गर्ने । इस्तानबुल प्रोटोकोलमा प्रशिक्षित चिकित्सकद्वारा अनिवार्य रूपमा र गोप्य तरिकाले स्वास्थ्य जाँच भएको सुनिश्चित गर्न बृहत्तर कार्यविधि अपनाइनुपर्ने ।[1] महिला थुनुवाहरूलाई प्रहरीको उपस्थितिविना महिला चिकित्सकद्वारा गोप्य रूपमा स्वास्थ्य जाँच गरिनुपर्दछ ।

[1] The Manual on Effective Investigation and Documentation of Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (the Istanbul Protocol) available at <www.ohchr.org/Documents/Publications/training8Rev1en.pdf> accessed on 29 April 2011.

***यातनाका सन्दर्भमा समष्टिगत सिफारिस :***

८. यातनालाई फौजदारी कसुर साबित गर्ने एक बृहत् कानुनको प्राथमिकताका साथ अवलम्बन गरी कार्यान्वयन गर्नुपर्ने ।

९. यातनाको रोकथाम र छानबिन गर्नका लागि एक प्रभावकारी र निष्पक्ष संयन्त्र स्थापना गरी कार्यान्वयन गर्नुपर्ने ।

१०. सबै थुनुवालाई आधिकारिक थुनास्थलमा राखिएको कुराको सुनिश्चित गर्ने र निजी आवासमा व्यक्तिलाई थुनामा राख्ने अधिकारीलाई जवाफदेही बनाउनुपर्ने ।

११. यातनाविरुद्धको महासन्धिको ऐच्छिक आलेखलाई अविलम्ब अनुमोदन गरी सबैखाले थुनास्थलको स्वतन्त्र अनुगमन गर्नका लागि एक संयन्त्रको स्थापना गर्ने र हिरासत अनुगमनका लागि खटाइएका आधिकारिक व्यक्तिलाई अनुगमन गर्न रोक्ने सार्वजनिक पद धारण गरेका व्यक्तिलाई ऐनमा उल्लेख गरिएअनुसार दण्डको भागीदार बनाउनुपर्ने ।

१२. जबरजस्ती बेपत्ताविरुद्धको महासन्धिलाई अनुमोदन गरी जबरजस्ती बेपत्तालाई फौजदारी कसुर ठहर गर्नुपर्ने ।

## अध्ययन विधि

सरकारी र अन्य निकायको व्यवस्थित अनुगमनको अभाव रहेको अवस्थामा एड्भोकेसी फोरमले देशको ७५ जिल्लामध्ये २० जिल्लामा नियमित रूपले हिरासत भ्रमण गर्दै आइरहेको छ । उद्धृत गरिएका स्थानमा बाहेक यस प्रतिवेदनमा एड्भोकेसी फोरमका अधिकारकर्मीले २० जिल्लाको ६७ ओटा हिरासतमा नियमित भ्रमणका क्रममा गरेका अन्तर्वार्ताका आधारमा तयार पारिएका तथ्यांक र केसस्टडी रहेका छन् ।

यातनापीडितलाई कानुनी सहायता प्रदान दिनुका साथै एड्भोकेसी फोरमले यस्ता मुद्दाहरूको नियमित अनुगमन गर्ने, प्रहरी थुनास्थल तथा अदालतको भ्रमण गर्ने, सम्बन्धित फाइलको समीक्षा र पुनरवलोकन गर्ने र पीडित तथा उनीहरूको परिवारसँग अन्तर्वार्ता लिने जस्ता कार्य गर्दै आइरहेको छ । सम्बन्धित जिल्लाका कानुन अधिकृत र कर्मचारीले आफू कार्यरत रहेका जिल्लाका पीडितसँगको नियमित भेटघाटबाट प्राप्त सूचना पनि यस प्रतिवेदनमा समेटिएको छ । पीडितको पूर्ण सहमतिमा र सम्भव भएसम्म गोप्यरूपमा एड्भोकेसी फोरमका कर्मचारीले पीडितको अन्तर्वार्ता लिएका थिए । प्रतिशोधको जोखिम रहने कुनै पनि अवस्थालाई टार्न सम्बन्धित महिलाको वास्तविक पहिचान गराउने विवरण हटाई काल्पनिक नामको माध्यमले उनीहरूको पहिचान सुरक्षित राखिएको छ । अन्तर्वार्ता दिने व्यक्तिलाई अन्तर्वार्ताको उद्देश्यबारे पूर्वजानकारी गराई स्वेच्छाले सूचना संकलन गरिएको थियो । अन्तर्वार्ता लिने व्यक्तिले पीडित वा थुनुवाहरूसँग सूचनाका लागि आर्थिक सहयोग गर्ने आश्वासन दिएका थिएनन् ।

# परिचय

यस प्रतिवेदनको मुख्य उद्देश्य "जनयुद्ध" र जारी संक्रमणकालका दौरान हिरासतमा महिलाविरूद्ध भएका यातना तथा अन्य दुर्व्यवहारसँग सम्बन्धित स्थितिको अध्ययन गर्नु हो । द्वन्द्वका दौरान सुरक्षा फौज र माओवादीले महिलालाई भौतिक सजाय दिन र आतंकित तुल्याउनका निम्ति यातना र यौनजन्य हिंसालाई प्रमुख साधनका रूपमा प्रयोग गरेका थिए । वर्तमान परिदृश्यमा हिरासतमा महिलाविरूद्ध हुने यातनालाई मुख्यतः साबिती बयान लिनका लागि प्रयोग गरेको पाइन्छ ।

सन् १९९१ मा नेपालले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरूद्धको महासन्धि र महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनको महासन्धि अनुमोदन गऱ्यो । यसका बाबजुद सन् २००६ मा "जनयुद्ध" को अन्त्यपश्चात् हिरासतमा भेटिएका १३ महिलाले आफूमाथि यातना वा अन्य दुर्व्यवहार भएको दाबी गरेका थिए । अझ विगत २ वर्षका दौरान हिरासतमा हुने यातनाको सिलसिलामा क्रमिक वृद्धि भएको तथ्यांक एड्भोकेसी फोरमसँग छ । हिरासतभित्र पुरूषहरूको तुलनामा महिलाउपर कम यातना हुने भएता पनि महिलाविरूद्ध हुने यातनाको मात्रालाई ठूलो समस्याको रूपमा हेरिएको छैन ।

यसका अतिरिक्त, प्रस्तुत प्रतिवेदनले हिंसाविरूद्ध महिलाको संरक्षणमा सरकारको असफलताको चित्रण गर्दै अधिकांश महिलाहरूलाई उनीहरूको सत्य, न्याय र परिपूरणको अधिकारबाट वञ्चित गराउने जारी दण्डहीनतालाई सम्बोधन गर्नुपर्ने सरकारको राजनैतिक इच्छाशक्तिमाथि प्रश्न गर्दछ । सन् २०१० मा सरकारले आफ्नो लैङ्गिक हिंसासम्बन्धी कार्ययोजनाको संरचनामा "शून्य सहिष्णुता नीति" लाई प्रवर्द्धन गर्दै महिलाविरूद्धको हिंसालाई सम्बोधन गर्ने प्रतिबद्धता जनाएको छ । राज्य पक्षबाट भएका महिलाविरूद्धको हिंसालाई सम्बोधन गर्न सरकारले कस्तो मार्गचित्र कोरेको छ र विगतमा भएका उल्लंघनका घटनामा कसरी जवाफदेहिता अभिवृद्धि गर्छ भन्ने कुरा चाहिँ हेर्न नै बाँकी छ ।

# हिरासतभित्र महिलाउपर हुने यातनाका प्रवृत्तिको विश्लेषण

## १. प्रवृत्ति

*हालका प्रवृत्ति*

सन् २०१० मा एड्भोकेसी फोरमले कुल ३४५ जना महिलालाई देशका विभिन्न हिरासतमा भेटेको थियो । औसतमा १०.४% महिलाले आफूविरुद्ध यातना भएको बताए । यस तथ्यांकले सन् २००९ को तुलनामा २०१० मा यातनाको घटनामा कमी आएको देखाउँदछ । सन् २००९ मा १३.७% महिलाले आफूलाई यातना दिइएको बताएका थिए ।[1]

यद्यपि जुलाइदेखि डिसेम्बरसम्म[2] हिरासतमा पुरुष र महिला दुवैलाई दिइने यातनाको प्रतिशतमा व्यापक वृद्धि भएको थियो । जनवरीदेखि जुन २०१० सम्म यातनापीडित महिलाको प्रतिशत ७ बाट बढेर जुलाइदेखि डिसेम्बर २०१० सम्म १३.३% पुगेको थियो ।

जुलाइदेखि डिसेम्बरको अवधिभर कुल १८८ महिलालाई अन्तर्वार्ता गरिएकोमा २५ जनाले (१३.३%) आफूहरूलाई अनुसन्धान अधिकारीले निर्ममतापूर्ण यातना दिएका बताएका थिए । जनवरीदेखि जुन २०१० को अवधिभर १५७ महिलासँग गरिएको अन्तर्वार्तामा ११ जनाले (७%) मात्र यातना पाएको तथ्यांकलाई यससँग तुलना गर्दा हिरासतहरूमा यातना ९०% का दरले वढेको देखिन्छ ।[3]

---

[1] In 2007 and 2008 10.2% of women claim they were tortured

[2] Advocacy Forum, "Recent Trends and Patterns of Torture in Nepal, Briefing, July to December 2010" http://advocacyforum.org/downloads/pdf/publications/Briefing-July-to-Dec-2010-final.pdf

[3] See Table 2 in Annex

### *सन् २००६-२०१० का प्रवृत्ति*

सन् २००६ देखि २०१० सम्म एड्भोकेसी फोरमले कुल १,१०८ महिलालाई हिरासतमा भेटेको थियो । औसतमा १२.३% (१३६ जना महिला) ले आफूहरूमाथि यातना वा दुर्व्यवहार भएको दाबी गरे । यस्तो प्रवृत्तिले द्वन्द्व समाप्त भएपश्चात् महिलामाथि हुने यातनाका घटनामा समग्र रूपमा कमी आएको देखिन्छ । सन् २००६ मा २१% महिलाले आफूलाई यातना दिइएको दाबी गरेका थिए । यो आँकडा २०१० मा १०.४% मा झरेको थियो । यसको अतिरिक्त द्वन्द्वोत्तर कालमा (२००६ र २००७ को बीचमा) महिलामाथि हुने यातनामा उल्लेख्य कमी आएको थियो । ती वर्षमा यातना २१% बाट १०.२% मा झरेको थियो ।

### *जातीय पृष्ठभूमि*

जातीय तथा जनजातीय पृष्ठभूमिको आधारमा गरिएको आँकडा विश्लेषणले सन् २०१० का दौरान विशेष रूपले तराईको जनजाति समूहका महिला यातनाको जोखिममा रहेको कुरा देखाएको छ ।

हिरासतमा रहेका महिलामध्ये बहुसंख्यक ब्राह्मण र क्षेत्री वर्गका रहेका छन् जो सन् २०१० मा कुल महिला थुनुवाको सर्वाधिक ४०.७% रहेका थिए । सन् २००९ र २०१० मा महिला थुनुवाको संख्यामा तराईका जनजाति महिलाको प्रतिशत क्रमशः ९.४% र ७.८% रहेको थियो । सन् २००९ मा तराईको २२.८% जनजाति समूहका महिलाले आफूहरूलाई यातना दिइएको दाबी गरे (यद्यपि यो समूहका महिलाको प्रतिशत कुल महिला थुनुवाको संख्याको केवल ९.४% मात्र रहेको छ) र २०१० मा आफूमाथि यातना तथा दुर्व्यवहार भएको दाबी गर्ने २२.२% महिला मधेसी समुदायका थिए (यद्यपि यिनीहरूको संख्या पनि कुल महिला थुनुवाको संख्याको केवल ७.८% मात्र रहेको छ) ।[4]

### *जिल्लागत यातनाका प्रवृत्ति*

काठमाडौंमा गत वर्ष यातनाको प्रतिशत बढेको पाइएको छ । सन् २००७ र २००८ को तुलनामा २००९ मा महिला थुनुवालाई दिइएको यातनामा उल्लेख्य कमी आएको भएता पनि २०१० मा यो स्तर बढेको देखिन्छ । काठमाडौं जिल्लामा सन् २००७ र २००८ मा क्रमश १७.९% र १७.५% महिलामाथि यातना भएको थियो भने २००९ मा यो घटेर ९.६% मा पुगेको थियो र २०१० मा २०.८% महिला बन्दीले आफूहरूमाथि यातना तथा अन्य दुर्व्यवहार भएको दाबी गरेका थिए । यातना पाएका महिलाको यो प्रतिशत द्वन्द्वकालको अन्तिम वर्ष काठमाडौंमा महिलामाथि भएको यातनाको हाराहारीमा पुग्छ । त्यतिबेला अर्थात सन् २००६ मा २०.५% महिलाले आफूमाथि यातना भएको बताएका थिए ।

[4] For an analysis on the basis of caste and ethnic background, see Table 3 in Annex

काठमाडौंमा महिलाविरूद्ध बढेको यातनाका घटना गोप्य थुनास्थलकारूपमा निजी आवासलाई प्रयोग गरिएको भन्ने सूचनासँग संगत रहेको छ । यस्ता "निजी आवास" को अवस्था गोप्य राखिएको र यसबारे कमै मात्र प्रहरीलाई जानकारी रहेको छ । प्रहरीभित्रको स्रोतले सुचना चुहावट हुन नदिन र सञ्चारमाध्यमबाट "अनुसन्धानमा हुने कथित बाधा" लाई रोक्न यस्तो गरिएको भनी दाबीगर्दै यातनाको यस्तो अभ्यासको औचित्य पुष्टि गरेको पाइन्छ । गैरकानुनी रूपमा सञ्चालन गरिएका यस्ता थुनास्थल सबैको चिन्ताका विषय बनेका छन् । त्यस्ता अवैध हिरासतमा राखिएका व्यक्तिको रिहाइबापत प्रहरीले पैसा माग्ने कुरा पीडितले दिएको बयानबाट पुष्टि समेत भइसकेको छ ।[5]

यस्ता "निजी आवास" मा राखिएकामध्ये केही महिला पनि छन् :

> *१४ कार्तिक २०६७ मा चोरी र लागुऔषध तस्करीको अभियोगमा पक्राउ परेपश्चात् हर्मीन रतु लामालाई उनको श्रीमान् र अर्को व्यक्तिसहित ललितपुर जिल्लाको सानेपास्थित एक निजी आवासलगायत अन्य विभिन्न स्थानमा लगेर लगातार यातना दिइयो । हर्मीनलाई भुँईमा सुत्न लगाई एकजना प्रहरीले उनको घुँडामा कुल्चिए, अर्कोले कपाल समाते भने अर्का प्रहरीले उनको खुट्टाको पाइतलामा हिर्काए । उनको हात र खुट्टाका नङबाट रगत आइरहेको थियो । तैपनि उनलाई गाली गर्दै प्रहरी अधिकारीले उनको कपडा च्यातिदिए । पीडाले निज लामा कराइरहेकी थिइन् । आफ्नो श्रीमतीलाई यसरी निर्ममतापूर्वक दिइएको यातना सहन नसकेर हर्मीनका श्रीमान्ले सबै आरोप स्वीकारी जुनसुकै पनि कागजमा हस्ताक्षर गर्न आफू तयार रहेको बताए । त्यसपछि १६ कार्तिक २०६७ मा ती तीनैजनालाई म्याद थपका लागि हिरासत ल्याइयो । उनीहरूलाई तीन दिनसम्म थुनामा राखी यातना दिंदा पक्राउपुर्जी दिइएको थिएन ।*

### *अभियोग*

सन् २००६-२००७ को दौरान सार्वजनिक अपराध, लागुऔषध, हत्या र विना कुनै अभियोग (अर्थात् कुन अभियोग लगाउने भन्ने यकिन नभएर) जस्ता ४ ओटा आम अभियोगमा महिलालाई पक्राउ गर्ने र हिरासतमा राख्ने गरेको पाइएको थियो । समग्रमा यातना पाएका कुल महिलाको संख्यामध्ये लगभग १७.५% उल्लेखित अभियोगअर्न्तगत पक्राउ परेका महिलामाथि यातना हुने गरेको देखिन्छ ।[6]

## २. यातनाका तरिका

गत ३ वर्षका दौरान निम्नलिखित तरिकाद्वारा यातना दिइएको कुरा महिलाहरूले बताए :

- बाँसको लट्ठीले कम्मर, पिठ्युँ, तिघ्रा, काँध, र हातहरूमा हिर्काउने ।

---

[5] Nepal National Weekly Special Report, 19 December 2010, Vol.11. No.18

[6] See Table 4 in Annex for a more detailed analysis of torture on the basis of charge

- प्लाष्टिकको पाइपले पिठ्युँ, नितम्ब, हात र खुट्टाहरूमा हिर्काउने ।
- खुट्टाका पाइतालामा लट्ठी र प्लाष्टिकको पाइपले हिर्काउने र उफ्रन लगाउने ।
- पानी भएको बोतलले हिर्काउने
- गालामा चड्कन लगाउने
- मुक्काले हान्ने (पिठ्युँ, टाउको र अनुहारमा)
- लात्तीले हान्ने (पिठ्युँ, छाती, टाउको र तिघ्रामा)
- सुत्न लगाएर शरीरमाथि कुल्चने
- टाउको ढाकेर पानी खनाउने (waterboarding)
- जगल्ट्याउने
- ज्यान मार्ने धम्की दिने
- हात र घुँडा टेकेर बस्न लगाउने
- अश्लील शब्द प्रयोग गर्ने
- अझ बढी कुट्ने, करेन्ट लगाउने र करणी गर्ने धम्की दिने

महिलालाई दिइने विशेष खालका यातना

- करणी
- लुगा फुकाल्न बाध्य बनाइने
- योनिमा सिस्नु लगाउने धम्की दिने
- संवेदनशील अङ्गहरूमा लट्ठीले हिर्काउने

*गर्भवती महिला वा विशेष स्याहार आवश्यक भएको नाबालकसहित हिरासतमा राखिएको महिलाप्रति गरिने बेवास्ता*

देशभित्रका अधिकांश हिरासतमा गर्भवती महिला वा नाबालकसहित हिरासतमा राखिएका महिलाका लागि हिरासतमा अनुकूल वातावरण सिर्जना गर्ने कुनै विशेष उपाय अवलम्बन नगरिएको ठहर

एड्भोकेसी फोरमको रहेको छ । उदयपुर, कास्की, बर्दिया, झापा, काठमाडौं र रामेछाप जिल्लाका हिरासतले गर्भवती महिलाका लागि अतिरिक्त औषधि वा कपडा प्रदान गरेको भेटिएन । यसका अतिरिक्त अधिकांश परिस्थितिमा गर्भवती वा स्तनपान गराइरहेका महिलालाई न त बच्चाको जन्मपूर्व गरिने स्वास्थ्य जाँच नै गरिएको भेटियो न त उनीहरूलाई पर्याप्त मात्रामा पोषणयुक्त खाना नै दिइएको पाइयो । बैङ्कक नियमावलीले (अधिक जानकारीकोलागि अध्याय ४ हेर्नुहोस्) व्यक्तिगत सरसफाइका सन्दर्भमा हिरासतमा रहेका गर्भवती महिलाका लागि विशेष प्रावधान उल्लेख गरेको छ । उल्लेखित नियमावलीका अनुसार "महिला बन्दीको आवास सुविधाअर्न्तगत उनीहरूको खास सरसफाइको आवश्यकतालाई पूरा गर्ने खालको सामग्रीहरू हुनुपर्ने र महिला तथा बालबालिकाको व्यक्तिगत स्याहारका लागि विशेष गरेर खाना पकाउने समयमा, गर्भावस्थामा, स्तनपान गराउने समयमा वा रजस्वला भएको समयमा नियमितरूपमा पानीको व्यवस्था मिलाइनु पर्नेछ" । यसका अलावा नेपालको अन्तरिम संविधानले समेत महिलाहरूको प्रजनन र प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारलाई प्रत्याभूति गरेको अवस्था छ ।

*११ माघ २०६४ मा आफ्नो श्रीमान् र मालिकबीचको झगडापछि पक्राउ पर्दा १९ वर्षीय रमा सिरिषको पेटमा ९ महिनाको बच्चा थियो । जिल्ला प्रहरी कार्यालयमा पुऱ्याउदा उनलाई अप्ठ्यारो महसुस हुन सुरु भएको थियो । प्रहरीलाई आफू गर्भवती भएको कुरा व्यक्त गर्दा उनीहरूले उल्टै उनलाई बहाना गरेको आरोप लगाए । साँझ उनले खानाको लागि ६० रूपैया तिरे तापनि उसलाई पानी खान दिइएन । अत्यधिक जाडो भएको समयमा त्यहाँ ओढ्नका लागि पर्याप्त कपडा थिएनन् । १२ माघको बिहान उनलाई प्रसव पीडा सुरु हुन लाग्यो । अस्पताल लग्नुको सट्टा उनलाई प्रहरीले हप्काउन थाले र चिकित्सकलाई बोलाउन पनि अस्वीकार गरे । अन्त्यमा रमा पीडाले रन्थनिएपछि मात्र प्रहरीले दुई जना नर्सबोलाइदिए तर ती नर्सले जिप्रकामा रमाको बच्चा निकाल्न अस्वीकार गरेपछि मात्र उसलाई अस्पताल पुऱ्याइयो । तर बच्चा निकाल्न अति ढिलो भइसकेकोले रमाले आफ्नो बच्चा गुमाउनु पऱ्यो ।*

## *महिमा कुसुले*

*चोरीको आरोपमा २६ वर्षीया महिमा कुसुलेलाई ३० आषाढ २०६७ मा पक्राउ गरियो । सोही दिन उनलाई सातदोबाटो प्रहरी कार्यालयमा उनको छिमेकीको घरबाट रु ६०,००० चोरीको आरोपमा पक्राउ परेका दुई व्यक्तिको पहिचान गर्न पठाइयो । त्यहाँ पुगेपश्चात् उनले प्रहरीले दुई जना केटालाई पक्राउ गरेको गरेको देखिन् र त्यसपछि प्रहरीले महिमालाई उक्त व्यक्ति नै दोषी हुन् भनी भन्न बाध्य गराउन कोसिस गरे तापनि उसले सो अस्वीकार गरिन् । त्यसपछि उनलाई धुलिखेल जिप्रका लगियो जहाँ प्रहरीले उनलाई सो रकम आफूले नै चोरेको कुरा स्वीकार गर्न बाध्य बनाउने कोसिस गऱ्यो । तर महिमाले स्वीकार गरिनन् । राति करिब ६ बजे महिमालाई घर ल्याइयो । प्रहरीले उसको घरको खानतलासी गरे तापनि केही पाउन सकेन ।*

*त्यसको अर्को दिन आफूलाई आदेश भएअनुरूप महिमा जिप्रकामा हाजिर भइन् । उनलाई चोरीको आशंकामा थुनामा राखियो । राती करिब ९ बजे दुईजना प्रहरीले "यातना नदिएसम्म अपराधीले अपराध स्वीकार्दैन" भन्दै उनलाई कानुनी शाखामा लगे । त्यहाँ दुईजना सादा पोशाक लगाएका र दुई जना महिला प्रहरी थिए । त्यसपछि जिन्सको कपडाको एउटा टुक्राले उनको हात बाँधी उनको घुँडा र हातको बीचमा बाँसको लठ्ठी घुसारेर खुट्टामाथि गराए । पीडित महिमाका अनुसार उनलाई पिट्ने आदेश प्रहरी सहायक निरीक्षक राजीब के.सी. ले दिएका थिए । प्रहरी हवल्दार निर्मला पोखेलले साबिती बयान लिनका लागि निजलाई फलामको रड हालेको प्लाष्टिकको पाइपले करिब २० मिनेटसम्म खुट्टाको पाइतलामा कुटी । तिनीहरूले महिमालाई बयान नदिएको खण्डमा करेन्ट लगाउने धम्कीसमेत दिए । पीडितका अनुसार सोही महिला प्रहरीकर्मीले पटक पटक उनलाई हात, तिघ्रा र नलीहाडमा त्यही पाइपले हिर्काए । चोरीको आरोप लगाउँदै तिनीहरूले महिमालाई ४ पटक गालामा पनि चड्काए । यातनाको पीडा सहन नसकेपछि उनी रून्थालिन् र त्यसपछि मात्र प्रहरीले उनको हात खोलिदियो । तर त्यसपछि उनलाई करिब १५ मिनेटसम्म कोठाभित्र उफ्रन लगाइयो । खुट्टामा अत्यधिक पीडा भएकोले उनीहरूले आदेशगरेअनुसारले महिमा उफ्रन भने सकिनन् । त्यसपछि ती प्रहरीले अझ पनि अपराध स्वीकार नगरेमा भोलिपल्ट झन् यातना दिने र करेन्ट लगाउने धम्की दिए । त्यसपछि उनीहरूले महिमालाई हिरासतमा नै राखे । रातभर सुत्न नसकी उनी रोइन् । ३१ आषाढ २०६७ मा अर्को दिन बिहान १० बजे जिप्रकामा हाजिर हुने सर्तमा महिमालाई छाडियो ।*

*३२ आषाढ २०६७ मा एड्भोकेसी फोरमले उसको स्वास्थ्य उपचारको प्रबन्ध मिलाइदियो । चिकित्सकले उनको मानसिक असन्तुलन भएको पत्ता लगाएपछि औषधि दिई उनलाई मनोचिकित्सकसँग परामर्शको लागि पठाइयो । १० श्रावण २०६७ मा उनलाई काठमाडौंको अस्पतालमा भर्ना गराइयो ।*

प्रहरी हिरासतमा नियमितरूपमा करणी तथा अन्य यौनजन्य हिंसा हुनेगरेको आशंका गरिन्छ तर केही महिलाले मात्र यसको बारेमा बोलेको पाइन्छ । चैत्र २०६६ मा यस्तै एउटा मुद्दा सञ्चारमाध्यममा आयो । यसमा एकजना भारतीय नागरिक सफिना खातुन संलग्न थिइन् ।

## *सफिना खातुन*

*१८ वर्षीया सफिना खातुनलाई धनुषामा एक प्रहरी सहायक निरीक्षकले करणी गर्‍यो । २०६६ चैत ६ गते सफिना र उनको श्रीमान् विवाह गर्नका लागि भागेर नेपाल आएका थिए । चारजना मान्छेले उनलाई यौनकर्मी भएको आरोप लगाएर राति लगभग ९ बजे प्रहरीकहाँ लगेर बुझाए । उनी र उनका श्रीमान्ले सहायक निरीक्षक बाबुराम झासँग लामो समयसम्म कुरा गरे । अलि पछि झाले श्रीमान्लाई एउटा कोठामा राखेर सफिनालाई चाहिँ आफूले सुत्ने गरेको कोठामा लग्यो । तिमी त मेरी छोरीजस्तै हौ भनी भनी कोठामा पुर्‍यायो । त्यहाँ पुगेपछि उसले सफिनाको सुरूवाल खोल्न थाल्यो । उनी चिच्याउन थालिन् । उसले त्यसपछि उनको मुख सलले थुन्यो अनि दुवै हात खाटमा बाँधिदियो । त्यसपछि उसले उनलाई एक घन्टासम्म करणी गर्‍यो । एक घन्टापछि उसले उनलाई अर्कै लुगा लगाउन दियो र पुरानो कपडा आफैसँग राख्यो । सफिना र उनको श्रीमान्लाई बिहानको ५, ६ बजेतिर रिहा गरियो ।*

*पीडित र उनका श्रीमान्ले रेलवे स्टेसनमा गएर केही केटाहरूलाई करणीको बारेमा बताए र यससम्बन्धी समाचार स्थानीय रेडियोबाट प्रसारित गरियो । प्रहरी चौकीमा हुलदङ्गा भयो अनि भीडले सहायक निरीक्षकलाई कुटपिट गऱ्यो ।*

*पीडितले बाबुराम झाका विरुद्ध जिप्रका धनुषामा जाहेरी दर्ता गरिन् र यो मुद्दा धनुषा जिल्ला अदालत पुग्यो । जिल्ला अदालतले अभियुक्तलाई म्याद थप गऱ्यो र उसलाई सर्लाही जिल्ला कारागारमा पुऱ्याइयो । जिल्ला अदालतको निर्णयउपर उनले पुनरावेदन अदालतमा मुद्दा दर्ता गरे । पुनरावेदन अदालतले जिल्ला अदालतको फैसलालाई सदर गऱ्यो । जिल्ला अदालत तथा पुनरावेदन अदालतको निर्णयउपर झाले गरेको पुनरावेदन सर्वोच्च अदालतमा विचाराधीन छ । सफिना र उनको श्रीमान्ले नेपाल छोडिसकेको आशंका छ ।*

अध्याय - दुई

# द्वन्द्वकालीन समयमा हिरासतमा भएको यातना र यौनजन्य हिंसा

"जनयुद्ध" का दौरान महिलाहरू सुरक्षाफौज र माओवादीद्वारा यातना, करणी र यौन हिंसाको सिकार बनेका थिए । यथेष्ट प्रमाणको अभाव, सामाजिक लाञ्छना लाग्न सक्ने डर र युद्धरत पक्षबाट हुनसक्ने प्रतिशोधको भयले गर्दा द्वन्द्वकालका दौरान महिलाविरूद्धका हिंसाका घटना कमै मात्र सार्वजनिक भएको थियो ।[1]

## १. द्वन्द्वका दौरान महिलाविरुद्ध यातनाका नमुना

सन् २००१ देखि २००६ का अवधिभर एड्भोकेसी फोरमले ४१ ओटा करणीका मुद्दाको अभिलेखीकरण गरेको थियो ।[2] विशेषगरी सैनिक ब्यारेकहरूमा थुनामा राखिएका पीडितसम्मको पहुँचमा सामना गर्नुपर्ने विभिन्न कठिनाइ र अवरोधका कारण यस्ता प्रकृतिको कुल मुद्दाको लगभग १०% मात्र अभिलेखीकरण गर्नसकेको एड्भोकेसी फोरमको अनुमान रहेको छ ।[3]

### *सुरक्षाफौजद्वारा दिइने यातना*

द्वन्द्वको अन्तिम वर्षका दौरान एड्भोकेसी फोरमले गरेको एक अध्ययनअनुसार तत्कालीन शाही नेपाली सेना (हाल नेपाली सेना) ले सामान्यतः प्रयोगमा ल्याएको यातनाका केही तरिकामध्ये लामो समयसम्म

---

[1] "While other conflict-related human rights violations, such as enforced disappearances, killings and torture, were widely reported and fairly systematically documented, the issue of sexual violence has been largely ignored by national and international organizations as well as national institutions such as the National Human Rights Commission". Advocacy Forum and the International Center for Transitional Justice, "Across the Lines: the Impact of Nepal's Conflict on Women", p. 45.

[2] Advocacy Forum, "Sharing experiences of Torture Survivors", p. 2, 26 June 2006, http://www.advocacyforum.org/downloads/pdf/sharing-experiences-of-torture-survivors.pdf

[3] Advocacy Forum, "Torture still continues, A brief report on the Practice of Torture in Nepal" 26 June 2007, http://www.advocacyforum.org/downloads/pdf/publications/26-June-publication.pdf

आँखामा पट्टी बाँध्ने, करेन्ट लगाउने, नाक र मुखमा पानी खन्याई सास फेर्न गाह्रो बनाउने, पीडितलाई टाउको तल खुट्टा माथि बनाइ झुण्ड्याउने, करणी र यौनजन्य दुर्व्यवहार गर्ने, नङमा काँटी घोप्ने, जिउँदै गाड्ने, पीडितलाई अप्ठ्यारो तरिकाले बस्न बाध्य बनाउने, हात खुट्टालाई लट्ठीमा बाँधेर पीडितको शरीरलाई चारैतिर पल्ट्याउने, जथाभावी कुट्ने, झुण्ड्याएर मारेको जस्तो स्थितिमा राख्ने र मार्ने धम्की दिने प्रमुख थिए ।[4]

सन् २००१ देखि २००६ का अवधिभर अनुगमन गरिएका हिरासतका सम्पूर्ण बन्दीमध्ये ३४.८% ले आफूलाई प्रहरीले यातना दिएको बताए । द्वन्द्वको समाप्तिको अन्तिम वर्ष हिरासतमा प्रहरीले प्रयोगमा ल्याएको यातनाका तरिकामा खुट्टाका पैतालामा प्लाष्टिकको पाइपले हिर्काउने, तिघ्राका मांसपेशी बटार्ने र जथाभावी कुट्ने पर्दथे ।

### *विष्णुमाया तामाङ (सभासद)*

*विष्णुमाया तामाङ (नाम परिवर्तन) र उनका श्रीमान् दुवैजना माओवादी समर्थक थिए । २०५५ मा उनका श्रीमान् मारिए । २०५८ पुस १५ गते उनलाई अन्य दुई साथीसहित सेनाले पक्राउ गऱ्यो र पोखराको फूलबारीस्थित सैनिक ब्यारेकमा थुनेर राख्यो । तिनीहरू ब्यारेकमा आइपुग्नेवित्तिकै सैनिकहरूको एक समूहले उनीहरूलाई चुट्न थाल्यो । सैनिकहरूले उनीहरूलाई लात्ताले भकुर्ने अनि हातले ठटाउने गर्दा विष्णुमाया भुँइमा लडिन् र केही समयका लागि बेहोस भइन् । उच्च ओहदाका सैनिकहरू आएर उनलाई फलामले बारेको बुटले भकुरे । तिनीहरूले उनी भुँइमा हुँदा उनको तिघ्रालाई कुल्चिए । फलामको रड कोचेको प्लास्टिकको पाइप तथा बन्दुकको कुन्दाले उनको हातैभरि उनीहरूले ठटाए ।*

*उनी र उनका साथीलाई त्यहाँ २६ दिनसम्म राखियो । त्यो अवधिमा उनलाई दिनदिनै चुटिन्थ्यो, दिनको तीनचोटि उनी बेहोस नहुन्जेलसम्म उनलाई पिटिन्थ्यो । यातनाका बखत उनलाई कहिलेकाहीँ आँखामा कालोपट्टि बाँध्ने अनि हतकडी लगाउने गरिन्थ्यो । एक दिन सबै महिलालाई लुगा खोलेर भुँइमा घोप्टिन लगाइयो । त्यसपछि केही सैनिक अधिकृतले उनीहरूको पूरै शरीरमा पाँच/छ चोटि सिस्नो दले । उनको छोरालाई समेत पक्रेर त्यही ब्यारेकमा राखिएको थियो । यातना पाउँदा छोरोले चिच्याएको उनी सुन्थिन् । सैनिकहरू उनीकहाँ बारम्बार आएर तेरो छोरोलाई मारिदिन्छौं भन्थे । यातना दिँदा उनीहरूले उनलाई सोधपुछसमेत गर्दथे । हतियार कहाँ लुकाएर राखेकी छेस्, तेरा माओवादी साथीहरू कहाँ छन् भनी सोध्दथे । मलाई केही थाहा छैन भनी उनले बारम्बार भने पनि उनीहरू तिनको कुरा सुनेको नसुन्यै गर्दथे ।*

*त्यसपछि उनीहरूलाई इलाका प्रहरी कार्यालय बाओगोआर लगियो अनि त्यसपछि कास्की जिल्ला कारागार पुऱ्याइयो । उनको छोरा र उसको साथीलाई सैनिकहरूले हिरासतमै गोली हाने । त्यो केटी साथी चाहिँ मरी तर विष्णुमायाको छोरो भने बाँच्न सफल भयो ।*

[4] Ibid.

*उनको एकजना नातेदारले पुनरावेदन अदालत कास्कीमा बन्दीप्रत्यक्षीकरणको रिट हालेपछि उनलाई २०६२ जेठ ६ गते रिहा गरियो । उनलाई रिहा गर्नेवित्तिकै नवलपरासीमा संयुक्त सुरक्षाफौजले पुनः गिरफ्तार गर्‍यो । तिनीहरूले उनलाई एउटा कोठामा राखे र फुटबल हिर्काएजस्तो गरी लात्ताले हाने । उनलाई दुई अन्य महिला तथा दुई पुरुषका साथ थुनिएको थियो । सुरक्षाफौजले थुनुवाहरूलाई चर्को घाममा गोलीले भरिएको झोला बोक्न लगाए । उनीहरूलाई खासै केही खान दिँइदैनथियो तर बेस्सरी काम गर्न लगाइन्थ्यो । झोला बोक्दा विष्णुमायालाई तिनीहरूले लात्ताले हान्थे । एक रात ती पाँचैजनालाई बाख्रा राख्ने सानो खोरमा थुनियो र केही खान दिइएन । उनी अति थाकेकी र भोकाएकी हुनाले काम गर्न असमर्थ थिइन् । एउटा सैनिकलाई त्यसो भन्दा उसले कसैलाई फोन गरेर भन्यो, "यहाँ एउटी आइमाइ काम गर्दिनँ भन्छे ।" अर्को दिन उनीहरू सबैलाई आँखामा कालोपट्टि बाँधेर हेलिकप्टरमा राखेर रूपन्देहीको रामनगर सैनिक ब्यारेक पुर्‍याइयो । उनीहरूलाई त्यहाँ १९ दिन राखियो अनि जिल्ला प्रहरी कार्यालय रूपन्देही लगियो । दुई महिला थुनुवाले लुगा फेर्नसमेत पाएका थिएनन् । प्रहरी अधिकृतहरूले तिनीहरूमाथि शाब्दिक दुर्व्यवहार गरिरहन्थे । "जा खाना खाएर आ अनि हामीसँग सुत्" भन्थे । एक साँझ उनीहरूले नुहाइरहँदा तथा लुगा धोइरहँदा प्रहरी अधिकृतहरू आएर भने, "अब हामी तिमीहरूलाई मारिदिन्छौं ।" त्यसपछि तिनीहरूले उनीहरूलाई भित्र लगे तर गर्नचाहिँ केही गरेनन् । कैयौं महिनापछि उनलाई रिहा गरियो तर लगत्तै फेरि पक्राउ गरियो । त्यसपछि फेरि जिप्रका लगियो अनि कपिलवस्तुस्थित कारागार पुर्‍याइयो । त्यहाँ उनलाई थप चार महिना थुनियो । अन्ततोगत्वा २०६३ जेठ २ गते उनलाई रिहा गरियो ।*[5]

## माओवादीद्वारा दिइने यातना

सन् २००१ देखि २००६ को अवधिभर एड्भोकेसी फोरमले माओवादीद्वारा गरेका ६४ ओटा यातना र ४ ओटा करणीका मुद्दाको अभिलेखीकरण गरेको छ । यी घटना विशेषगरी नेपाली सैनिकका श्रीमती र परिवारप्रतिलक्षित थिए ।[6] द्वन्द्वको अन्तिम वर्षका दौरान माओवादीले भारी वस्तुले प्रहार गरी खुट्टा तथा हड्डी भाँच्ने जस्ता यातनाका तरिका प्रयोग गरेका थिए ।

## कोपिला सुनार

*अड्तीस वर्षीया कोपिला सुनार (नाम परिवर्तन) लाई माओवादीहरूले २०६२ भदौ १७ गते अपहरण गरे र दुई वर्षभन्दा बढी आफूसँग राखेपछि २०६४ मंसिर २८ गते रिहा गरे ।*

*२०६२ भदौ १७ गते बेलुकी पौने ६ बजेतिर तीनजना माओवादी कोपिलाको घर आएर भने, हिँड्नुस् हामीसँग । तपाइँसित तपाइँको काकाको मृत्युको बारेमा केही सोध्नु छ । कोपिला उनीहरूसँग गइन् र तिनीहरूले उनलाई रातभरि राखे । अर्को रात ९ बजे एउटा कोठामा थुनेर ढकाल र घुरही*

[5] Interview with Bishnu Maya Tamang, CA Member, Kathmandu, 1 June 2011]

[6] Advocacy Forum and the International Center for Transitional Justice, "Across the Lines: the Impact of Nepal's Conflict on Women".

*दुईजनाले उनलाई सोधपुछ गरे । उनले आफू निर्दोष भएको भनी बारम्बार भने पनि तिनीहरूले उनलाई कोठामा रहेको खाटमा पल्टन लगाई ढाडमा लट्ठीले हिर्काउँदै सोधपुछ गरिरहे । यातना दिने क्रममा लट्ठी नै भाँचियो र उनीहरूले नयाँ नयाँ लट्ठी ल्याउँदै पिटिरहे । तिनीहरूले उनलाई दुई घन्टासम्म यातना दिँदै सोधपुछ गरिरहे । ढकालले भन्यो, "तेरो लोग्ने घरमा छैन । तेरो काकाले तँलाई गाउँका गुन्डासँग सुत्न लगाउँछ । त्यसैले तैँले आफ्नो नाठोसँग मिलेर काकालाई मार्न लगाएकी हुनुपर्छ । अब घुरही तँसँग सुत्छ ।" कोपिलाका नातेदार उनलाई भेट्न आउँदा माओवादीहरूले उनीहरूलाई लट्ठी दिएर उनलाई पिट्न लगाए तर उनीहरूले यसो गर्न मानेनन् । ढकाल उनीहरूसँग रिसायो र एउटो नातेदारको ढाडमा त्यही लट्ठीले बजायो । माओवादीहरूले कोपिलालाई खाटमा घोप्टो पारेर सुत्न लगाए र एउटा भाँचिएको लट्ठी दुवै गोडाको बीचमा घुसारेर गोडा फट्याउन लगाए । त्यसपछि तिनीहरूले उनको गोडामा टेकेर आधा घन्टासम्म उनलाई हत्याको बारेमा सोधपुछ गरिरहे ।*

*उनलाई त्यसपछि रिहा गरियो र उनी घर गइन् । केही समयपछि ठिटाहरू उनको घरमा आए र हामीसँग जाऔँ भने । उनका चारजना बालबच्चा पनि पछिपछि लागे । उनका बालबच्चालाई अन्तै लगेर उनलाई चाहिँ एउटा कोठामा लगियो । माओवादीका सुशीला, किरण, घुरही र अरू दुईजना नचिनेका केटीले उनलाई उत्तानो परेर पल्टिन लगाए । तिनीहरूले उनका गोडालाई काठको मुढामा राख्न लगाए तिनीहरूमध्ये चारजनाले मुढालाई उनको नलीखुट्टामा गुडाए । सुशीला उनको छातीमा चढी र अरूले उनलाई फलामको रडले हत्केला तथा पाइतालामा हिर्काए अनि प्रश्न सोधिरहे । म निर्दोष छु भनेर उनले चिच्याइरहे पनि तिनीहरूले उनलाई पिट्ने र प्रश्न सोध्ने गरिरहे । यातना डेढदेखि दुई घन्टासम्म चलिरह्यो । उनी पानी पानी भनेर कराइरहिन् तर उनीहरूले पानी दिँदै दिएनन् । प्यासैले मरिन्छ कि भन्ने उनलाई लागिरह्यो ।*

*तेस्रो दिनमा (भदौ २० गते) तिनै माओवादीले फेरि उनको गोडामाथि मुढा गुडाए । तिनीहरूले उनको शरीरका विभिन्न भागमा फलामको रड र लट्ठीले हिर्काइरहे । यस क्रममा तिनीहरूले उनलाई दुई साढे दुई घन्टासम्म यातना दिइरहे । निर्मम यातनाको कारणले उनी बेहोस भइन् । पछि उठ्दा पो उनले थाहा पाइन्, माओवादीहरूले उनको घाउमा नुन खुर्सानी छरेका रहेछन् । भदौ २४ गते उनलाई ठूलो ज्वरो आयो र उनको देब्रे खुट्टाको घाउबाट रगत र पिप निस्कियो । उनलाई घरभुडियाको एउटा घरमा २०, २२ दिनसम्म राखियो । उनलाई गार्ड गरी बसेका माओवादी केटीहरूले एउटा साबितीमा हस्ताक्षर गर्न लगाए र पछि उनलाई श्रमकैदमा पठाइयो ।*

*अर्को दिन उनलाई शिवगढी गाविसको बनियाँभार पुऱ्याइयो । माओवादीहरूले उनलाई एउटा हँसिया दिएर भने, "काम गर् । काम नगरे माम पाइन्न ।" उनले धान काट्नुपर्थ्यो र माओवादीलाई पानी दिनुपर्थ्यो । सेनाको आक्रमणबाट भाग्ने क्रममा उनलाई माओवादीले जंगल पुऱ्याउँथे । त्यसपछि उनलाई तिनीहरूले एउटा घरमा पुऱ्याए । त्यहाँ उनले ६ महिनासम्म काम गरिन् र अन्ततोगत्वा उनलाई बिजगौरीस्थित माओवादीको शिविरमा लगभग डेढ वर्ष राखियो ।*

*२०६४ मंसिर २८ गते उनलाई रिहा गरियो । २०६४ फागुन २५ गते केही माओवादीले उनलाई उनको यार्लिङ र नाडिघडी लिएबापत रु ७,००० क्षतिपूर्ति दिए । उनले कतै गएर पनि उजुरी गरेकी छैनन् र सरकार वा अन्य कुनै संस्थाबाट कुनै किसिमको क्षतिपूर्ति वा सहयोग पाएकी छैनन् ।*

## *करणी तथा यौनजन्य हिंसा*

जनयुद्धका दौरान द्वन्द्वरत पक्षले सूचना प्राप्त गर्न, आतंकित पार्न र सजाय दिनका लागि महिलाविरुद्ध यातना, करणी र यौनजन्य हिंसालाई रणनैतिक साधनका रूपमा प्रयोग गरेका थिए ।[7] सन् २००१ देखि २००६ को अवधिभर सुरक्षाफौज र माओवादीले घटाएका ४१ ओटा करणीको घटनाको अभिलेखीकरण एड्भोकेसी फोरमले गरेको छ ।[8]

द्वन्द्वकालमा यौनजन्य हिंसा व्यापकरूपमा सन् २००१ नोभेम्बर मा सेना परिचालनपश्चात् तत्कालीन शाही नेपाली सेनाबाट र सन् २००३ र २००६ को बीचमा प्रहरी र तत्कालीन शाही नेपाली सेनाअन्तर्गतको संयुक्त सुरक्षाफौजद्वारा भएको कुरा एड्भोकेसी फोरमले विगतमा गरेको एक अध्ययनले पुष्टि गर्दछ ।[9] त्यतिबेला माओवादीलाई समर्थन गरेका शंकास्पद महिलालाई यातना दिनका लागि करणी र यौनजन्य हिंसाको व्यापक प्रयोग गरिएको थियो । एड्भोकेसी फोरमले जुलाइ २००१ देखि अप्रिल २००६ सम्म तत्कालीन शाही नेपाली सेनाद्वारा घटाइएको २५, माओवादीद्वारा ४ र नेपाल प्रहरी र सशस्त्र प्रहरीद्वारा घटाइएको १२ ओटा करणीका घटनाको अभिलेखीकरण गरेको छ । एड्भोकेसी फोरमले जम्माजम्मी ९६ ओटा करणीका घटनाहरूको अभिलेखीकरण गरेको छ ।

> *सन् २००५ मा शाही नेपाली सेनाले मलाई मेरै घरबाट चौथो पटक पक्राउ गरे । पहिला उनीहरूले मलाई बरमभिया शिविरमा लगे र त्यसपछि अन्य शिविरहरूमा लगे जसको नाम मलाई थाहा छैन किनकि मलाई जत्तिबेला पनि आँखामा पट्टी बाँधी हथकडी लगाइएको हुन्थ्यो । म बोलेको बेला तिनीहरूले मलाई लट्ठी र फलामको रडले हिर्काउँथे । मलाई अनुहार र स्तन तथा यौनाङ्गजस्ता संवेदनशील भागमा मुक्का र लात्तीले हान्ने गरिन्थ्यो । उनीहरूले मेरो नङमा पिन घुसार्ने र मलाई गाली गर्ने पनि गर्दथे । खानका लागि मलाई थोरै भात र खुर्सानी दिन्थे र सुत्नको लागि चिसो, बलौटे कोठामा राख्थे जहाँ धेरै लामखुट्टे थिए ।*
>
> *राति करिब १२ बजे उनीहरू कोठामा आएर मलाई करणी गर्दथे । कहिलेकाहीँ उनीहरू १०, १२ वा १५ को समूहमा आउने गर्थे । मेरो हात र खुट्टाको फलामे साङ्लो खोली मलाई निर्वस्त्र बनाई मलाई पालैपालो करणी गर्थे । मैले उनीहरूलाई चिन्न नसकूँ भनेर उनीहरूले मेरो आँखाको पट्टी भने कमै मात्र खोल्थे । बिहानमात्र उनीहरूले मेरो कपडा ल्याइदिन्थे । मलाई उनीहरूले त्यसरी कति दिनसम्म करणी गरे मलाई थाहा नै छैन । त्यसरी करणी गरेको कारण योनिबाट रगत बग्ने समस्याबाट म पीडित छु । मेरो योनिबाट कहिलेकाहीँ दिनहुँ र कहिलेकाहीँ महिनाको ४ देखि ६ पटकसम्म रगत बग्ने गर्दछ । मेरो शरीर, आँखा, टाउको र हात खुट्टाहरू अझै निको हुनसकेको छैन ।*[10]

---

[7] Advocacy Forum, "Sharing experiences of Torture Survivors", 26 June 2006.

[8] Advocacy Forum and the International Center for Transitional Justice, "Across the Lines: the Impact of Nepal's Conflict on Women", p. 49.

[9] Advocacy Forum and the International Center for Transitional Justice, "Across the Lines: the Impact of Nepal's Conflict on Women", p. 47.

[10] Advocacy Forum and the International Center for Transitional Justice, "Across the Lines: the Impact of Nepal's Conflict on Women", p. 52.

## *यौनजन्य हिंसा*

द्वन्द्वको दौरान स्वेच्छाचारी थुना र यातनाका घटनालाई थुप्रै मानवअधिकार संघसंस्थाले राम्ररी अभिलेखीकरण गरेका भए तापनि सुरक्षाफौजद्वारा महिला बन्दीमाथि भएको यौनजन्य हिंसा र उत्पीडनको भने खासै अभिलेखीकरण गरेका छैनन् । यद्यपि यस विषयमा गरिएको अनुसन्धानले द्वन्द्वका दौरान महिला र बालिकाउपर उल्लेख्य मात्रामा यौनजन्य यातना भएको कुरा इङ्गित गर्दछ । एड्भोकेसी फोरमले यस दौरानमा सुरक्षाफौजद्वारा महिलामाथि भएको सामूहिक करणी वा एउटै महिलामाथि पटक पटक गरिएको करणीका जस्ता मुद्दाको अभिलेखीकरण गरेको छ ।

तत्कालीन शाही नेपाली सेना र प्रहरीले महिलाको योनिमा बन्दुक वा लट्ठी जस्ता वस्तु घुसार्ने, बुट लगाएर उनीहरूको शरीरमाथि कुल्चने, स्तन र जनेनन्द्रियजस्ता संवेदनशील अङ्गहरूमा हिर्काउने वा त्यस्ता अङ्गमा करेन्ट लगाउने, आँखामा पट्टी बाँधेर हात खुट्टा बाँधी करणी गर्ने, निर्वस्त्र हुन बाध्य गराउने, अश्लील शब्दको प्रयोग गर्ने र यौन शोषणको धम्की दिने जस्ता यातना विधि अपनाएका थिए ।[11]

> *सन् २००१ मा सेनाले यातना दिएको बखत सारिका पोखेल (नाम परिवर्तन गरिएको) १७ वर्षकी थिइन् । संयुक्त सुरक्षाफौजको गस्ती बर्दिया जिल्लाको सोनाहा गाउँमा खोजतलासको दौरान आयो । तत्कालीन शाही नेपाली सेनाका ३ ओटा सुरक्षाकर्मी उनको घरमा आइपुगे र तीमध्ये दुईजना घरभित्र छिरे । ती सुरक्षाकर्मीलाई देखेपछि र तिनीहरूले उनलाई के गर्ने हो भन्ने सम्झी उनी डराइन् । ती सैनिकले सारिकालाई कतै उसले माओवादीहरूलाई खाना र बस्न त दिएको छैन भनी सोधे । उनले अस्वीकार गरेपछि एकजना सिपाहीले उसको गालामा हान्यो । उनले आफ्नो कान दुखेको महसुस गरिन् । केहीबेरसम्म उनले केही पनि सुन्न सकिनन् र अब तिनीहरूले उनलाई मार्छन् भन्ने सोच आयो । आफूले भरखरै सुत्केरी भएकोले उनीहरूलाई त्यहाँबाट जान आग्रह गरिन् । उनी डरले कामेकी पनि थिइन् । केही पनि बोल्न नसकी उनी नचलिकन उभिएकी थिइन् । एकजना सिपाहीले उनलाई आफ्नो चोलो खोल्न आदेश दियो । उनी केही नबोली नचली उभिरहिन् । आफुले भनेअनुसार नगरे मार्ने धम्की दिए । डराई डराई उनले आफ्नो कपडाको टाँक खोल्न थालिन् । एकजनाले उनलाई निर्वस्त्र हुन लगायो । त्यसपछि एकजना सिपाही उनको नजिक आएर उनका संवेदनशील अङ्गहरू नियालेर गयो । त्यो सिपाहीले आफूलाई करणी गर्छ भन्ने उनले सोचिन् । त्यसपछि उनीहरू बाहिर आए र उसलाई पनि बाहिर बोलाएर त्यही प्रश्न सोधे तर उनले फेरि पनि अस्वीकार गरिन् । तिनीहरूले उनलाई माओवादीलाई समर्थन नगर्न चेतावनी दिए र समर्थन गरेको पाइएमा मार्ने धम्की दिए । यस घटनापश्चात् उनको मनमा लामो समयसम्म डर रहिरह्यो र सेनालाई देख्नेबित्तिकै उनी डराउँथिन् ।*[12]

[11] Ibid.

[12] Advocacy Forum, "Sharing Experiences of Torture Survivors", p. 9.

## २. द्वन्द्वका दौरान भएका मानवअधिकार उल्लंघनका घटनाउपर छानबिन र अभियोजन गर्ने राज्यको दायित्व

यातनाविरूद्धको महासन्धिको धारा २ र नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ७ ले सशस्त्र द्वन्द्वलगायत जुनसुकै परिस्थितिमा पनि यातनालाई पूर्णरूपमा प्रतिबन्ध गरेका छन् । यसका अलावा[13] नेपाल पक्ष रहेको जेनेभा महासन्धिमा द्वन्द्वको दौरान थुनामा रहेका महिलालाई आवश्यक सुरक्षात्मक उपाय अवलम्बन गर्ने कुरा उल्लेख गरिएको छ ।

### *न्याय प्राप्तिका लागि द्वन्द्वपीडितले सामना गर्नुपर्ने अवरोध*

*न्याय कसरी प्राप्त गर्ने भन्नेबारे सूचना प्रदान गर्न असफल हुनु*

द्वन्द्वका दौरान न्याय कसरी पाउने भन्नेबारे सूचनाको कमी नै पीडितका लागि न्याय प्राप्तिको बाटोमा एक प्रमुख तगारोका रूपमा देखापरेको थियो । कानुनी उपचार प्राप्त गर्ने सम्बन्धमा नेपाली महिला अनभिज्ञ थिए । डाक्टरी जाँचको प्रमाणपत्र वा घाउ चोटको तस्बिरजस्ता प्रमाण सुरक्षित नराखेका पीडितका लागि क्षतिपूर्ति पाउन र उजुरी दर्ता गर्न विशेषरूपले कठिन हुने गर्दथ्यो ।[14]

*द्वन्द्वका दौरान परिपूरण प्राप्त गर्न केही विशेष अवरोध*

द्वन्द्वका दौरान महिला तथा पुरूषहरूले भोग्नु परेको प्रमुख अवरोधमध्ये सम्पर्कविहीन थुना पनि एक थियो । यस विषयमा विशेष प्रतिवेदकले गहिरो चिन्ता प्रकट गर्दै सुरक्षाफौजले धेरै व्यक्तिलाई अज्ञात स्थानमा सम्पर्कविहीन अवस्थामा थुनामा राखेको कुरा बताएकाथिए ।[15] बन्दीहरूलाई कुन हिरासतमा राखिएको हो भन्ने बारे लिखित प्रमाणको अभावले पीडकहरूले सजिलै जवाफदेहिताबाट उम्कन सक्ने बनाएको छ भने पीडितलाई क्षतिपूर्ति प्राप्त गर्नबाट वञ्चित गरेको छ ।

> *मैना तामाङ्लाई वडा प्रहरी चौकी बौद्धका प्रहरीले २२ कार्तिक २०६१ मा पक्राउ गरेको थियो । पक्राउपश्चात् उनलाई गैरकानुनीरूपमा २ दिनसम्म वडा प्रहरी चौकीमा थुनामा राखी कठोर यातना दिइयो । २४ कार्तिक २०६१ मा तामाङ्लाई कालीमाटीस्थित महिला बन्दीगृहमा स्थानान्तरण गरियो जहाँ उनलाई फेरि यातना दिइयो । २६ कार्तिक २०६१ मा प्रहरीले निजलाई त्यही दिन पक्राउ गरेको*

---

[13]Both of which have been ratified by Nepal.

[14] Advocacy Forum and the International Center for Transitional Justice, "Across the Lines: the Impact of Nepal's Conflict on Women", p. 79.

[15] Report by the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Manfred Nowak, E/CN.4/2006/6/Add.5, 9 January 2006.

*भन्ने विवरण उल्लेख गरेको पत्र तयार गरी काठमाडौं जिल्ला अदालतसमक्ष म्याद थपका लागि पेश गऱ्यो । १२ पौष २०६१ मा यातना क्षतिपूर्तिको माग राख्दै एड्भोकेसी फोरमले निज तामाङ्को तर्फबाट मुद्दा दर्ता गऱ्यो । उसको मुद्दालाई जिल्ला अदालत र पुनरावेदन अदालतले निज तामाङ्ले आफूले यातना पाएको भनी दाबी गरेको समयमा हिरासतमा रहेको भन्ने प्रमाणित नभएकोले खारेज गरिदियो ।*[16]

*सम्बन्धित अधिकारीबाट सहयोगको अभाव*

द्वन्द्वका दौरन र द्वन्द्वपश्चात् मानवअधिकार उल्लंघनका उजुरीउपर छानबिन सुरु गर्ने विषयमा सम्बन्धित अधिकारीहरू अत्यन्त उदासीन रहेका छन् । प्रहरीले बारम्बार जाहेरी दर्ता गर्न अस्वीकार गरेको र सर्वोच्च अदालतले मुद्दाउपर छानबिन गर्नु भनी दिएको आदेशको पनि पालना नगरेको थुप्रै दृष्टान्त रहेका छन् ।

पीडित सरला सापकोटाका बुवा र मानव अधिकारवादी संघसंस्थाको अथक प्रयास[17] र सर्वोच्च अदालतले मुद्दाउपर छानबिन गर्नु भनी दिएको आदेशका बाबजुद पीडित सरलाको मुद्दामा हालसम्म कुनै अनुसन्धान भएको छैन ।

*सरला सापकोटालाई ३१ आषाढ २०६१ मा राति करिब ११ बजे १२ जना हतियारधारी सैनिकको एक समूहले निजको हजुरबुवाको घरबाट पक्राउ गऱ्यो । सरलालाई पक्राउ गरेको देख्ने उनको परिवारका अनुसार सैनिकले सरलालाई पक्राउ गरेको कुनै कारण दिएन । सरला पक्राउ परेपछि उनको परिवार धादिङस्थित बैरेनी ब्यारेक र जिल्ला प्रहरी कार्यालय पुगे तर सबै अधिकारीले उसलाई पक्राउ गरेको र थुनामा राखेको कुरा अस्वीकार गरेपश्चात् सरलाको बाबुले ११ श्रावण २०६१ मा "बेपत्ता" पारिएको सरलाको छानबिन गर्नका लागि राष्ट्रिय मानवअधिकार आयोगमा निवेदन दर्ता गरे । १६ महिनासम्म परिवारले सरलाको बारेमा कुनै सूचना पाएनन् । २७ पौष २०६२ मा विधिविज्ञानवेत्ता समेत रहेको आयोगको एक टोलीले सरलाको शवलाई उनकै गाउँ नजिकको एक स्थानबाट उत्खनन गऱ्यो । सरलाका बुवाले शवको साथमा भेटिएको कपडा र चप्पल आफ्नै छोरीको भएको कुरा पुष्टि गरे ।*

यस मुद्दाका सन्दर्भमा प्रहरीले १४ आषाढ २०६३ मा जाहेरी दर्ता गरेको भए तापनि कुनै गम्भीर अनुसन्धान भने भएको छैन । १६ कार्तिक २०६४ मा सरलाका बुवा भक्तबहादुर सापकोटाले जिल्ला प्रहरी कार्यालय धादिङ र सरकारी वकिल कार्यालयलाई अनुसन्धान अगाडि बढाउन सर्वोच्च अलादतको

[16] Advocacy Forum, "Sharing experiences of Torture Survivors", 26 June 2006, p. 5.

[17] Human Rights Watch and Advocacy Forum, "Waiting for Justice, Unpunished Crimes from Nepal's Armed Conflict", September 2008, p. 70.

आदेशका लागि अनुरोध राख्दै उनीहरूका विरूद्ध निवेदन दर्ता गरे । परमादेशको निवेदन माथिको सुनुवाइलाई लगातार स्थगित गरियो । शीघ्र प्रहरी अनुसन्धानको माग राखी पेश गरिएको उक्त निवेदनउपर अदालतबाट कुनै सुनुवाइ हुन सकेन । २०६७ वैशाखमा सर्वोच्च अदालतले जिप्रका धादिङलाई उक्त मुद्दाउपर छानबिन गर्नु भनी आदेश जारी गरेको भए तापनि अदालतको उक्त आदेशलाई प्रहरीले कार्यान्वयन गरेको छैन ।[18]

## *संक्रमणकालीन न्यायको लैंगिक आयाम*

*संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनका सन्दर्भमा नेपालको राष्ट्रिय कार्ययोजना*

संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनमा आधारित रही ५ फाल्गुण २०६७ मा नेपाल सरकारले महिला, शान्ति र सुरक्षाको राष्ट्रिय कार्ययोजना जारी गरेको घोषणा गऱ्यो ।[19] परिषद्का यी दुवै प्रस्ताव महिलाविरूद्ध हुने हिंसामा केन्द्रित रहेका छन् । परिषद्को प्रस्ताव नं. १३२५[20] ले शान्ति स्थापना र सुरक्षामा महिलाको सहभागिताको कुरा समावेश गर्नुका साथै महिला तथा बालिकाको सुरक्षासँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनको सम्मान र कार्यान्वयन गर्न पक्षराष्ट्रलाई आह्वान पनि गर्दछ (थप जानकारीको लागि अध्याय ५ हेर्नुहोला) । यसका अतिरिक्त यस प्रस्तावले सशस्त्र द्वन्द्वमा परेका महिलाको सुरक्षाका लागि विशेष उपाय अवलम्बन गर्न सम्पूर्ण कर्ताहरूलाई आह्वान गर्दै "दण्डहीनताको अन्त्य र नरसंहार, मानवताविरोधी अपराध र महिला तथा बालिकाविरूद्ध हुने यौनजन्य तथा अन्य हिंसालगायतका सम्पूर्ण युद्ध अपराधका दोषीउपर कारबाही गर्न" सबै राष्ट्र जिम्मेवार हुनुपर्नेमा जोड दिएको छ ।[21] परिषद्को प्रस्ताव नं. १८२०[22] विशेषरूपले यौनजन्य हिंसामा केन्द्रित रहेको छ । यो प्रस्तावले "नियतवश आम नागरिकप्रति लक्षित हुनेगरी युद्धको साधनको रूपमा वा सर्वसाधारणविरूद्ध व्यापक वा सुनियोजित रूपमा आक्रमण गर्न यौनजन्य हिंसाको प्रयोग गरिएको अवस्थामा यसले सशस्त्र द्वन्द्वको स्थितिलाई झन् चर्काउने र अन्तर्राष्ट्रिय शान्ति एवं सुरक्षा स्थापनामा खलल पैदा गर्नसक्दछ" भन्ने कुरामा जोड दिएको छ ।[23] यस प्रस्तावले सम्पूर्ण पक्षराष्ट्रलाई "माथि उल्लेखित कसुरमा जिम्मेवार व्यक्तिको अभियोजन गर्ने आफ्नो दायित्वप्रति कटिबद्ध रहन र यौनजन्य हिंसाका पीडित महिला तथा बालिकाको कानुनी रूपले समान संरक्षण भएको, न्यायमा समान पहुँच भएको कुराको सुनिश्चित गर्दै दिगो शान्ति, न्याय, सत्य तथा राष्ट्रिय मेलमिलापको बृहत् दृष्टिकोणका लागि त्यस्ता कार्यमा हुने दण्डहीनताको अन्त्य हुनुपर्ने" कुरामा जोड दिएको छ ।[24]

---

[18] TejshreeThapa, "Human Rights Fantasy in Geneva", The Kathmandu Post , 16 February 2011, http://www.ekantipur.com/the-kathmandu-post/2011/02/16/oped/human-rights-fantasy-in-geneva/218520.html

[19] National Action Plan on Implementation of the United Nations Security Council Resolution 1325 & 1820, Government of Nepal, Ministry of Peace and Reconstruction Singhadurbar, Kathmandu, 1February 2011.

[20] Resolution 1325 (2000), Adopted by the Security Council at its 4213th meeting, on 31 October 2000, S/RES/1325.

[21] Ibid, para. 11.

[22] Resolution 1820 (2008), Adopted by the Security Council at its 5916th meeting, on 19 June 2008, S/RES/182.

[23] Ibid para. 1.

[24] Ibid para. 4.

परिषद्‌को दुवै प्रस्तावको कार्यान्वयनका लागि तयार पारिएको नेपालको राष्ट्रिय कार्ययोजना ५ ओटा लक्षित क्षेत्र (सहभागिता, संरक्षण तथा प्रतिबन्ध, प्रवर्धन, राहत तथा सुधार र स्रोत व्यवस्थापन तथा अनुगमन र मूल्यांकन) मा आधारित रहेको छ । महिला र बालबालिका द्वन्द्वको चपेटामा बढी परेको र फितलो कानुनी व्यवस्थाको स्थितिले गर्दा द्वन्द्वका दौरान र संक्रमणकालीन अवस्थामा पनि महिला माथि यौनजन्य हिंसा हुने गरेको" ठहर राष्ट्रिय कार्ययोजनाको रहेको छ ।[25] द्वन्द्वका दौरान महिलाविरूद्ध भएका मानवअधिकार उल्लंघनका घटनाउपर छानबिनको सन्दर्भमा राष्ट्रिय कार्य योजनाले सशस्त्र द्वन्द्वका दौरान महिलाविरूद्ध भएका यौनजन्य हिंसालगायतका अन्य अपराधमा पीडकविरूद्ध कानुनी कारबाही गरिनुपर्ने कुरा अत्यन्त चुनौतीपूर्ण रहेको कुरा पनि मनन गरेको छ ।[26] द्वन्द्वपीडित महिला तथा बालबालिकाको न्यायसम्मको पहुँच सुनिश्चित गर्न र उनीहरूको स्थिति सुधार गर्नका लागि द्वन्द्वको समयमा विभिन्न अपराधमा संलग्न रहेका व्यक्तिमाथि अविलम्ब कानुनी कारबाही गर्न अत्यन्त जरूरी भएको कुरा पनि हृदयंगम गरिएको छ" ।[27] द्वन्द्वकालमा महिलाविरूद्ध भएका हिंसाउपर छानबिन गर्न, विद्यमान कानुनमा आवश्यक संशोधन गर्न र नयाँ कानुन निर्माण गर्न तथा संक्रमणकालीन न्यायका संयन्त्रको स्थापना गर्न आवश्यकता रहेको राष्ट्रिय कार्य योजनाको ठहर छ ।[28] यद्यपि द्वन्द्वकालको समयमा महिलाविरूद्ध भएका ज्यादती र त्यसमा संलग्न पीडकको अभियोजनको सन्दर्भमा भने कार्ययोजना धारणा अस्पष्ट रहेको छ । सत्य निरूपण तथा मेलमिलाप आयोगबाहेक राष्ट्रिय कार्ययोजनाले कहीँकतै पनि दण्डहीनताविरूद्ध लड्ने कुनै ठोस प्रावधान उल्लेख गरेको छैन । कार्ययोजनाले उल्लेख गरेको यो आयोग पनि विवादरहित भने छैन किनकि यसलाई द्वन्द्वको दौरान भएका अपराध र सो अपराधउपर हुनुपर्ने अभियोजनलाई मुल्तबीमा राख्ने भनी इंगित गरिएको छ ।

## *संक्रमणकालीन न्यायका संयन्त्र*

सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गर्ने आधार बृहत् शान्ति सम्झौतामा नै उल्लेख गरिएको छ ।[29] सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्तासम्बन्धी विधेयक अनुमोदन गर्न अति नै ढिलो भएको छ । यी विधेयक पारित हुन ढिलो हुनुको एक प्रमुख कारण विधेयकमा गरिनुपर्ने आवश्यक संशोधनका लागि नागरिक समाजले गरेको अभियान पनि हो । यस विधेयकले आयोगलाई क्षमादानको सिफारिस गर्नसक्ने अधिकार दिएको कारणले गर्दा नागरिक समाजले यसको अनुमोदनमा हस्तक्षेप गर्दै आइरहेको छ । तर अन्तमा सरकारले १७ फेब्रुअरी २०१० मा यी दुवै विधेयक दर्ता गराई

[25] National Action Plan on Implementation of the United Nations Security Council Resolution 1325 & 1820, Government of Nepal, Ministry of Peace and Reconstruction Singhadurbar, Kathmandu, 1February 2011, para. 3.

[26] Ibid, p. 7, para. 6.2.

[27] Ibid, p. 7, para. 6.2.

[28] Advocacy Forum, "Avoiding accountability by hook and by crook. The issue of amnesty in post-conflict Nepal", June 2011, p. 9 to 14.

[29] CPA Article 5.2.5: Both sides agree to constitute a High-level Truth and Reconciliation Commission through mutual agreement in order to investigate truth about those who have seriously violated human rights and those who were involved in crimes against humanity in course of the war and to create an environment for reconciliation in the society.

१५ अप्रिल २०१० मा व्यवस्थापिका संसदसमक्ष अनुमोदनका लागि पेश गरेको छ । यस प्रतिवेदन तयार पार्दाको मितिसम्म दुवै विधेयक व्यवस्थापिका संसदमा विचाराधीन अवस्थामा रहेका छन् । सत्य निरूपण तथा मेलमिलाप आयोगको उक्त मस्यौदा विधेयकले करणी र यौनजन्य हिंसालाई "मानव अधिकारको गम्भीर उल्लंघन" को श्रेणीमा राखेको छ ।[30] "संलग्न व्यक्तिलाई आममाफीका कुनैपनि सिफारिस गर्न नमिल्ने" अपराधका सूचिहरूमा[31] करणी र यौनजन्य हिंसा पनि राखिएको छ । यो संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १८२० अन्तर्गत रहेको छ जसले स्पष्टरूपमा "द्वन्द्व समाधान प्रक्रियाका सन्दर्भमा यौनजन्य हिंसाका अपराधमा क्षमादानको प्रावधानलाई हटाउनुपर्ने कुरामा जोड दिन्छ" ।[32]

सन् २००८ मा मन्त्रिपरिषदले मा स्वीकृत गरेको "*द्वन्द्वपीडितका लागि आर्थिक सहयोग र राहतसम्बन्धी मापदण्डहरू*" अन्तर्गत दुई वर्षका लागि "अन्तरिम राहत" वितरण गर्न सुरु गरिएको थियो । उक्त मापदण्डले "द्वन्द्वपीडित" को परिभाषा गर्नुका साथै उनीहरूलाई[30] प्रदान गर्ने राहतको खास प्याकेजका बारेमा विवरण प्रस्तुत गरेको छ ।[33] तर विडम्बना के छ भने उक्त मापदण्डमा करणी र यौनजन्य हिंसालाई मानवअधिकार उल्लंघनको रूपमा उल्लेख नगरेकोले अधिकांश पीडित महिलाहरूले यस योजनाअर्न्तगत हालसम्म कुनै पनि प्रकारको सहायता पाएका छैनन् ।[34]

जबरजस्ती बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि संयुक्त राष्ट्रसंघीय घोषणा-१९९४ ले पीडित परिवारमा बेपत्ताको घटनाले पार्ने नराम्रो असरलाई राम्ररी पहिचान गरिसकेको छ ।[35] जबरजस्ती बेपत्ताको मुद्दाका सन्दर्भमा बेपत्ता पारिएका व्यक्तिका परिवारलाई पनि नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ७ अन्तर्गत यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहारको पीडितको रूपमा हेरिनुपर्दछ भन्ने ठहर मानवअधिकार समितिको रहेको छ ।[36]

---

[30] *Truth and Reconciliation Commission Draft Bill, Section 2 (j) (6).*

[31] Ibid. 25 (d).

[32] Resolution 1820 (2008), Adopted by the Security Council at its 5916th meeting, 19 June 2008, S/RES/182, para. 4.

[33] For more information regarding the Standards, see Advocacy Forum, "Discrimination and Irregularities, the Painful Tale of Interim Relief in Nepal".

[34] Ibid.

[35] Declaration on the Protection of all Persons from Enforced Disappearance, adopted by General Assembly resolution 47/133 of 18 December 1992, article 1 (2), "Any act of enforced disappearance places the persons subjected thereto outside the protection of the law and inflicts severe suffering on them and their families." The Declaration has not yet been ratified by Nepal.

[36] UN Human Rights Committee, Quinteros v. Uruguay: "the anguish and stress caused to the mother by the disappearance of her daughter and by the continuing uncertainty concerning her fate and whereabouts. The author has the right to know what has happened to her daughter. In these respects, she too is a victim of the violations of the Covenant suffered by her daughter in particular, of article 7."

सन् २००९ मा ल्याइएको *बेपत्ता पारिएका व्यक्तिका परिवारलाई दिइने आर्थिक सहयोगसम्बन्धी निर्देशिका-२०६५* ले बेपत्ता पारिएका व्यक्तिको परिवारमा बेपत्ताको घटनाले पारेको असरलाई त्यति बढी ध्यान दिएको छैन । नेपालमा पुरुषहरू बढी जबरजस्ती बेपत्ताको सिकार भएकाले पीडित परिवारमा अधिकांश महिला र बालबालिका रहेका छन् । बेपत्ता पारिएका व्यक्तिको अवस्था अज्ञात नै रहने हुँदा परिवारजन द्विविधामा हुन्छन् र मृत्युसंस्कार गर्न पनि सक्दैनन् ।[37] "अन्तरिम राहत" प्रणालीले द्वन्द्वका दौरान मारिएका पीडितका श्रीमतीहरू एकल महिला भत्ताअन्र्तगत राहतको हकदार हुने र उनीहरूका ३ ओटा बालबच्चालाई १८ वर्ष नपुगेसम्म छात्रवृत्ति प्रदान गर्ने कुरा सुनिश्चित गर्दछ । यसको विपरीत द्वन्द्वकालमा राज्य पक्षबाट बेपत्ता परिएका व्यक्तिका परिवारजनका हकमा भने यो लागू हुँदैन ।

[37] Advocacy Forum and the International Center for Transitional Justice, "Across the Lines: the Impact of Nepal's Conflict on Women", p. 61.

अध्याय – ३

# यातना रोकथाम र उजुरीको सुनुवाइ

## १. यातना रोकथाम संयन्त्र : हिरासत अनुगमन

राष्ट्रिय मानवअधिकार आयोग र अन्य केही निकायलाई हिरासतको अनुगमन गर्ने अधिकार भए तापनि नेपालमा राष्ट्रव्यापी रूपमा हिरासतको अनुगमन गर्ने कुनै छुट्टै संयन्त्र छैन । अझ ती निकायले पनि यो विषयलाई प्राथमिकताको सूचीमा राखेको पाइँदैन । यस्ता संयन्त्रको अभाव भएको कुरालाई मध्येनजर गर्दै एड्भोकेसी फोरमले आफ्नै पहलमा हिरासत भ्रमण गर्ने कार्य गर्दैआइरहेको छ । यसअन्तर्गत एड्भोकेसी फोरमले नेपालको ७५ जिल्ला मध्ये बाग्लुङ्ग, बाँके, बर्दिया, धनुषा, दोलखा, झापा, कञ्चनपुर, कपिलवस्तु, काठमाडौं, कास्की, ललितपुर, मोरङ्ग, म्याग्दी, पर्वत, रामेछाप, रूपन्देही, सिरहा, सुनसरी, सुर्खेत र उदयपुर गरी २० ओटा जिल्लामा अवस्थित ५७ ओटा सरकारी थुनास्थलको नियमित भ्रमण गर्दछ । प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएका तथ्यांक यिनै हिरासतको भ्रमणका क्रममा संकलन गरिएका हुन् । लामो समयसम्म नियमितरूपमा हिरासतको अनुगमन भ्रमणबाट प्राप्त आफ्नो अनुभवबाट नेपालमा यातनाको व्यापकतालाई केही हदसम्म उजागर गर्न सफल भएको छ भन्ने कुरामा विश्वस्त भए तापनि राष्ट्रिय अनुगमन संयन्त्रको अभावमा संकलित तथ्य ठोस नभई सांकेतिक मात्र प्रतीत हुन्छन् भन्ने तथ्यलाई एड्भोकेसी फोरमले मनन गरेको छ ।

### *राष्ट्रिय मानव अधिकार आयोग*

राष्ट्रिय मानवअधिकार आयोगलाई हिरासतको अनुगमन गर्ने अधिकार भए तापनि यसले आफ्नो अधिकारको प्रयोग बिरलै मात्र गरेको पाइन्छ । कसैको मानवअधिकार हनन भएको पाएमा कारबाहीका लागि सिफारिस गर्ने अधिकार निहित भए पनि आयोगले कानुनी र व्यवहारिक दुवै तवरले आफ्ना अधिकार संकुचित पारेर फगत "भुक्ने कुकुर" मात्र प्रतीत भएको देखिन्छ । राष्ट्रिय मानवअधिकार आयोगले आवश्यक परेको अवस्थामा[1] मात्र हिरातहरूको अनुगमन गर्ने गर्दछ । उक्त अनुगमन वर्षको

[1] Advocacy Forum - NHRC interview, 10 May 2011.

एकपटक र त्यो पनि क्षेत्रीय कार्यालयले मुख्य हिरासतको मात्र गर्ने गरेका छन् । त्यसमा पनि आयोगले प्रहरी हिरासतको नभई कारागारको भ्रमणमा बढ्ता चासो देखाएको पाइन्छ । राष्ट्रिय मानवअधिकार आयोगका अनुसार हिरासतमा महिला बन्दीहरूको अवस्थाको अनुगमनमा कमी हुनुमा डरका कारण हुने थोरै उजुरी, प्रहरीविरुद्ध उजुरी गर्न हिचकिचाहट र आफ्नो अधिकार र उजुरी दर्ता गराउने प्रक्रियाबारे जानकारीको कमी आदि मुख्य कारक तत्व रहेका छन् ।[2]

राष्ट्रिय मानवअधिकार आयोगका लागि प्रस्तावित संशोधन मस्यौदा विधेयक सबै सरोकारवालाको चिन्ताको विषय बनेको तथ्य त विदितै छ । वर्तमान आयोगको क्षेत्राधिकार निर्धारण विद्यमान राष्ट्रिय मानवअधिकार आयोग ऐन-१९९७ ले गरेको छ । सन् २००७ मा आयोगलाई संवैधानिक अङ्गको रूपमा स्थापित गरिएपछि नयाँ कानुन मस्यौदा गर्ने पहल गरिएको थियो । राष्ट्रिय मानवअधिकार आयोगको मस्यौदा विधेयकप्रति[3] चिन्ता व्यक्त गर्दै विभिन्न मानवअधिकार संघसंस्थाले आवाज उठाइरहेका छन् ।[4] एड्भोकेसी फोरमलाई प्राप्त हिरासतमा भएका यातनाका मुद्दाको संख्या हेर्दा आयोगको कार्यादेशमा गर्न लागिएका संशोधनले थप चिन्तित तुल्याएको छ । आयोगलाई प्राप्त हालको कार्यादेशअनुसार, "आयोग जुनसुकै सरकारी कार्यालयमा पूर्व जानकारीबिना नै प्रवेश गर्न सक्छ ।"[5] यसका विपरीत प्रस्तावित मस्यौदा विधेयकले आयोगको क्षेत्राधिकारलाई संकुचित बनाउँदै कारागारको मात्र अनुगमन गर्न पाउने व्यवस्था गरेको छ । तर हिरासत अनुगमन गर्नपाउने अधिकारलाई यथावत नै राखी व्यक्तिगत निवासमा थुन्ने र केरकार गर्ने घटनाउपर छानबिन गर्ने थप अधिकार आयोगलाई दिइनुपर्ने प्रावधान विधयेकमा राखिनुपर्ने धारणा एड्भोकेसी फोरमको छ ।

## *आयोगको सिफारिस कार्यान्वयनको अभाव*

आयोगको प्रतिवेदनअनुसार आयोगले १०,५०७ ओटा उजुरी प्राप्त गरेकोमा ३,००० ओटा उजुरीउपर छानबिन गरिएको र बाँकी लगभग ७,००० ओटा उजुरी खारेज गरिएको छ । मुद्दाहरूको खारेजी सम्बन्धमा आयोगले विशेषतः परिस्थितिजन्य प्रमाणको अभाव (अधिकांश पीडित पीडकको पहिचान गर्न असमर्थ थिए), अनुसन्धानको लामो प्रक्रियाले पीडित हतोत्साही बनी मुद्दा अगाडि बढाउन इच्छुक नरहेको र केही विदेशतिर पलायन भएको भन्ने जस्ता कारण औँल्याएको थियो । अनुसन्धान सम्पन्न भएपछि आयोगले विशेषगरी तीन प्रकारका सिफारिस गर्ने गरेको पाइन्छ : क्षतिपूर्ति, विभागीय

[2] Advocacy Forum - NHRC Interview, 10 May 2011.

[3] The Draft Bill of the National Human Rights Commission with regard to its functions, duties, powers and working procedures ("Bill") was drawn up in cooperation between the NHRC and the government in 2007 and registered with the Legislature Parliament inAugust 2009. The Bill is still pending. However, on 24 August 2009 a different version of the bill was submitted to the Legislature Parliament by the coalition government of Prime Minister Madhav Kumar Nepal.

[4] National Human Rights Commission – Nepal and OHCHR – Nepal "Observations on the National Human Rights Commission Bill 2009", Open Dialogue on Draft Legislation Series 2, January 2011.

[5] NHRC Act, Section 9(e).

कारबाही र अभियोजन (परिच्छेद ५ मा अभियोजन र क्षतिपूर्ति हेर्नुहोस्) । सन् २००० देखि हालसम्म आयोगले ३८६ ओटा मुद्दामा कारबाहीका लागि सिफारिस गरेकोमा जम्मा ८.८% मात्र पूर्ण कार्यान्वयन भएका छन् । सरकारले हालसम्म यातनाका मुद्दामा आयोगले गरेको सिफारिसमध्ये १४% सिफारिसको मात्र कार्यान्वयन गरेको छ ।[6] आयोगले सिफारिस गरेका घटनाको संख्या पनि अत्यन्त न्यून रहेको पाइन्छ । आयोगले सन् २००१ देखि हालसम्म जम्मा ३० ओटा मुद्दामा मात्र सिफारिस गरेको छ जुन आयोगलाई एड्भोकेसी फोरमले गत वर्षमात्रै उपलब्ध गराएको घटनाको तुलनामा अत्यन्त न्यून रहेको छ ।

### *आन्तरिक र कार्यगत समस्या*

सिफारिसहरूको कार्यान्वयन नहुनुका साथसाथै मानवअधिकार आयोगको आफ्नै आन्तरिक समस्याले पनि आयोगलाई निष्पक्ष र स्वतन्त्र संस्थाको रूपमा कार्य गर्न समस्या भएको छ । हाल अन्तरिम संविधानले आयोगलाई संवैधानिक अङ्गको रूपमा स्थापित गरेको छ । आयोगका अनुसार आयोगलाई प्राप्त नयाँ हैसियतले सरकारलाई यसको कार्यादेशमा हस्तक्षेप गर्न निरूत्साहित गर्नेछ । तर सरकारसँग केही कर्मचारीको नियुक्ति गर्ने अधिकार भएकाले आयोगको स्वतन्त्रता र निष्पक्षताउपर उच्च नियन्त्रण राख्नसक्ने खतरा भने यथावत नै रहन्छ ।

### *वास्तविक कार्यादेशको प्रयोगको अभाव*

आयोगको कार्यादेशले पीडकको नाम सार्वजनिक गर्ने अधिकार पनि दिएको छ । तर पनि आयोगले यो कार्य पीडकलाई कालो सूचीमा राख्नुजस्तै भएकोले यो अधिकार अन्तिम अस्त्रको रुपमा प्रयोग गर्नुपर्ने भन्दै यस अधिकारको प्रयोग गरेको भेटिँदैन ।[7]

आयोगको ऐनले आफ्ना सिफारिसउपर सम्बन्धित निकायले ३ महिना भित्र कार्यान्वयन गरी प्रतिवेदन पेश गर्नुपर्ने वा कार्यान्वयन गर्न नसकिएको बारे स्पष्टीकरण दिनुपर्ने व्यवस्था गरेको छ ।[8] आयोगको सिफारिस थन्किएको वर्षौं बितिसक्दा पनि सरकारले कार्यान्वयन गर्न नसक्नुको कारण खुलाई कुनै विवरण पेश नगर्नुलाई आयोगले सरकारको इमान्दारिताको कमी भनेर आफैले पनि त्यस्ता सिफारिस

[6] National Human Rights Commission, "Summary Report of National Human Rights Commission (2000-2010) NHRC Recommendations upon Complaints in a Decade".

[7] Advocacy Forum – NHRC interview, 10 May 2011.

[8] National Human Rights Commission Act, Section 13(4).

समयभित्र कार्यान्वयन गराउन नसक्ने आफ्नो कमजोरीलाई घुमाउरो पाराले ढाकछोप गर्ने प्रयास गरेको पाइन्छ ।

### *संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय*

यस कार्यालयलाई सुरुमा प्राप्त कार्यादेशले कुनै पनि हिरासतको पूर्वजानकारी बिना अनुगमन गर्न सक्ने अधिकार दिएको थियो । तर जुन २०१० मा नवीकरण गरिएको कार्यादेशले यस अधिकारलाई कटौती गरी पूर्व स्वीकृति लिएर मात्र कुनै पनि हिरासतको भ्रमण गर्नसक्ने व्यवस्था गरिदियो । यसका साथै नयाँ कार्यादेशले यस संस्थाको फिल्ड अफिस बन्द गरिदिएको छ । यस संस्थाले आधिकारिकरूपमा यस परिवर्तनलाई "रोकथाम अनुगमन" बाट "प्रतिक्रियात्मक अनुगमन" को रणनीति भनी परिभाषित गरेको छ ।[9] परिणामस्वरूप यस संस्थाले "प्रतिनिधिमूलक" वा "गम्भीर प्रकृति" का मुद्दाको मात्र अनुगमन गर्ने गरेको छ भने हाललाई यस संस्थाको प्रमुख उद्देश्य भने राष्ट्रिय मानवअधिकार आयोगको क्षमता अभिवृद्धि गर्ने मात्र रहेको छ ।

### *राष्ट्रिय महिला आयोग*

अनुगमन गर्ने कार्यतर्फ राष्ट्रिय महिला आयोगको भूमिका अत्यन्त न्यून देखिन्छ र हिरासतहरूमा अनुगमन गर्नेतर्फ त झन् कम रहेको छ । तर पनि यसले देशको विभिन्न भागमा रहेको विभिन्न थुना केन्द्रको भ्रमण गर्दै आइरहेको छ ।[10] सर्वप्रथम त यस आयोगले थुना केन्द्रको भौतिक संरचना लैङ्गिकमैत्री नभएको बताएको छ । उदाहरणका लागि विभिन्न थुना केन्द्रमा थुनुवा कोठाको अभावमा महिला थुनुवालाई पुरुष थुनुवासँगै राखिने गरेको बताएको छ । यसका साथै आयोगले अनुगमन गरेको थुना केन्द्रमा न्यून संख्यामा महिला प्रहरीको दरबन्दी रहेकोमा गम्भीर चिन्ता व्यक्त गरेको छ । तर आयोगले यी अनुगमन भ्रमणका क्रममा थुनुवाहरूसँग नभई प्रहरी अधिकृतसँगमात्र अन्तर्वार्ता लिएको पाइन्छ ।[11]

आयोगले व्यक्तिगत यातनाका उजुरीउपर खासै काम गरेको पाइन्न । तर यसले एक जना भारतीय महिलालाई प्रहरी अधिकारीद्वारा प्रहरी हिरासतमा जबरजस्ती करणी गरेको घटनाको छानबिन गरेको थियो । (माथि हेर्नुहोस् ।) आयोगले यस घटनाको छानबिनका लागि घटनास्थलको अनुगमन पनि गरेको थियो तर पीडित महिला सम्पर्कमा नभएकीले सत्यतथ्य पत्ता लगाउन भने असफल रह्यो । (पूर्ण जानकारीको लागि अध्याय १ हेर्नुहोस् ।)

---

[9] Advocacy Forum - OHCHR Interview, 10 May 2011.

[10] According to the NWC website, the Commission has carried out detention monitoring in 5 police stations and one prison between 2009 and 2010. This was confirmed during an AF interview with NWC Chairperson, 18 May.

[11] Advocacy Forum - NWC interview, 18 May 2011.

महिला आयोगका अनुसार पीडित महिला भारतीय भएकोले नै यो मुद्दालाई व्यापक प्रचारप्रसार गरिएको थियो र त्यही कारण यस घटनामा शीघ्र छानबिन प्रक्रिया सुरु गरिएको थियो । आयोगले घटनास्थल जनकपुरस्थित हिरासत केन्द्रको अनुगमन गर्दा उक्त थुनाकेन्द्रमा कार्यरत केही महिला प्रहरीले त्यहाँ विगतमा थुप्रै यौन हिंसाका घटना भएको तर कहिल्यै पनि बाहिर आउन नसकेको जानकारी दिएका थिए ।[12] आयोगले उक्त जानकारी आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गरी फेब्रुअरी २०११ मा प्रधानमन्त्री कार्यालयलाई बुझाएको थियो तर यसको कुनै प्रतिक्रिया हालसम्म नआएको जानकारी आयोगले दिएको छ ।[13] महिलाको अधिकार र सहभागितालाई बढावा दिने खालका नीति निर्माण गर्न दिइएका सिफारिसउपर कुनै कार्यान्वयन नभएकाले राष्ट्रिय महिला आयोगले पनि राष्ट्रिय मानवअधिकार आयोगको जस्तै नियति भोग्नुपरेको अवस्था छ भन्दा अत्युक्ति नहोला ।[14]

## २. यातनाका मुद्दामा स्वतन्त्र छानबिनको अभाव

अनुगमन संयन्त्रको अभावमा यातनाका उजुरीउपर स्वतन्त्र र निष्पक्ष अनुसन्धान हुनसकेको छैन । सन् २०१० मा एड्भोकेसी फोरमले ७९ ओटा यातनाका घटनाको बारेमा राष्ट्रिय मानवअधिकार आयोग, महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीको मानवअधिकार इकाइमा लिखित जानकारी गराएको थियो । तर एड्भोकेसी फोरमले उपलब्ध गराएको घटनाको संख्याले सन् २०१० मा पीडितहरूलाई उपचार प्रदान गरेको संख्यासँग कुनै तादात्म्य राख्दैन । एड्भोकेसी फोरमले पीडितको लिखित मञ्जुरी लिएर मात्र यस्ता मुद्दालाई उठान गर्ने भएकोले महिलाहरूमाथि यातना र दुर्व्यवहार भएका पाँच भागको एकभाग अर्थात ३६ मा ७ ओटा मुद्दामात्र माथि उल्लेखित निकायमा पठाएको थियो । अधिकांश पीडित पुनःयातनाको डरले वा प्रहरीको मानवअधिकार इकाइको स्वतन्त्रता र निष्पक्षतामाथि आशंका गरी औपचारिक निवेदन गर्न डराउँछन् । जुन २०११ सम्म निवेदन दर्ता गराइएका कुनै पनि यातनाको घटनाउपर भएका कारबाहीको जानकारी हालसम्म एड्भोकसी फोरमलाई प्राप्त हुनसकेको छैन ।

### *नेपाल प्रहरी मानवअधिकार इकाइ*

सन २००३ मा स्थापना गरिएको यस संस्थालाई प्रहरीद्वारा हिरासतमा रहेका थुनुवा वा अन्य प्रहरी कारबाहीका दौरान गरिएका ज्यादतीका घटनाको अनुसन्धान गर्ने कार्यादेश दिइएको छ ।

विगतमा यस इकाइले आफै अनुसन्धान नगर्ने र पीडितसँग अन्तर्वार्ता नगरी सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा एड्भोकेसी फोरम वा अन्य संस्थाबाट प्राप्त सूचनालाई पठाउने र जिल्ला प्रहरी

[12] National Women's Commission Annual Report, 2009-2010.
[13] Advocacy Forum - NWC Interview, 18 May 2011.
[14] Ibid.

कार्यालयबाट प्राप्त सूचनालाई नै आफ्नो अनुसन्धानको नतिजा मान्ने अनुसन्धान पद्धतिबारे एड्भोकेसी फोरमले धेरै पटक प्रश्न उठाइसकेको छ ।

प्रहरीको मानवअधिकार इकाइले सन् २००८/०९ मा ६ जना उच्चपदस्थ प्रहरी अधिकृतलगायत ४४ जना प्रहरीलाई हिरासतमा रहेका थुनुवा र प्रहरी कारबाहीको दौरान मानवअधिकार हनन गरेको अभियोगमा कारबाही गरिएको दाबी गरेको छ । यस इकाइले आफ्नो स्थापनाकालदेखि हालसम्म ८३ जना उच्च पदस्थ प्रहरी अधिकृतसहित जम्मा ५५२ जना प्रहरीलाई मानवअधिकार उल्लंघनका घटनामा दोषी पाइएकोले विभागीय कारबाही गरिएको दाबी गरेको छ ।[15] तर एड्भोकेसी फोरमले मानवअधिकार हननका गुनासाउपर स्वतन्त्र र निष्पक्ष छानबिन गरियोस् भनी पठाएका निवेदनउपर हालसम्म के कस्ता कारबाही भए र सन् २००३ देखि अनुशासनको कारबाहीमा गरिएका मानवअधिकार उल्लंघनका घटनाको विवरणसम्बन्धी जानकारी प्राप्त हुनसकेको छैन । इकाइले त्यस्तो जानकारी दिने अधिकार आफूलाई नभएको भन्दै गृह मन्त्रालयमा सम्पर्क गर्न भनी पन्छिने काम पनि गरेको एड्भोकेसी फोरमको अनुभव छ ।

सन २०१० मा एड्भोकेसी फोरमले प्रहरीद्वारा महिलालाई हिरासतमा यातना दिइएको भन्दै ७ ओटा यातनाको घटना विवरणसहित इकाइलाई जानकारी गराएको थियो । १६ अगष्ट २०१० मा इकाइ प्रमुख एसपि यादवराज खनाल र इन्स्पेक्टर (हाल डिएसपि) विश्व अधिकारीसँग भेट गरी एड्भोकेसी फोरमले हालसम्म इकाइमा दर्ता गराएको उजुरीउपर भएका प्रगति विवरणबारे जानकारी दिन अनुरोध गरेको थियो । भेटमा एसपि खनालले ती उजुरी उपर छानबिन भइरहेको र प्रगति विवरण तयार गर्दै गरेकोले छिट्टै जानकारी उपलब्ध गराइने आश्वासन दिनुभएको थियो । तर जुन २०११ को सुरूसम्ममा पनि कुनै जानकारी प्राप्त गर्न सकिएको छैन ।

प्रहरीद्वारा घटाइएका मानवअधिकार हननका घटनाउपर कुनै पनि स्वतन्त्र निकायले शीघ्र र स्वतन्त्र अनुसन्धान गरेको पाइँदैन । राष्ट्रिय मानवअधिकार आयोगले अनुसन्धान गरी निष्कर्ष निकालेका केही मुद्दा प्रधानमन्त्री कार्यालयलाई सिफारिस गरी पठाएकोमा उक्त कार्यालयले सम्बन्धित मन्त्रालय वा प्रहरीद्वारा गरेका उल्लंघनका मुद्दा गृह मन्त्रालयमा पठाएका थिए जसले कारबाहीका लागि पुनः प्रहरी कार्यालयमा पठाएका थिए । यसरी प्रहरीले आफ्नै साथीहरूको विरूद्ध अनुसन्धान गर्नुपर्ने भएकोले निष्पक्षताको गुञ्जायस नै रहँदैन ।[16]

### *नेपाल प्रहरी महिला तथा बालबालिका सेवा केन्द्र*

केन्द्रीय तथा जिल्ला तहमा महिला तथा बालबालिकासम्बन्धी अपराधबारे अनुसन्धान, अभिलेखीकरण र तथ्यांक संकलन गर्न सन् १९९५ मा प्रहरी सुधार आयोगको सिफारिसमा नेपाल प्रहरीले महिला

[15] Nepal Police Website http://www.nepalpolice.gov.np/en/human.html
[16] Advocacy Forum - NHRC Interview, 10 May 2011.

तथा बालबालिका सेवा केन्द्रको स्थापना पनि गरेको छ । सन् १९९६ मा प्रयोगात्मक परियोजनाको रूपमा पाँचओटा (प्रहरी मुख्यालय तथा काठमाडौं, ललितपुर, कास्की र मोरङ्ग जिल्लामा) महिला इकाइहरू स्थापना गरिएका थिए । पछि फेब्रुअरी २००७ मा सरकारले सबै ५ विकास क्षेत्र, १४ अञ्चल र ३८ ओटा जिल्लामा महिला तथा बालबालिका केन्द्रका लागि स्थायी दरबन्दी तोक्यो । डिसेम्बर २००८ मा, केन्द्रलाई निर्देशनालयमा परिणत गर्‍यो र हालउक्त केन्द्र ७२ ओटा जिल्लमा कार्यरत रहेको अवस्था छ । यद्यपि केन्द्रका छुट्टै भवन भने १३ ओटा जिल्लाहरूमा (काठमाडौं, ललितपुर, काभ्रे, नुवाकोट, सिन्धुपाल्चोक, झापा, मोरङ्ग, सुनसरी, मकवानपुर, चितवन, कास्की, रूपन्देही र नवलपरासी)  मात्रै छन । एसियाली विकास बैंकको सहयोगमा थप पाँच केन्द्रहरू (डोटी, जुम्ला, बारा, रौतहट र धनुषा जिल्लामा) निर्माण गर्न लागिएका छन् । केन्द्रको मातहतमा ९ ओटा नाका महिला तथा बालबालिका सेवा केन्द्र पनि (काकडभित्ता, जोगबनी, रक्सौल, बेलिहवा, जमुना, त्रिनगर, गढ्ढाचौकी, तातोपानी र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल-काठमाडौं) सञ्चालनमा रहेका छन् । तर विडम्बना के छ भने केन्द्रको उपस्थिति देशभर भएता पनि यसले प्रदान गर्ने सेवाको बारेमा आम जनता अनभिज्ञ नै छन् ।[17]

महिला तथा बालबालिका सेवा केन्द्र निर्देशनालयबाट प्राप्त तथ्यांकका अनुसार केन्द्रको कार्य सन्तोषजनक देखिन्छ । सन् २००८ देखि २०१० सम्म १,०७६ ओटा बलात्कारका घटनाहरूको अभिलेखीकरण गरी पीडितलाई आवश्यक सहयोग पनि गरेको निर्देशनालयले एड्भोकेसी फोरमलाई बताएको थियो ।[18] बलात्कार र बलात्कारको उद्योग बाहेक केन्द्रले मानव बेचबिखन, गर्भपतन, बहुविवाह र बालविवाहका मुद्दाहरू अभिलेखीकरण गर्ने आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउने कार्य गर्दछ । तर केन्द्रको तथ्यांकले प्रहरी लगायत अन्य सुरक्षा निकायका अधिकारीहरूबाट भएका यातना र बलात्कार लगायतका यौनजन्य हिंसाको बारेमा केही उल्लेख गरेको भने छैन । महिला तथा बालबालिकाको अधिकार संरक्षण गर्ने एक महत्वपूर्ण कदम भए तापनि केन्द्रले प्रदान गर्ने सेवाको बारेमा आम जनता अनभिज्ञ रहनु र राज्य पक्षबाट भए मानवअधिकार उल्लंघनका घटनाहरू अभिलेखीकरण गरी आवश्यक कारवाही गर्न नसक्नुले केन्द्रको कार्य उल्लेखनीय नरहेको दर्शाउदछ । केन्द्रलाई राज्य पक्षबाट हुने मानवअधिकार उल्लंघनका घटनाहरूमाथि पनि कारवाही गर्न सक्ने थप अधिकार प्रदान गर्ने हो भने प्रहरी हिरासतमा हुने यातना तथा दुर्व्यवहारबाट महिला तथा बालबालिकालाई संरक्षण गर्ने कार्यमा महत्वपूर्ण सहयोग पुग्ने मत एड्भोकेसी फोरमको रहेको छ ।

---

[17] A research conducted by United States Institute of Peace shows that 9775 (82%) out of 11909 respondents had never heard about the center. See United States Institute of Peace, "Security and Justice in Nepal: Citizens' Perspectives on the Rule of Law and the Role of the Nepal Police", p. 96.

[18] Data procured from WSCS Directorate.

## ३. परिपूरण प्राप्तिमा अवरोध

### *अव्यवस्थित स्वास्थ्य जाँच*

यातना क्षतिपूर्ति ऐन, १९९६ रोकथाम संयन्त्रको रूपमा काम गर्न अपर्याप्त देखिएको छ । यसले "कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नुपर्नेछ" भन्ने व्यवस्था गरेको छ ।[19] अर्को शब्दमा यस ऐनले चिकित्सक उपलब्ध नभएको स्थितिमा प्रहरी अधिकारीलाई जाँच गर्ने अधिकार दिएको छ । यसका अतिरिक्त स्वास्थ्य जाँचका लागि चिकित्सककहाँ लैजाँदा प्रहरीको उपस्थितिले स्वतन्त्र र गोप्य जाँचमा पनि प्रत्यक्ष असर पार्ने गरेको छ ।

सन २००६ देखि २००९ सम्मको अवधिमा १८.९% महिलाहरूलाई निःशुल्क स्वास्थ्य जाँचको सुविधा उपलब्ध गराइएको थियो । सन् २०१० मा एड्भोकेसी फोरमले अन्तर्वार्ता लिएकामध्ये १२.८% महिलाले स्वास्थ्य जाँचको सुविधा नपाएको बताएका थिए जुन अघिल्लो वर्ष सन् २००९ को १४.८% भन्दा कम हो । समग्रमा स्वास्थ्य जाँचको सुविधा पाउने महिला र पुरुषको संख्यामा कमी आएको पाइन्छ किनभने सन् २०१० को पहिलो ६ महिनामा ९०% थुनुवाले स्वास्थ्य जाँचको सुविधा पाएको बताएका थिए भने सोही वर्षको पछिल्लो ६ महिनामा मात्र ८४.१% थुनुवाले स्वास्थ्य जाँचको सुविधा पाएको बताएका थिए ।[20]

यसका साथै स्वास्थ्य सुविधा उपलब्ध गराइएको अवस्थामा पनि चिकित्सकको लापरवाही र यातना तथा दुर्व्यवहार भएको भनी पत्ता लगाउने तालिमको अभावमा नाममात्रको स्वास्थ्य जाँच गरिएको पाइन्छ ।

*२० वर्षीया अमोदा सापकोटा (नाम परिवर्तन गरिएको) लाई मिति २०६६।१।८ गते राती ८.३० बजेतिर आफ्नै घरबाट पक्राउ गरिएको थियो । उनलाई भुटानी शरणार्थी शिविरस्थित सेक्टर १ मा वस्ने शान्तिराम नेपालको हत्याको बारेमा सोधपुछ गर्न पक्राउ गरिएको थियो । उनलाई आँखामा पट्टि बाँधेर एउटा कोठामा लगी भुँईमा उत्तानो सुत्न लगाई २ जना पुरुष प्रहरीले उनको तिघ्रा र पिडुँलामा टेकी अन्य एक पुरुष प्रहरीले नै उनलाई हत्याको बारेमा सोधपुछ गर्दै कुटपिट गरेका थिए । उनले दुःखाइका कारण रुँदै आफू निर्दोष भएको बिन्तिभाउ गर्दा पनि करिब १०, १५ मिनेट सम्म पैतालामा बेतको लाठीले कुटेका थिए । त्यहाँ कुटाइको पीडा सहन नसकेर आफ्नो खुट्टा आफ्नै जिउले थिची लुकाएपछि यातना दिन छोडिएको थियो । उनलाई पुरुष प्रहरीले अश्लील गालीगलौज गर्दै यातना दिएका थिए ।*

[19] Section 3 (2) Torture Compensation Act 1996.
[20] See Table 5 in Annex.

*भोलिपल्ट, २३ अप्रिल २००९ मा उनलाई सशस्त्र प्रहरी गण, पाडागुजी लगी कपडाले अनुहार छोपेर इ.प्र.का. दमककी गंगा राईले करिब ५ मिनेटसम्म पैताला र शरीरका विभिन्न भागमा कुटपिट गरेकी थिइन् । घटनाको बारेमा सोधपुछको क्रममा यातना दिन रोकिएको थियो तर उनले आफू निर्दोष भएको दाबी गर्नेबित्तिकै दुईजना पुरुष प्रहरीले उनको दुवै हातमा समाएर २, ३ मिनेटसम्म लगातार नाक र मुखमा पानी खन्याएका थिए । उक्त यातनाका कारण उनलाई सास फेर्न गाह्रो भएर एकदमै आत्तिएकोले घटनाको बारेमा आफू थाहा भएजति बताइदिएकी थिइन् । त्यसपछि भने उनीहरूले यातना दिएनन् । साँझ ५ बजेतिर मात्र उनलाई पुनः इ.प्र.का. दमक ल्याइएको थियो ।*

## स्वास्थ्य परीक्षण

*भोलिपल्ट २२ अप्रिल मा आम्दा अस्पताल दमकमा स्वास्थ्य परीक्षण गर्न उनलाई लगियो तर अस्पतालमा उनलाई रक्सी खाए नखाएको बारेमा मात्र सोधपुछ गरिएको थियो । उनले आफ्नो रक्तचाप घटेको महसुस भएको डाक्टर सामु कुरा राखे पनि उनको गुनासो चिकित्सकले सुनेनन् । पछि ३१ जनवरी २०१० यातनाको पूर्ण विवरणसहित यातना क्षतिपूर्ति ऐनको खण्ड ५(३) अन्तर्गत स्वास्थ्य परीक्षणको माग गर्दै झापा जिल्ला कारागारमार्फत झापा जिल्ला अदालतमा निवेदन दर्ता गरेकी थिइन् ।*

*उक्त मुद्दालाई २ फेब्रुअरी २०१० मा न्यायाधीश शालिगराम कोइरालाको इजलासमा प्रस्तुत गरिएको थियो । उहाँको इजलासले अनुसन्धानको क्रममा, म्याद थपका लागि अदालतमा उपस्थित गराउँदा र बयानसाथ अदालतमा उपस्थित गराउँदा यातनाको बारेमा उल्लेख नगरिएकोले यातना क्षतिपूर्ति ऐनअन्तर्गत शारीरिक मानसिक जाँचका लागि आदेश दिइरहनु नपर्ने फैसला सुनाएको थियो ।*

माथि उल्लेखित मुद्दामा माननीय न्यायाधीश पनि यातना रोकथाम गर्न पहल गर्ने, अनुसन्धान गर्न आदेश दिने र क्षतिपूर्तिका लागि सहजकर्ताको भूमिका खेल्नुपर्ने आफ्नो भूमिकामा केही चुकेको देखिन्छ । सुकमाया सुब्बालाई जिल्ला अदालतमा उपस्थित गराउँदा न्यायाधीशले प्रहरी हिरासतमा यातना दिइएको नदिइएको बारेमा सोधपुछ गरेको देखिन्न । यद्यपि द्वन्द्वोत्तरकालमा महिला थुनुवालाई प्रहरी हिरासतमा यातना दिइएको नदिइएको बारेमा सोधपुछ गर्ने न्यायाधीशको संख्यामा उल्लेख्यरूपमा वृद्धि भएको देखिन्छ तर त्यो संख्या आवश्यकता अनुरूप भने अत्यन्त न्यून छ । सन् २००६ मा अदालतमा उपस्थित गराइएका मध्ये ५.३% महिलालाईमात्र यातनाको बारेमा सोधपुछ गरिएको थियो जुन प्रतिशत सन् २०१० सम्म आइपुग्दा १०.८% पुगेको अवस्था छ ।[21]

यसका साथै महिला थुनुवालाई प्रायः जसो पुरुष थुनुवासँगै स्वास्थ्य परीक्षणका लागि लैजाने गरिन्छ । विशेषगरी जिल्ला अस्पतालहरूमा महिला चिकित्सकको अभावमा पुरुष चिकित्सकले नै स्वास्थ्य जाँच गर्ने गर्दछन् । यस्तो अवस्थामा उनीहरू आफ्ना समस्या सजिलै राख्न सक्दैनन् जसले गर्दा स्वास्थ्य परिक्षणको प्रतिवेदन पनि कमजोर खालको आउने गर्छ ।

[21] See Table 6 in Annex.

## *कानुनी अड्चन*

### *३५ दिने हदम्याद*

यातना क्षतिपूर्ति ऐनले "पीडित व्यक्तिले आफूलाई यातना दिएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिनभित्र क्षतिपूर्तिको माग दाबी गरिसक्नु पर्नेछ" भन्ने प्रावधानको व्यवस्था गरेको छ ।[22] यस प्रावधानले निश्चितरूपमा पीडितलाई न्यायसम्मको पहुँचमा बाधा उत्पन्न गरेको छ । प्रायशः यातना पीडितमा पर्न जाने मानसिक आघातका कारण कानुनी उपचारमा जानु पूर्व उनीहरूलाई केही समयको आवश्यकता पर्ने हुन्छ । यसका साथै पीडकले पीडितलाई ३५ दिनसम्म चुप लगाउन सकेमात्र पनि पुग्दछ । प्रभावकारी संरक्षण संयन्त्रको अभावमा यस अवधिमा पीडकहरूले पीडितलाई पुनः पक्राउ गर्ने, अन्य मुद्दामा फँसाउने जस्ता डर धम्की दिएर मुद्दा दर्ता गर्नबाट हतोत्साहित गर्ने गरेको पाइन्छ ।[23]

### *जबरजस्ती करणी*

उल्लेखित ३५ दिने हदम्याद जबरजस्ती करणीको मुद्दामा प्रहरी अनुसन्धानको प्रत्याभूत गर्नका लागि प्रहरीमा जाहेरी दर्ता गर्नुपर्ने प्रक्रियामा पनि लागू हुन्छ ।[24] यौन हिंसाका कारण तत्काल पर्ने शारीरिक तथा मानसिक असरले गर्दा पीडितले यो छोटो अवधिको हदम्यादभित्र उजुरी दर्ता गर्न असम्भव नै हुन्छ । यो संकुचित नियमावलीले नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा २(३) लगायत अन्य मानवअधिकार सन्धिले प्रत्याभूत गरेको महिलाको कानुनी उपचारको हकको अधिकार हनन गरेको छ ।[25]

सन् २००८ मा सर्वोच्च अदालतले नेपाल सरकारलाई जबरजस्ती करणीको एउटा मुद्दामा उजुरी दर्ता गर्ने हदम्यादलाई अन्तर्राष्ट्रिय मापदण्ड र अपराधको गम्भीरता हेरी सोहीअनुरूप बढाउन नेपालको कानुनलाई पुनर्विचार गर्नु भन्ने निर्देशनात्मक आदेश जारी गरेको थियो ।[26] यद्यपि हालसम्म पनि उक्त आदेशको पालना भएको छैन र सोहीअनुरूप कानुनमा संशोधन वा पुनर्विचार गरिएको छैन तर यसलाई सर्वोच्च अदालतले अमान्य घोषित गरिसकेकोले कानुन व्यवसायीहरूले द्वन्द्वकालमा घटेका घटनालगायत विगतमा भएका यौनजन्य हिंसाका घटनामा ३५ दिने हदम्यादको व्यवस्थालाई चुनौती दिनसक्छन् ।

---

[22] Section 5, Torture Compensation Act 1996.

[23] Advocacy Forum, "Hope and Frustration, Assessing the Impact of Nepal's Torture Compensation Act – 1996" , 26 June 2008, p. 27.

[24] Muluki Ain – 2020, Chapter on Rape, Section 11 provides, "In rape case the case should be filed within 35 days."

[25] Nepal ratified the ICCPR on 14 May 1991.

[26] Report of the United Nations High Commissioner for Human Rights on the human rights situation and the activities of her office, including technical cooperation in Nepal, Human Rights Council Sixteenth session, A/HRC/16/23, p. 14 para. 57.

यसका साथै सर्वोच्च अदालतले जबरजस्ती करणीको मुद्दामा हदम्यादसम्बन्धी दर्ता भएको रिटउपर गरेको फैसलामा स्पष्ट रूपले भनेको छ :

सन् २००६ मा दर्ता भएको परमादेश निवेदन नम्बर ०४०२ को प्रधानमन्त्री र मन्त्रीपरिषद्को कार्यालय विरुद्ध इन्दिरा बस्नेतको मुद्दामा सर्वोच्च अदालतले सरकारलाई ३५ दिने हदम्यादलाई ६ महिना बढाउन निर्देशात्मक आदेश जारी गरेको थियो तर हालसम्म पनि उक्त आदेशको पालना भएको छैन । सन् २०११ को सुरुमा तयार पारेको अपराध कार्यविधि संहिता मस्यौदामा सरकारले जबरजस्ती करणी मुद्दामा ३ महिनाको हदम्याद प्रस्ताव पेश गरेको छ ।

जबरजस्ती करणी र यौनजन्य हिंसाका घटनामा प्रहरी अधिकृतहरूले उजुरी दर्ता गर्न चासो नदेखाउने गरेको पाइएको छ । उनीहरूले मुद्दा दर्ता गर्नुको सट्टा पीडितलाई पीडकसँग बिहे गर्न दबाब दिने र मुद्दा फिर्ता लिन दबाब दिने गरेको पाइएको छ ।

प्रायः जसो जबरजस्ती करणीका मुद्दामा मुद्दा दर्ता नगर्न ३५ दिने हदम्यादको प्रयोग गरिने वा मुद्दा दर्ता गरिए पनि हदम्यादको कारण देखाई मुद्दा खारेज गरिने गरिन्छ ।

सिन्धुली जिल्ला, कमलामाई नगरपालिका-११, भिमान निवासी भगवती उर्फ शोभा थापा (घटना हुँदा १५ बर्षकी टुहुरी) ले आफू २ जुन २००६ मा दुईजना सिपाहीद्वारा बलात्कृत हुनुपरेको बताएकी थिइन् । उनका अनुसार उनलाई दुई जना सिपाहीले आँखामा पट्टी बाँधेर बलात्कार गरेका थिए । बलात्कारपछि तीमध्ये एकजनाले उनको आँखाको पट्टी खोलिदिएर आफू सरोज थापा भएको बताएका थिए । उनले आफ्नो वकिल सानो बुवाको सहयोगमा २ अगष्ट २००६ मा उजुरी दर्ता गरिन् । पहिले त प्रहरीले हदम्याद नाघिसकेको भनेर रिपोर्ट दर्ता गर्न मानेन तर पछि पीडितको अवस्था देखेर दर्ता गरिदियो । बलात्कारको प्रमाण नभएको, पीडकको राम्रोसँग पहिचान हुन नसकेको (प्रहरी अनुसन्धानका क्रममा नजिकै रहेको सैनिक ब्यारेकले रमेश थापा नाम गरेका सिपाही नभएको जानकारी दिएका थिए ।) र हदम्याद नाघेको भन्दै सिन्धुली जिल्ला अदालतले मुद्दा खारेज गरिदियो ।

*प्रमाणको भार*

प्रमाण ऐन २०४७ ले "आपराधिक मुद्दामा दोषी प्रमाणित गर्ने भार वादीको हुनेछ" भनी प्रमाणको भार पीडितमा निहित गरेको छ ।[27]

[27] Evidence Act, 1974, Chapter 4, Section 25.

यातना क्षतिपूर्ति ऐनले पनि यातनाको घटनाको अनुसन्धान गर्ने निकायको स्थापना नगरी यातना भएको हो भन्ने प्रमाणित गर्ने प्रमाणको भार पीडितमा निहित गरेको छ ।[28] तर प्रहरीले पीडितलाई थुनास्थलमा कडा निगरानीमा राखी विशेषखाले उपाय अपनाएर यातनाका चिह्नहरू नदेखिने बनाएको दृष्टान्त पनि धेरै छन् ।

*लमजुङ जिल्ला, घनपोखरी गा.वि.स. निवासी २२ वर्षीया सरस्वती गुरूङ, ३७ वर्षीया इन्द्रकला गुरूङ र अर्का एकजना व्यक्तिलाई ३ फेब्रुअरी २०१० मा अपरहण र शरीरबन्धक आरोपमा प्रहरीले पक्राउ गरी महानगरीय अपराध अनुसन्धान शाखामा लगी अनुसन्धानका नाममा प्लाष्टिकको पाइप र पानी भरिएको प्लाष्टिक बोतलले कुटपिट गरेको थियो । इन्सपेक्टर भीष्म हुमागाइँले इन्द्रकलालाई घुँडाले भुँईमा टेक्न लगाई उनको ढाड, फिला, घुँडा र हातलगायत शरीरका विभिन्न भागमा कुटपिट गरेका थिए । अर्का एकजना नाम थर थाहा नभएका प्रहरीले इन्द्रको निधारमा पिस्तोल तेर्स्याएर मसँग पनि पिस्तोल छ भन्दै धम्क्याउँदै मुठीले ढाड र टाउकोमा कुटपिट गरेका थिए ।*

*भोलिपल्ट बिहान अर्थात् ४ फेब्रुअरी २०१० मा पीडित तीनैजना थुनुवालाई इन्सपेक्टर हुमागाइँले एउटा कोठामा लगेर अपहरणका अन्य मतियारको बारेमा सोधपुछ गर्दै कुटपिट गरेका थिए । पीडितका अनुसार केही समयपछि दुईजना अपरिचित पुरूष प्रहरी आएर प्लाष्टिकको पाइपले कुटपिट गर्दै आधा घण्टासम्म घुँडाले टेकेर बस्न लगाएका थिए । उनको हातको पञ्जा सुन्निएकोले रगत जम्न नदिन लाठीमा रगड्न लगाएका थिए । सरस्वतीलाई पनि हातमा प्लाष्टिकको पाइपले कुटपिट गरेपछि एउटा लाठीमा हात रगड्न लगाएका थिए ।*

*त्यस्तैगरी ६ फेब्रुअरी २०१० का दिन निज इन्सपेक्टरले एकजना सिभिल मान्छेको उपस्थितिमा सरस्वतीलाई भित्तामा अडेस लगाएर उभिन लगाई अश्लील गाली गर्दै प्लाष्टिकको पाइपले आधा घण्टासम्म ढाड, खुट्टा र हातलगायत शरीरका विभिन्न भागमा कुटपिट गरेका थिए ।*

*यातनाका कारण पीडितलाई मानसिक आघात, सास फेर्न गाह्रो हुने, डरलाग्दो सपना देख्ने, कहिलेकाहीँ निद्रा नलाग्ने र मानसिक तनाव हुनेजस्ता समस्या देखिएका थिए ।*

*सोही दिन उनीहरूको स्वास्थ्य परीक्षणका लागि वीर अस्पताल लगिएको थियो तर उनीहरूले प्रहरीको उपस्थितिका कारण आफूहरूलाई यातनाका कारण शारीरिक तथा मानसिक समस्या भएको बारे भन्न सकेनन् भने डाक्टरले पनि यातनाका बारेमा सोधपुछ गरेनन् । डाक्टरले केही औषधि लेखिदिएका थिए तर प्रहरीले ती औषधी किन्न दिएनन् ।*

*थुनामा रहेकै अवस्थामा उनीहरूले २४ फेब्रुअरी २०१० मा काठमाडौं जिल्ला अदालतमा शारीरिक तथा मानसिक जाँच गरी पाउँ भनी निवेदन दर्ता गराएका थिए । अदालतले पनि भोलिपल्ट तीनै जना*

[28] Advocacy Forum “Hope and Frustration, Assessing the Impact of Nepal’s Torture Compensation Act 1996", 26 June 2008, p. 32.

*पीडितलाई शिक्षण अस्पताल महाराजगञ्जमा शारीरिक तथा मानसिक जाँच गराई सोको प्रतिवेदन ३ दिन भित्र अदालतमा पेश गर्ने आदेश दियो । तर प्रहरीले अदालती आदेशको अवहेलना गर्दै पीडितहरूलाई थुना अवधिभर स्वास्थ्य जाँचको सुविधा उपलब्ध गराएन ।*

*अन्तिम सुनुवाइको बेला अदालतले पनि आदेशको पालना भए नभएकोबारे जाँच नै गरेन । उनीहरूलाई ४ मार्च २०१० मा धरौटीमा रिहा गरिएको थियो । उनीहरूले ५ अप्रिल २०१० मा यातना क्षतिपूर्ति ऐनअन्तर्गत मुद्दा दायर गरेका थिए तर ६ मे २०११ मा अदालतले मागदाबी नपुग्ने ठहर गर्दै मुद्दा खारेज गरिदिएका थिए । यस मुद्दामा समयमा उचित तवरले स्वास्थ्य जाँच नगरिएकोले नै मुद्दा हार्नुपर्ने स्थिति भएको देखिन्छ ।*

यातनासम्बन्धी विशेष प्रतिवेदकलगायत विभिन्न संघसंस्थाको निरन्तर आवाजका बाबजुद हिरासत भ्रमणका क्रममा थुना रजिष्टर व्यवस्थित तवरले अपडेट गरी नराखिएको पाइएको छ ।[29] प्रहरीले म्याद थप अघिको र पछिको गरी दुई प्रकारका रजिष्टर राख्ने गरेको पाइन्छ । कानुन व्यवसायी र सर्वसाधारणलाई सबै जिल्लामा रजिष्टर हेर्न दिइन्न । प्रहरीलाई कानुनले नै कुनै व्यक्तिलाई २४ घण्टासम्म थुन्ने अनुमति दिएकोले उनीहरूले प्रायः जसो पक्राउ परेको वा थुनिएको व्यक्तिको नाम रजिष्टरमा तत्काल दर्ता गर्दैनन् र यदि कुनै थुनुवा छोटो समयमा रिहा हुने भएमा (कहिलेकाहीँ २४ घण्टाको समयसीमा पनि नाघेको हुनसक्छ) उनीहरूको नाम प्रहरी रजिष्टरमा दर्ता गरिन्नन् । यस कार्यले २४ घण्टा भित्र थुनुवालाई मुद्दा हेर्ने अधिकारी सामु पुर्‍याउने दायित्वबाट[30] प्रहरी पन्छिन सक्छ र थुनुवाउपर सम्भावित यातनाको खतरा बरकरार नै रहन्छ ।

[29] Report by the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Manfred Nowak, Civil and Political Rights, Including: The Questions of Torture and Detention, Mission to Nepal, U.N. Doc. E/CN.4/2006/6/Add.5 (9 January 2006), recommendation e.

[30] 24(3) Interim Constitution 2007.

# अन्तर्राष्ट्रिय संयन्त्र तथा विनियमहरू

## १. सन्धि निकाय तथा संयुक्त राष्ट्रसंघीय विशेष प्रक्रियाहरुको चिन्ता

नेपाल सरकारले हिरासतमा महिलाविरूद्ध हुने यौन हिंसालगायत यातना तथा अन्य अमानवीय दुर्व्यवहारलाई प्रभावकारी ढङ्गले सम्बोधन गर्न नसकेको विषयलाई लिएर अन्तर्राष्ट्रिय स्तरबाट बारम्बार चिन्ता व्यक्त गरिने गरेको छ । समग्रमा हेर्दा यातना रोकथाम संयन्त्रको अभाव र हिरासतमा हुने यातना तथा महिलाविरूद्ध हुने यौन हिंसाका घटनाहरूमा प्रभावकारी अनुसन्धानको अभाव नै संयुक्त राष्ट्रसंघीय सन्धि निकाय (UN Treaty Bodies) लगायत संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्का विशेष प्रक्रियाहरूको (UN Special Procedures) मुख्य चासोको विषय बनेको छ ।

## विश्वव्यापी आवधिक समिक्षा (Universal Periodic Review)

जनवरी २०११ मा नेपालको प्रथम विश्वव्यापी आवधिक समीक्षा भएको थियो । यसका सदस्य राष्ट्रले मुख्य गरेर यातना र महिलाविरूद्ध हुने भेदभावको विषयलाई विशेष चिन्ताकासाथ हेरेका थिए । नेपालले यातनाविरूद्धको महासन्धिलाई अनुमोदन गरेको[1] भए पनि प्रहरी ज्यादती, यातना तथा गैरकानुनी[2] पक्राउ र थुनालाई प्रश्रय दिएको भन्दै सहभागी विभिन्न सदस्य राष्ट्रले भर्त्सना गरेका थिए ।[3] सहभागी सदस्य राष्ट्रले विगतमा भएका मानवअधिकार हननका घटनामा जवाफदेहिताको कमी र हिरासतमा भइरहेका यातनातर्फ पनि इङ्गित गरेका थिए ।[4] छलफलका मुख्य विषयवस्तुमा[5] पीडकलाई न्यायको कठघरामा ल्याउन पीडितको न्यायसमक्ष पहुँच बढाउने, यातनाको आरोपमा निष्पक्ष

[1] Report of the Working Group on the Universal Periodic Review, Human Rights Council Seventeenth session, A/HRC/17/5, 8 March 2010, Sweden recommendation, para 83.

[2] Ibid, Denmark recommendation, para. 80.

[3] Ibid., Denmark recommendation, para. 80.

[4] Ibid, United States of America, recommendation, para. 107.24.

[5] Ibid, Austria recommendation para. 107.17.

छानबिन गर्ने, सेना र कानुन कार्यान्वयन निकायद्वारा भएका मानवअधिकार हननका घटनामा अनुसन्धान र अभियोजन गर्नुपर्ने आदि थिए ।[6] यसका साथै महिलाको मामिलामा महिलाविरूद्ध हुने भेदभावलाई नै मानवअधिकारको उपभोगमा मुख्य बाधकका रूपमा परिभाषित गरिएको थियो ।[7] नेपाल सरकारले सदस्य राष्ट्रले उठाएका अधिकांश मुद्दाहरू कार्यान्वयन भइसकेको वा हुने क्रममा रहेका जानकारी दिएको थियो । संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयको सन् २०१० को प्रतिवेदनमा[8] उल्लेख भएअनुसार सिफारिस कार्यान्वयनका सम्बन्धमा विशेषतः बाह्य सुपरिवेक्षण संयन्त्रजस्तै स्वतन्त्र प्रहरी उजुरी आयोग वा राज्यपक्षबाट भएका अपराधको अनुसन्धान र अभियोजन गर्न विशेष अनुसन्धान इकाइको स्थापना गर्ने सुझाव कार्यान्वयन नगरेको भन्ने विषयलाई नेपालले प्रतिवाद गर्दै पूर्णरूपमा अस्वीकार गरेको छ ।[9]

### *सन्धिनिकाय*

नेपालको प्रतिवेदन अध्ययनपश्चात् यातनाविरूद्धको समितिले आफ्नो ३५ औं सत्रको दौरान दिएको निष्कर्ष र सुझावमा "यातना र दुर्व्यवहारका सम्बन्धमा तयार पारिएको थुप्रै नियमित र भरपर्दो प्रतिवेदन" लाई उद्धृत गर्दै सुरक्षाकर्मीद्वारा हुने व्यापक यातना र दुर्व्यवहारतर्फ चिन्ता व्यक्त गरेको थियो । यसका साथै सोधपुछ र थुनासम्बन्धमा समितिले नेपालको सुरक्षाफौजले बारम्बार यातनाविरूद्धको महासन्धिले प्रतिबन्धित गरेको सोधपुछको तरिका अपनाउने गरेकोमा कडा आपत्तिसमेत जनाएको थियो । समितिले भनेको थियो :

> *"सदस्य राष्ट्रले जिम्मेवार व्यक्ति वा निकायमाथि अभियोजन गर्ने अभिप्रायले कानुन कार्यान्वयन निकायको व्यवहार अनुगमन गर्ने प्रक्रिया यथास्थानमा भएको प्रत्याभूत गर्दै यौन हिंसालगायत यातना र दुर्व्यवहारका गुनासाउपर तुरुन्त र निष्पक्ष अनुसन्धान सुरु गर्नुपर्दछ । सदस्य राष्ट्रले लैङ्गिक विभेद र हिरासतमा महिला तथा बालबालिकाविरूद्ध हुने हिंसाका घटना विवरण र पीडकउपर भएका अभियोजनको सूची समितिलाई बुझाउनुपर्नेछ ।"*[10]

---

[6] Ibid, Sweden, recommendation, para. 83.

[7] Ibid, Czech Republic, recommendation, para. 109.14.

[8] OHCHR – Nepal, "Investigating allegations of extra-judicial killings in the Terai", OHCHR-Nepal Summary of Concerns July 2010, p. 11.

[9] Report of the Working Group on the Universal Periodic Review, Nepal, Views on conclusions and/or recommendations, voluntary commitments and replies presented by the State under review, Human Rights Council Seventeenth session, United Nations General Assembly, A/HRC/17/5/Add.1, 1 June 2011, para. 108.15.

[10] Committee against Torture Conclusions and Recommendations, Committee against Torture Thirty-fifth session, CAT/C/NPL/CO/2, 13 April 2007, para. 27.

### *संयुक्त राष्ट्रसंघीय विशेष प्रक्रिया*

सन् २००५ मा संयुक्त राष्ट्रसंघीय यातनासम्बन्धी विशेष प्रतिवेदकको नेपाल भ्रमणपछि मानवअधिकार परिषदलाई बुझाएको फलोअप रिपोर्टले पनि हिरासतमा महिला र बालबालिकामाथि हुने यातना र अमानवीय व्यवहार निर्बाध रूपमा चलिरहेको कुरा उल्लेख छ । यातनासम्बन्धी भूतपूर्व विशेष प्रतिवेदक म्यानफ्रेड नोवाकले पनि हिरासतमा महिलामाथि कुटपिट र यातनाका थुप्रै मुद्दा उद्धृत गर्दै हिरासतमा महिलामाथि हुने यातना, अमानवीय व्यवहार, यौन हिंसा र दुर्व्यवहारप्रति बारम्बार आफ्नो चिन्ता व्यक्त गरेका थिए ।

सन् २००९ मा यातनासम्बन्धी विशेष प्रतिवेदकले मानवअधिकार परिषद्को १० औं सत्रमा प्रस्तुत गरेको प्रतिवेदनमा मे २००८ मा ३ जना महिलाहरूलाई चोरीको अभियोगमा पक्राउ गरी प्रहरी हिरासतमा बेस्सरी यातना दिएको घटनामा सरकारको प्रतिक्रिया पनि समेटेको छ ।[11] सरकारले "उनीहरूसँग सार्वजनिकरूपमा चोरीको पैसा कहाँ राखेको छ भनी सोधिएको बाहेक उनीहरूलाई पक्राउ गरी थुनामा राखेर यातना नदिएको, यातनाको अभियोग सत्य नभएको भन्दै उनीहरूलाई पक्राउ, थुना र यातना नदिएको दाबी गरेको थियो ।"[12] तर एड्भोकेसी फोरमसँग उनीहरूलाई हिरासतमा राखिएको प्रमाण छ । त्यसपछि विशेष प्रक्रियाअन्तर्गत पनि हिरासतमा भएका यातनाबारे आवाज उठिनैरहेको अवस्था छ : सन् २०१० मा यातनासम्बन्धी विशेष प्रतिवेदकले मानवअधिकार परिषद्को १३ औं सत्रमा ६ जना महिला मानवअधिकारवादीलाई प्रहरीले प्रहरी कार्यालयको बाहिर प्रदर्शन गरेको भन्दै हातपात र कुटपिट गरेको घटनालाई समावेश गरेको थियो । यो घटनालाई महिलाविरूद्ध हिंसाका विशेष प्रतिवेदक, विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रवर्द्धन र संरक्षणसम्बन्धी विशेष प्रतिवेदक र मानवअधिकारकर्मीको अवस्थासम्बन्धी विशेष प्रतिवेदकलगायतका विभिन्न विशेष प्रक्रियाले संयुक्त अपिल पठाएको थियो ।[13] भर्खरै मात्र पनि यातनासम्बन्धी विशेष प्रतिवेदक जुएन मेनडेजले आफ्नो पछिल्लो प्रतिवेदनमा महिमा कुसुले (परिच्छेद १ हेर्नुहोस्) को घटना उल्लेख गरेका थिए । उक्त घटनालाई "आधारहीन, कपोलकल्पित र हचुवा"[14] भएको संज्ञा दिँदै सत्यलाई लुकाउने प्रयास गरेका थिए । तर त्यो दाबीलाई २२ मे २०११ मा जिल्ला अदालत दोलखाले पीडितलाई रू. १५,०००/- क्षतिपूर्ति उपलब्ध गराउने फैसलाले गलत साबित गरिदिएको छ ।

---

[11] Report of the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Manfred Nowak, Summary of Information, Including Individual Cases, Transmitted to Governments and replies received, A/HRC/10/44/Add.4, 17 February 2009, para. 164.

[12] Report of the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Manfred Nowak, A/HRC/13/39/Add.1 25 February 2010, para. 201.

[13] Report of the Special Rapporteur on violence against women, its causes and consequences, RashidaManjoo, Communications to and from Governments, A/HRC/14/22/Add.1, 2 June 2010, para. 251.

[14] Report of the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Juan E. Méndez, A/HRC/16/52/Add.1, 1 March 2011, para. 153.

## २. फौजदारी न्याय प्रणालीमा महिलाको जोखिमपूर्ण अवस्था - अन्तर्राष्ट्रिय मापदण्ड र रोकथाम संयन्त्रको कार्यान्वयन

नेपालामा थुनुवाउपर हुने व्यवहार विभिन्न स्तरमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप नभएको पाइएको छ । हिरासतको अवस्थाको मुल्यांकन गर्दा संयुक्त राष्ट्रसंघको साधारणसभाले सन् १९८८ मा थुना वा कारावासबाट सबैको संरक्षण गर्नेसम्बन्धी अवलम्बन गरेको सिद्धान्त (Body of Principles for the Protection of all Persons under Any Form of Detention or Imprisonment)[15] र हिंसा रोकथाम र पीडकप्रतिको व्यवहारसम्बन्धी पहिलो कंग्रेसले सन १९५५ मा अवलम्बन गरेको विनियम (Standard Minimum Rules for the Treatment of Offenders)[16] लाई प्रारम्भिक दस्तावेजको रूपमा लिइन्छ । यी दुवै नियममा लैङ्गिक विशेष उपायहरूको कमीका साथै फौजदारी न्याय प्रणालीले महिलाको विशेष आवश्यकतालाई सामान्यरूपमा मात्र पहिचान गर्ने हुनाले डिसेम्बर २०१० मा संयुक्त राष्ट्रसंघीय महिला बन्दी र महिला अभियुक्तलाई गैर हिरासतीय उपायसम्बन्धी विनियम अर्थात बैंकक विनयमलाई[17] अवलम्बन गर्नुपर्ने अवस्था आयो । यी तीनओटै सम्फौता नभएका मापदण्डमा अन्तर्राष्ट्रियरूपमै मान्यता प्राप्त मानवअधिकारका आदेशात्मक मापदण्ड समावेश भएका छन् जसले राष्ट्रिय कानुन र नीतिलाई सुधार गर्ने यथेष्ट मार्गनिर्देशन प्रस्ताव गरेको छ । यी विनयम बाध्यात्मक नभए तापनि यिनले महिलाउपर हिरासतमा हुने यातनालाई न्यूनीकरण गर्ने मार्गनिर्देशहरू उपलब्ध गराउँदछन् ।[18]

बैंकक नियमका विभिन्न प्रावधानले जोखिम कम गर्ने उद्देश्यसहित महिला थुनुवामाथि हिरासतमा हुनसक्ने सम्भावित यातना, यौन दुर्व्यहार र लैङ्गिक हिंसाका गम्भीर अवस्था उजागर गर्नुपर्ने सुझाव दिन्छ । सर्वप्रथम त यसको नियम २ ले महिलालाई हिरासतमा लिइएपछि हुनसक्ने "विशेष जोखिम" लाई मध्येनजर गर्दै विभिन्न स्तरका महिलामाथि हुनसक्ने जोखिमको पहिचान गर्दछ । नियम ५६ ले अझ अगाडि बढेर पूर्व-पूर्पक्ष थुनाको अवस्थालाई विशेष खतरापूर्ण मान्दै भनेको छः "पूर्व-पूर्पक्ष थुनामा महिला थुनुवाहरूले विशेषरूपले सामना गर्नुपर्ने जोखिमको पहिचान सम्बन्धित अधिकारीले नै गर्नुपर्नेछ जसले यस अवस्थामा महिला थुनुवाहरूको सुरक्षाको प्रत्याभूति गर्न आवश्यक नीतिनिर्माण र व्यवहारमा समेत उचित उपाय अवलम्बन गर्नुपर्दछ ।"[19]

---

[15] Standard Minimum Rules for the Treatment of Prisoners, Adopted by the First United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, held at Geneva in 1955, and approved by the Economic and Social Council by its resolutions 663 C (XXIV) of 31 July 1957 and 2076 (LXII) of 13 May 1977.

[16] Body of Principles for the Protection of All Persons under Any Form of Detention or Imprisonment, Adopted by General Assembly resolution 43/173 of 9 December 1988.

[17] United Nations Rules for the Treatment of Women Prisoners and Non-custodial Measures for Women Offenders (the Bangkok Rules), Sixty-fifth session, Third Committee, Crime prevention and criminal justice, United Nations General Assembly, 6 October 2010.

[18] Nepal NGO Coalition Submission to the United Nations Universal Periodic Review Tenth session of the UPR Working Group of the Human Rights Council, July 2010. http://lib.ohchr.org/HRBodies/UPR/Documents/Session10/NP/NGOCoalitions_JointSubmission-eng.pdf

[19] United Nations Rules for the Treatment of Women Prisoners and Non-custodial Measures for Women Offenders (the Bangkok Rules), Sixty-fifth session, Third Committee, Crime prevention and criminal justice, United Nations General Assembly, 6 October 2010, rule 56.

नेपालमा फौजदारी न्यायप्रणालीलगायत विद्यमान भेदभावपूर्ण कानुन र व्यवहारले महिलाको सुरक्षा र सर्वोपरि हितमाथि नै गम्भीर खतरा उत्पन्न गरेको छ । वास्तवमा अशिक्षा, गरिबी र दुर्व्यवहारलाई बढावा दिने सीमान्तीकरण, आफ्ना अधिकारबारे अनभिज्ञताका साथै महिलाको सामाजिक तथा आर्थिक परनिर्भरताले गर्दा हिरासतमा उनीहरूमाथि हुने खतरालाई सीधै असर पारेको छ । यातनासम्बन्धी विशेष प्रतिवेदकका अनुसार महिलाहरूलाई विशेषतः आफ्नो व्यक्तिगत पहिचानबाट झरेर लिङ्गको आधारमा हुने व्यवहारले उनीहरू दोहोरो भेदभावबाट पीडित भएका हुन्छन् ।[20]

अध्याय १ र २ मा छलफल गरिएजस्तै नेपालको प्रहरी हिरासतमा मुख्यतः जोखिममा परेका समूहका महिलालाई उनीहरूको अधिकार र आवश्यकताको ख्याल नै नगरी व्यवहार गरिन्छन् । यसका साथै हिरासतमा हुने दुर्व्यवहारको खतरालाई कम गर्न अवलम्बन गरिने ठोस उपायमा बाहिरी संसारसँगको पहुँचलाई पनि समावेश गरिनुपर्दछ । न्यूनतम मापदण्ड नियमावली (Standard Minimum Rules) र बैंकक नियमावलीले समेत पूर्व-पूर्पक्ष थुनुवालाई आफ्ना "परिवार र आफन्तहरूसँग बिना रोकटोक भेटघाट गर्ने सुविधा दिइनुपर्ने अधिकार" को प्रत्याभूति सुनिश्चित गरिनुपर्ने कुरा उल्लेख गर्दछन् ।[21] नियम ५८ पूर्पक्ष पूर्वको थुनाको अवस्थामा "कसुरवार महिलालाई उनको परिवारिक पृष्ठभूमि र सम्बन्धकोबारेमा विचार नगरी परिवार र समाजवाट अलग नराखिने" व्यवस्थासँग सम्बन्धित छ । बैंकक नियमावलीले बाहिरी संसारसम्मको पहुँचले कानुनी सहायतासम्म सहज पहुँच दिएर हिरासतमा हुने यातना र दुर्व्यवहारबाट सुरक्षित राख्छ भन्ने मान्यतालाई आत्मसात गरेको छ र यौन हिंसा र दुर्व्यवहारलाई कम गर्न पुरुष गार्ड र महिला थुनुवाबीचको सीधा सम्पर्कलाई कम गर्दै लैजाने उद्देश्य राखेको छ ।[22] उदाहरणका लागि नियम १९ ले तालिम प्राप्त महिला गार्डले मात्र खानतलासी गर्न पाउने र उच्च ओहदामा महिलाको पहुँचलाई बढावा दिने उद्देश्य राखेको छ । कानुन कार्यान्वयन निकायमा महिलाहरूको कम पहुँच - जसलाई विभिन्न गैरसरकारी संघसंस्थाले विरोध गर्दै आईरहेका छन्- र विश्वव्यापी आवधिक प्रतिवेदनमा निहित भएतापनि नेपालमा प्रहरी चौकी र जेलमा यीमध्ये अधिकांश प्रावधान अपर्याप्तरूपमा लागू गर्नुले हिरासतमा महिलाहरूको सुरक्षा खतरालाई निरन्तरता दिएको छ ।[23]

---

[20] Report of the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Manfred Nowak, Human Rights Council Thirteenth session, United Nations General Assembly, A/HRC/13/39, 9 February 2010, para. 75.

[21] United Nations Rules for the Treatment of Women Prisoners and Non-custodial Measures for Women Offenders (the Bangkok Rules), Sixty-fifth session, Third Committee, Crime prevention and criminal justice, United Nations General Assembly, 6 October 2010, rules 2, 26 and 58.

[22] Ibid. Rules 2 and 26.

[23] "Further these groups continue to be severely underrepresented in most of the public sector including decision making bodies, civil service, judiciary, law enforcement agencies, and local authorities". Nepal NGO Coalition Submission to the United Nations Universal Periodic Review Tenth session of the UPR Working Group of the Human Rights Council, July 2010.

अध्याय २ मा उल्लेख गरिएजस्तै सन् २००५ मा यातनासम्बन्धी विशेष प्रतिवेदकले द्वन्द्वकालमा सम्पर्कविहीन थुनाकाबारे आफ्नो चासो व्यक्त गरेका थिए । सन् २००९ मा तयार पारिएको फलोअप रिपोर्टमा उहाँले लेख्नु भएको छ : "लामो समयसम्म गैरकानुनी थुना र/वा सम्पर्कविहीन थुनामा राख्ने काम केही कम देखिए तापनि उक्त अभ्यास अझै पनि प्रचलनमा रहेको छ" ।[24] विशेष प्रतिवेदकका अनुसार "जबरजस्ती बेपत्ता र यातनाबीच अन्योन्याश्रित सम्बन्ध रहन्छ ।" यस सम्बन्धलाई विभिन्न घटना जस्तै महिलालगायतका शंकास्पद व्यक्तिलाई व्यक्तिगत निवासमा थुनेर गरिने सोधपुछ, गैरकानुनी थुना र यातनाले पनि पुष्टि गरेको छ ।[25] यसका अतिरिक्त यातनासम्बन्धी विशेष प्रतिवेदकले प्रहरी रेकर्डमा मिति ढाँटेर थुनुवाहरूलाई लामो समयसम्म हिरासतमा राखिने कार्यप्रति चिन्ता व्यक्त गर्दै भनेका छन्, "प्रहरी हिरासत र जेलहरूमा राखिने रेकर्डहरू दुरुस्त नराखिने हुनाले यस्ता मानवअधिकार हननमा जिम्मेवार प्रहरी अधिकृतहरूलाई जवाफदेही बनाउन गाह्रो छ ।"[26]

[24]Report of the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Manfred Nowak, A/HRC/10/44/Add.5 17 February 2009, p. 64, para. 23.

[25] See Chapter III on the case of Ms. HerminRatu Lama, her husband and another individual who were arrested, taken to a private house and tortured.

[26]Report of the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Manfred Nowak Follow-up to the recommendations made by the Special Rapporteur, Human Rights Council Thirteenth session, United Nations General Assembly, A/HRC/13/39/Add.6, 26 February 2010.

# प्रगतिका बाबजुद दायित्व पूरा गर्न असफल सरकार

## १. विद्यमान कानूनी संरक्षणको अपर्याप्त कार्यान्वयन

राष्ट्रिय मानवअधिकार आयोग, एड्भोकेसी फोरमलगायतका नागरिक समाजका अन्य संघसंस्थाले सन् २००९ मा प्रकाशित गरेको एक यातनाविरुद्धको नमुना कानुनमा यातनालाई अपराधीकरण गर्नुका साथै रोकथामका प्रभावकारी उपाय र संयन्त्रहरूको स्थापना गर्ने प्रावधान पेश गरेको थियो ।[1] यातनालाई रोकथाम गर्न महत्वपूर्ण साबित हुने विषय निम्नलिखित रहेका छन् :

*हिरासतमा लिइनुको मुख्य आधार सूचित गर्न नसक्नु*

सन् २०१० मा महिला तथा पुरुषहरूलाई पक्राउ पुर्जीबिना नै हिरासतमा लिइएको घटनामा उल्लेख्यरूपमा वृद्धि भएको थियो जसमा सन् २०१० को अघिल्लो ६ महिनामा २५.३% ले पक्राउ पुर्जी पाएकोमा सोही वर्षको पछिल्लो ६ महिनामा जम्मा १९% थुनुवाले मात्र पक्राउ पर्नु अघि पक्राउ पुर्जी पाएका थिए । सन् २०१० मा एड्भोकेसी फोरमले भेटेका ३४५ महिला थुनुवामध्ये ३७.१% ले मात्र पक्राउ पर्नु अघि पक्राउ गर्नुको कानुनी आधारबारे जानकारी पाएका थिए । त्यस्तै गरी ३८.८% ले हिरासतमा राखिएपछि मात्र पक्राउ पर्नुको कारणबारे जानकारी पाएका थिए । यसले के देखाउँछ भने २४.१% थुनुवालाई मात्र पक्राउ गर्नुअघि पक्राउ गर्नुको कारणबारे जानकारी दिइएको थियो ।[2] द्वन्द्वको अन्त्यसँगै सन् २००७ र २००८ को स्थिति एकदमै चिन्तापूर्ण थियो किनकि यी दुई वर्षका दौरान ९८% महिला थुनुवालाई उनीहरू पक्राउ पर्नुको कानूनी आधारबारे जानकारी दिइएको थिएन जुन अन्तरिम संविधान र सरकारी मुद्दासम्बन्धी ऐनको ठाडो उल्लंघन थियो ।[3]

[1] Coalition against Torture, "Criminalize Torture", 26 June 2009.
[2] See Table 7 in Annex.
[3] Article 24(1) Interim Constitution 2007.

हिरासतमा लिइनुको मुख्य आधार सूचित नगर्नाले प्रहरीलाई कुनै पनि शंकास्पद व्यक्तिलाई लामो समयसम्म थुनामा राख्न सहयोग गर्ने भएकोले यातनाको खतरालाई उल्लेख्यरूपमा बढावा दिन्छ । यसले थुनुवालाई पक्राउ गरिएको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने दायित्वबाट पनि पन्छिने मौका दिन्छ ।[4] द्वन्द्वको अन्त्यसँगै महिला थुनुवालाई पक्राउ गरिएको २४ घण्टाभित्र न्यायाधीशसमक्ष पेश गर्नेमा कुरामा भने सकारात्मक परिवर्तन देखापरेको छ । सन् २००९ मा लगभग ६०% महिला थुनुवालाई पक्राउ गरिएको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गरिएकोमा सन् २००६ को यही अवधिमा जम्मा ४३.९% महिला थुनुवालाई मात्र पक्राउ गरिएको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गरिएको थियो ।[5] तर सन् २००९ को प्रवृत्तिलाई पछि पार्दै सन् २०१० मा मात्र ५०% थुनुवा महिलाहरूलाई पक्राउ गरिएको २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गरिएको थियो ।

*झापा जिल्लाको बेलडाँगी -२ स्थित भुटानी शरणार्थी शिविरकी ३० वर्षीया कल्पना सुनार (नाम परिवर्तन गरिएको) २१ अप्रिल २००९ अर्की शंकास्पद व्यक्ति अमोदा सापकोटासँगै पक्राउ परेकी थिइन् (अध्याय ४ हेर्नुहोस्) । पक्राउपश्चात् उनलाई सशस्त्र प्रहरी क्याम्पमा लगेर यातना दिइएको थियो । उनलाई सशस्त्र प्रहरी क्याम्पमा र नेपाली प्रहरीको हिरासत गरी ४ दिनसम्म गैरकानुनी थुनामा राखिएको थियो । सोही गैरकानुनी थुनाको अवस्थामा नै उनीमाथि निर्मम यातना भएको थियो । उनलाई २६ अप्रिल २००९ मा मात्र जिल्ला न्यायाधीशसमक्ष उपस्थित गराइएको थियो । उनलाई कति दिनको म्याद थपिएको हो भन्ने जानकारी नै नदिएर पहिलो पटक ७ दिनको म्याद थपिएको थियो ।*

### *कानुनी परामर्श*

अन्तरिम संविधानका अनुसार थुनुवालाई पक्राउ पर्नेबित्तिकै कानुन व्यवसायीसँग परामर्श लिने अधिकार हुन्छ ।[6] तर प्रहरीले प्रायःजसो थुनुवाहरूलाई आफ्नो कानुनी परामर्शको अधिकार बारेमा जानकारी दिँदैनन् भने कतिपय अवस्थामा बलपूर्वक कानुनी परामर्श लिनबाट वञ्चित गरिदिन्छन् । सन् २०१० मा एड्भोकेसी फोरमले भेटेका महिलाहरू मध्ये ७७.४% महिलाले कानुनी व्यवसायीहरूसँग परामर्श नलिएको पाइएको थियो ।[7] यसको मुख्य कारणमा कानुनी परामर्शको अधिकार बारेमा जानकारी नभएर ४१.%, आवश्यक नठानेर २३.८% र आर्थिक अवस्था कमजोर भएर ८.४% पाइएको थियो । यसका साथै ३.५% महिला थुनुवालाई अधिकारबाट वञ्चित गरिएको थियो अर्थात् उनीहरूले कानुनी परामर्शको लागि अनुरोध गरे पनि इन्कार गरिएको थियो । यसले महिला थुनुवाहरूलाई कानुनी

[4] 24(3) Interim Constitution 2007.
[5] See Table 8 in Annex.
[6] Article 24(2) Interim Constitution 2007
[7] See Table 9 in Annex.

परामर्शको अधिकारबाट वञ्चित गर्ने प्रवृत्ति बढेको देखिन्छ किनभने अघिल्लो वर्षको सोही अवधिमा यो प्रतिशत १% देखि १.५% को हाराहारीमा देखिएको थियो ।

*परिवार भेट्न पाउने अधिकार*

प्रहरीले थुनुवाको परिवारसँग भेट गर्ने अधिकारलाई विभिन्न मुद्दामा हनन गरेको पाइन्छ । अध्याय ४ मा उल्लेख गरिएको बैंकक नियमावलीले महिला थुनुवालाई सबै सम्भावित माध्यमको प्रयोग गरी उनीहरूका बालबच्चा, तिनका अभिभावक र कानुनी प्रतिनिधिसँग भेट गर्न सहजीकरण र प्रोत्साहित गर्ने कुरामा जोड दिएको छ ।[8]

क्वाकर युनाइटेड नेशन्स अफिसले गरेको महिला थुनवासम्बन्धी एक अध्ययनको निष्कर्षले भन्छ कि परिवारसँगको सम्पर्क कायम राख्नुले सबै थुनुवालाई फाइदा पुऱ्याउँछ तर मुख्यरूपमा बालबच्चाको रेखदेख गर्ने महिला थुनुवाहरूमा विशेष महत्व राख्छ किनकि अधिकांश महिला थुनुवाका बालबच्चाहरू हुन्छन् ।[9] उक्त प्रतिवेदनले महिलाविरूद्ध हुने हिंसाका विशेष प्रतिवेदकलाई सुझाव दिंदै भनेको छ, "महिला थुनुवालाई उनीहरूको परिवारलाई भेट्ने अधिकारका साथै आधारभूत अधिकार उपलब्ध गराइनुपर्दछ ।" यससम्बन्धमा नेपालको सर्वोच्च अदालतले पनि परिवारसँगको भेटघाट र प्रजनन अधिकारको बारेमा सम्बोधन गरेको छ । गत १२ अप्रिल २०११ मा सर्वोच्च अदालतले सरकारलाई अन्तरिम संविधानको धारा २०(२) को प्रत्येक व्यक्तिलाई प्रजनन अधिकार हुने भन्ने प्रावधानअन्तर्गत "पति पत्नी भेट गर्न र प्रजनन अधिकारको प्रत्याभूति गर्न" निर्देशन दिएको छ ।[10]

## २. हिरासतमा महिलामाथि हुने यातनाको न्यूनीकरण

*पुरूष र महिलालाई छुट्टाछुट्टै व्यवस्थाको अभाव*

देशभरिका अधिकांश हिरासतमा महिला र पुरूष थुनुवाहरूलाई छुट्टाछुट्टै हिरासतमा राख्ने गरिएको छ । तर पनि कुनै अवस्थामा विशेष गरी महिला थुनुवाहरूको चाप बढी भएको समयमा र इलाका प्रहरी कार्यालयमा हिरासत कक्षको अभावमा कार्यकक्ष पनि राखिने गरिएको पाइन्छ ।[11] तर केही घटनामा कास्की, बर्दिया र झापा जिल्लाको[12] बिर्तामोड इलाका प्रहरी कार्यालयमा महिला र पुरूष थुनुवालाई

[8] United Nations Rules for the Treatment of Women Prisoners and Non-custodial Measures for Women Offenders (the Bangkok Rules), Sixty-fifth session, Third Committee, Crime prevention and criminal justice, United Nations General Assembly, 6 October 2010, Rule 26.

[9] Women in Prison & Children of Imprisoned Mothers: Recent Developments in the United Nations Human Rights System, Laurel Townhead, April 2006.

[10] "Ensure jailbirds´ conjugal right: SC", The Himalayan, 12 April 2011.

[11] Advocacy Forum - OHCHR Interview, 10 May 2011.

[12] AF District Offices information.

सँगै राख्ने गरिएको पाइएको छ । थुनुवामाथिको व्यवहारको Standard Minimum Rules ले भनेको छ, "सम्भव भएसम्म महिला र पुरुष थुनुवालाई छुट्टाछुट्टै कम्पाउण्ड भएका छुट्टाछुट्टै घरमा राखिनुपर्दछ ।"[13]

*सरसफाइको सुविधा*

महिला बन्दीहरूको सरसफाइलाई खासै उल्लेख नगर्ने थुनुवामाथिको व्यवहारको Standard Minimum Rules को नियम १५ र १६ लाई पनि ध्यानमा राख्दै बैंकक नियमावलीले हिरासतमा थुनुवाको स्वास्थ्य र सरसफाइसम्बन्धी प्रावधानलाई विशेषरूपमा अङ्गीकार गरेको छ । यसको नियम ५ ले भन्छ, "महिला थुनुवाको बस्ने सुविधा र सामग्रीहरूमा निःशुल्क सफा तौलिया, महिला र बालबालिकाको, विशेषतः खाना पकाउने महिला र गर्भवती, दुध खुवाउने र महिनावारी भएका महिलाको व्यक्तिगत सरसफाइका लागि आवश्यक पर्ने पानीको व्यवस्था उपलब्ध गराउनुपर्दछ" । एड्भोकेसी फोरमले भ्रमण गरेको अधिकांश हिरासतमा न्यूनतम सरसफाइका सामग्रीहरूको अभाव थियो । उदाहरणका लागि अधिकांश परिस्थितिमा अनुरोधपछि उपलब्ध गराइएपनि महिला थुनुवालाई महिनावारीको समयमा आवश्यक सामग्री उपलब्ध नगराइने गरिएको पाइयो जुन महिला प्रहरीको अनुपस्थितिमा झन् समस्यामूलक हुन्छ ।

एड्भोकेसी फोरमले हिरासत भ्रमणका क्रममा महिला र पुरुष थुनुवाहरूलाई छुट्टाछुट्टै सरसफाइको सामग्री उपलब्ध गराइएको एकदमै कम मात्रामा भेटेको छ । महिला थुनुवाले पुरुष थुनुवासँगै शौचालयको सुविधा उपयोग गर्नुपर्दा उनीहरूलाई असहज हुने र शारीरिक तथा शाब्दिक दुर्व्यवहारको खतरा हुनसक्छ ।

*महिला प्रहरीको उल्लेख्य कमी*

महिला, शान्ति र सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना (पूर्ण जानकारीको लागि अध्याय २ हेर्नुहोस्) ले द्वन्द्व रोकथाम र शान्ति निर्माण तथा सुरक्षासम्बन्धी सबै तहमा महिला सशक्तीकरणको उद्देश्य राखेको छ । उक्त कार्ययोजनाको पहिलो खम्बा सहभागिता हो भनी नेपालमा सुरक्षा र कानुन कार्यान्वयन निकायमा महिलाको समानुपातिक सहभागिताका सम्बन्धमा गम्भीररूपले कार्य गर्नु जरुरी छ भन्ने कुरामा जोड दिएको छ । सन् २०१० मा नेपाल प्रहरीमा महिला प्रहरीको संख्या जम्मा ५.२८% ( २,९६२) थियो । सशस्त्र प्रहरी बलमा रहेको ३१,२६२ जना प्रहरीमा जम्मा ६३२ जना मात्र महिला

[13] Standard Minimum Rules for the Treatment of Prisoners Adopted by the First United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders 1955 approved by the Economic and Social Council by its resolutions 663 C (XXIV) of 31 July 1957 and 2076 (LXII) of 13 May 1977, Section 8(a).

प्रहरी रहेका छन् जुन जम्मा २% हुन आउँछ ।[14] कानुन लागू गर्ने निकायमा महिला सहभागिता बढाउने सरकारको प्रतिबद्धता पूरा हुन थुप्रै काम गर्न बाँकी नै छ ।[15]

यसको परिणामस्वरूप सरकारी मुद्दासम्बन्धी ऐनको महिलालाई पक्राउ गर्दा महिला प्रहरीले नै गर्नुपर्ने निर्देशका[16]का बाबजुद पुरुष प्रहरीले पक्राउ गर्ने गरेको पाइन्छ । तर सम्भव भएसम्म भन्ने वाक्यांशले यस दायित्वलाई कमजोर बनाएको छ । सन् २०१० एड्भोकेसी फोरमले अन्तर्वार्ता लिएका महिलामध्ये १६.२% महिलाले आफूलाई पक्राउ गर्दा महिला प्रहरीको उपस्थिति रहेको बताएका थिए । यसका साथै सन् २००६ मा द्वन्द्वको अन्त्य भएपछि शंकास्पद महिलालाई पक्राउ गर्दा महिला प्रहरीको उपस्थितिमा कमी आएको पाइन्छ । जम्मा ३१.७% महिलालाई महिला प्रहरीको उपस्थितिमा पक्राउ गरिएको थियो ।

यसका साथै महिला थुनुवालाई प्रायः जसो पुरुष गार्डको पूर्ण निगरानीमा राख्दा दुर्व्यवहारको खतरा बढ्ने भएकोले Standard Minimum Rules को प्रावधानले पनि महिला थुनुवालाई पूर्पक्ष अगाडिको हिरासत र जेलमा राख्दा महिला प्रहरीले नै निरीक्षण गर्नुपर्ने व्यवस्था गर्दै भनेको छ, "महिला प्रहरीको उपस्थितिबिना कुनै पनि पुरुष प्रहरीलाई महिला हिरासतमा प्रवेश गर्न दिइने छैन । महिला थुनुवाको निरीक्षण र रेखदेख महिला प्रहरीद्वारा नै गरिनुपर्दछ ।"[17]

नेपाल महिला आयोगले सफिना खातुन को घटना (अध्याय १ हेर्नुहोस्) को छानबिन गरेपछि प्रहरी चौकीमा महिला प्रहरीको अनुपस्थिति भए बाबजुद उनलाई नजिकै रहेको जिल्ला प्रहरी कार्यालयमा नपठाएको पाएको थियो । आयोगको निष्कर्षमा उनको श्रीमान्लाई प्रहरी ब्यारेकको नजिक राखिए पनि उनलाई पीडकको कार्यालय नजिक राखिएको थियो जोसँग उनलाई राखिएको कोठाको साँचो पनि थियो भनेको छ । आयोगकी सदस्या अमोदा श्रेष्ठका अनुसार यस्ता अवस्थामा जस्तोसुकै दुर्घटना पनि हुनसक्छ ।[18]

---

[14] Krishna HariPushkar, "Security Sector Reform in Nepal: A Discussion of Gender Dimensions with Reference to UNSCR 1325", Peace and Conflict Monitor, January 07, 2010. http://www.monitor.upeace.org/innerpg.cfm?id_article=686

[15] Advocacy Forum - Interview NWC, 18 May 2011: The NWC deplored the severe lack of women police officers which it observed during its detention monitoring missions. The Chairperson brought this up with Chief District Officer informally but was told to address the issue with the Home Ministry.

[16] State Cases Act Section 14(4).

[17] Standard Minimum Rules for the Treatment of Prisoners, 1995. "This does not, however, preclude male members of the staff, particularly doctors and teachers, from carrying out their professional duties in institutions or parts of institutions set aside for women". Section 53, (2) and (3).

[18] "Women's commission publishes probe report on rape case", The Rising Nepal, 31 March 2010 http://www.gorkhapatra.org.np/detail.gopa.php?article_id=32730&cat_id=4

# ३. दण्डहीनता

## *कानुनी दण्डहीनता*

### *यातनाको अपराधीकरणको अभाव*

यातना क्षतिपूर्ति ऐनको दफा ३ ले यातनाको निषेध गरेको र अन्तरिम संविधानले कुनै पनि किसिमको यातना कानुनतः दण्डनीय हुने[19] भनी उल्लेख गरेको भए तापनि यातनालाई अपराधीकरण गर्ने तथा पीडकलाई वास्तविक कारबाहीको सुनिश्चितता गर्ने कुनै पनि विधेयक हालका मितिसम्म पारित गरिएको छैन । २०६४ सालमा सर्वोच्च अदालतले यातनालाई अपराधीकरण गर्नु भनी नेपाल सरकारलाई आदेश दिएको थियो र एड्भोकेसी फोरमलगायतका मानवअधिकारवादी गैरसरकारी संस्थाले नेपाली कानुन अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको हुनुपर्ने भनी निरन्तर पैरवी गरिरहेका छन् ।

प्रस्तावित विस्तृत अपराध संहिताको मस्यौदाले यातनालाई अपराधीकरण गर्दछ र यो सकारात्मक प्रगति हो ।[20] प्रस्तावित विधेयक संसद सचिवालयमा हालसालै पेश गरिएको छ तर यो पारित भएको भने छैन ।[21] मस्यौदा संहिताले यातनाविरुद्धको महासन्धिअन्तर्गतको नेपालको दायित्वलाई पूर्ण रूपमा पालन गर्नबाट चुकेको छ र यातनाको अपराधमा पाँच वर्षसम्मको कारावास सजाय[22] अपराधको गाम्भीर्यलाई मनन गर्दा अत्यन्त न्यून भएको भनी मानवअधिकार समूहले चिन्ता व्यक्त गरेका छन् । यी कमीकमजोरीलाई सम्बोधन गर्न एड्भोकेसी फोरमले प्रस्तावित अपराध संहितामा अझै बढी सार्वजनिक परामर्शका लागि पैरवी गरिरहेको छ ।

कारबाहीको अभाव र दण्डहीनताले हिरासतमा यातनाको प्रयोगलाई निरन्तरता दिनमा प्रत्यक्ष रूपमा योगदान पुऱ्याइरहेको छ किनकि पीडकहरूले आफूले गरेका अपराधका लागि कुनै पनि किसिमको गम्भीर परिणाम भोग्नुपरेको छैन । यसले गर्दा एउटै पीडकले अनेकौंचोटि यातना दिएको पाइयो ।[23] उदाहरणका लागि, हर्मिन रातु लामा, सरस्वती र इन्द्रकला गुरूङ (यी मुद्दाको विस्तृत विवरणका लागि अध्याय ३ हेर्नुहोस्) लाई प्रहरी निरीक्षक भीष्म हुमागाइँको आदेश तथा संलग्नतामा यातना दिइएको थियो । उनले हर्मिन रातु लामालाई कुटपिट गर्नका लागि आदेश दिएका थिए भने सरस्वती र इन्द्रकला गुरूङलाई यातना दिनमा सक्रिय सहभागिता जनाएका थिए । उनीविरूद्ध कुनै पनि कदम चालिएको छैन ।

---

[19] Section 26, Interim Constitution of Nepal 2007.

[20] Section 169 (1) of the proposed Penal Code 2067 BS.

[21] The step before the Secretariat present the draft bill to Parliament, after which time a vote must be taken with 72 hours.

[22] Section 169 (3) of the proposed Penal Code 2067 BS.

[23] Asian Human Rights Commission – Urgent Appeals Programme, "Nepal: Police sexually abuse and torture a woman and two other detainees", Urgent Appeal Case: AHRC-UAC-174-2010, 2 December 2010.

*उन्मुक्ति दिने कानुन*

थप रूपमा, राज्यका अधिकारीलाई कानुनद्वारा नैकानुनी संरक्षण गर्ने विद्यमान व्यवस्थाले यातनाका पीडितलाई न्याय प्राप्त गर्नबाट बाधा पुऱ्याएको छ । प्रहरी ऐन तथा सैनिक ऐन दुवैले सुरक्षाकर्मीलाई "असल नियत" राखेर आफ्नो कर्तव्य पालनका क्रममा गरेका कार्यमा कारबाही गर्नबाट उन्मुक्ति प्रदान गरेका छन् ।[24] मैना सुनुवारलाई सैनिकहरूले २०६० फागुन ५ गते यातना दिएर हत्या गरेका थिए । यो मुद्दामा सैनिक अदालतको अनुसन्धानले निकालेको निष्कर्षअनुसार कर्नेल बबी खत्री, क्याप्टेन सुनिल प्रसाद अधिकारी र क्याप्टेन अमित पुनलाई कारबाही गर्नुपर्दछ । तर अदालतले के पनि भन्यो भने सोधपुछका क्रममा मैनालाई यातना दिइएको भए पनि उनको हत्या गर्ने कुनै दुराशय थिएन[25] र सोधपुछको नियतले मात्र यातना दिइएको थियो नकि हत्याका लागि । त्यसपछि सैनिक अदालतले २०६२ भदौ २३ गतेको निर्णय सुनाउँदै माथि उल्लेखित तीन सैनिक अधिकृतलाई सोधपुछको गलत विधि अपनाएको र लासको सद्गत गर्दा उपयुक्त प्रक्रिया नअपनाएकोमा मात्र दोषी ठहर गऱ्यो । उनीहरूलाई ६ महिनाको कारावास, बढुवामा अस्थायी रोक्का र मैनाको परिवारलाई क्षतिपूर्तिका रूपमा नगण्य मात्रामा नगदी जरिवाना गर्ने सजाय गरियो । दोषी अधिकारीहरूले कारावासमा समय बिताउनु परेन किनकि अदालतका अनुसार उनीहरूले कोर्ट मार्सलको प्रक्रियाका दौरान हिरासतमा समय बिताइसकेका थिए ।

*व्यवहारिक दण्डहिनता*

*अदालत र कानुनी निकायका निर्णयलाई कार्यान्वयन गर्नमा भएका कमी*

## यातना क्षतिपूर्ति ऐन अन्तर्गत अदालती निर्णयको कार्यान्वयनको अभाव

यातना क्षतिपूर्ति ऐनको जोड भनेकै यातनाका पीडितलाई कुनै किसिमको परिपूरण प्रदान गर्ने हो । यातना क्षतिपूर्ति ऐनको प्रस्तावनामा हिरासतमा रहँदा यातना पाएका पीडितलाई क्षतिपूर्ति प्रदान गर्नका लागि बनाइएको कानुन भनी लेखिएको छ । यातना क्षतिपूर्ति ऐनले अदालतलाई विभागीय कारबाहीका लागि सिफारिस गर्ने अनुमति दिएको भए पनि यस्तो दुर्लभै गरिएको पाइन्छ । अदालतले

---

[24] Army Act, 1959 Section 24 A; Police Act 1955, Section 37.

[25] The Court Martial "sentenced Colonel Bobby Khatri to six months' imprisonment and suspension of his promotion for two years for not fulfilling his responsibility in accordance with section 54 and 60 of the 1963 Army Act; Captain Sunil Prasad Adhikari and CaptianAmit Pun were sentenced to six months' imprisonment and suspension of promotion for one year for not adhering to the NA's instructions on observing human rights and humanitarian law in accordance with the Army Act, section 54 and 60. The Court Martial also recommended Rs 150,000 (US$2010) as compensation to the victim's family and an additional compensation of Rs. 50,000 (US$670) from Bobby Khatri and Rs 25,000 (US$335) each from Sunil Prasad Adhikari and Amit Pun. No Army personnel were convicted for the torture and killing of MainaSunuwar. The guilty officers did not actually have to serve the prison term because they had spent their time in confinement during the proceedings". Advocacy Forum, "MainaSunuwar, Separating Fact from Fiction", 2010.

यस्तो आदेश दिएका मुद्दाका हकमा समेत सम्बन्धित निकाय (नेपाली सेना वा नेपाल प्रहरी) ले आदेशको कार्यान्वयन गरेको नगरेको प्रस्ट छैन ।

यस्तो कदमलाई यातनासम्बन्धी विशेष प्रतिवेदकले बारम्बार निन्दा गरेका छन् र नेपालमा यातनाको अपराधमा विद्यमान दण्डहीनताको संस्कृति, विशेषगरी यातनाका अपराधमा पीडकका विरूद्ध फौजदारी कारबाही गर्नेभन्दा पीडितलाई क्षतिपूर्ति दिनमा जोड दिने काम भएको भनी उनले चिन्ता व्यक्त गरेका छन् ।[26]

एड्भोकेसी फोरमसँग भएको तथ्यांकका अनुसार यातना क्षतिपूर्ति ऐन लागू भएको मितिदेखि हालसम्म चारजना महिलाले मात्र यसअन्तर्गत क्षतिपूर्ति पाउने निर्णय भएका छन् : महिमा कुसुलेले २०६८ जेठ ८ गते रु १५,०००, पदम माया सुनुवारले २०६७ माघ १८ गते रु २०,०००, कल्पना भण्डारीले २०६५ असार १ गते रु ६०,००० र सविता लामाले २०६३ फागुन २० गते रु १०,००० । यी कुनै पनि महिलाले हालका मितिसम्म क्षतिपूर्ति रकम हात पारेका भने छैनन् । यस्तो किसिमको क्षतिपूर्ति प्रदान गर्दा त्यसले यातनालगायतका व्यवहारलाई निरोध गर्दछ भन्ने तर्क गर्न सकिन्छ तर यातनाको अपराधमा अधिकतम क्षतिपूर्ति रु १००,००० दिनसकिने र यसमा विभागीय कारबाही पनि हुनसक्ने व्यवस्था छ जुन अपराधको गाम्भीर्यलाई हेर्दा अत्यन्त कम मान्नुपर्दछ । अझ, रु १००,००० को अधिकतम रकम विरलै मात्र प्रदान गरिन्छ :

*पदममाया सुनुवार, वर्ष ४८, लाई प्रहरीले २०६६ माघ १ गते एउटा गाउँलेको हत्या गरेको आशंकामा गिरफ्तार गऱ्यो । अन्य दुई व्यक्तिका साथ उनलाई पहिलेको माओवादीको कथित जनसरकार प्रमुखको घरमा लगियो । बिहान ६ बजे उनलाई लास देखाइयो । उनीलगायतका तीनजनालाई चारजना प्रहरीले माथि कम्प्युटर छ त्यसमा कसले मारेको हो थाहा हुन्छ त्यहीँ हिड्नुस्, तपाईहरूलाई उजुर गरेका छन्, त्यहाँ लगेपछि पत्ता लाग्छ हो होइन भनेर इलाका प्रहरी कार्यालय लिएर गए । त्यसपछि उनलाई कोठामा लिएर गएर तैले मारेको हो होइन, मारेको हो भन् कसरी मारिस् भन्दै भुँइमा बसाएर नली खुट्टामा एकजनाले बुटले कुल्चेर थिचेर राखी अर्कोले पैतालामा पाइपै पाइपले ८०, ९० पटक पिटे । उनले गन्न सकिनन् र बेहोस भइन् ।*

*एक छिनमा उनी यसो उठिन् र त्यसको केही बेरमा तीनै थुनुवालाई खाना खान प्रहरीले लगे र खाएपछि चउरमा बसाए । त्यसपछि लास जाँच गर्न पठाउन (लास भएका ठाउँमा) बसेका तीनजना प्रहरी आए र पुनः सोधपुछ गरे र उनीहरूले तिम्री छोरीले भनेको तिमीले नै मारेको हो रे पनि भने । उनले हुँदै होइन सर, मलाई थाहा छैन" भनेपछि एकजना नाम थाहा नभएको पुलिसले मधेसी भाषामा कोठामा लगेर पिट् बोल्छे भन्यो र त्यसपछि खाना खाने ठाउँमा लगेर भन्छस् कि भन्दैनस् अर्कोको लोग्ने कसरी मारिस् भन् भनेर भुँईमा खुट्टा तेर्साउन लगाएर सोधे । म साचो बोल्छु मैले मारेकै होइन*

[26] Report by the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Manfred Nowak, Mission to Nepal, Commission on Human Rights Sixty-second session, E/CN.4/2006/6/Add.5 9 January 2006.

*मलाइ थाहा पनि छैन कसले मारेको हो भनेर भनेपछि झुट्टो बोल्छेस् भनेर अघिकै भैं गरी पाइपले पैतालामा पिटे र त्यसपछि उठाएर त्यही पाइपले चाकमा हिर्काउन थाले त्यसबेला घरी घरी उनले त्यो पिटेको सहन नसकी हात लगेर थाप्दा हातमा चोट पुग्न गयो । हात सुन्निएको थियो । त्यसबेला अर्को एक जना पुलिस आएर मधेसी भाषामा त्यो पुलिसलाई धेरै नपिट् अहिले मर्ला र तै पर्लास् भनेर गाली गऱ्यो त्यसपछि त्यसले पिट्न छाड्यो । त्यसपछि मारेको हो भन् नत्र तेरो योनिमा सिस्नु खाँद्छु भन्यो । यसरी सोधपुछ गर्ने, पिट्ने कुनै प्रहरीले पनि प्रहरी ड्रेस लगाएका थिएनन् सबै सादा पोशाकमा थिए । त्यहा एक रात राखेपछि भोलिपल्ट कुदाएको कुदायै गरेर धोबी इलाका प्रहरी हुँदै धोबीबाट प्रहरीको गाडीमा जिल्ला प्रहरी कार्यालय मन्थली लगे र त्यहाँ २ दिन राखेर सोधपुछ गरी गएर अपराधी पत्ता लगाउनु भनेर छोडे यहाँ सामान्य डर देखाउने हिसाबले लठीले घोच्ने पिट्छु भनेर डर देखाए पनि देख्ने गरी पिटेनन् । तीन दिन गैरकानुनी थुनामा राखेपछि उनलाई अभियोग नलगाई छोडियो ।*

*एड्भोकेसी फोरमको सहयोगमा पीडितले २०६६ फागुन ४ गते यातना क्षतिपूर्ति ऐनअन्तर्गत मुद्दा दायर गरिन् । रामेछाप जिल्ला अदालतले पीडितलाई रु २०,००० क्षतिपूर्ति दिनु भनी सरकारलाई आदेश दियो । यातनाले पारेको विनाशकारी मनोवैज्ञानिक असर र स्वास्थ्य उपचारका लागि भएको खर्च तथा न्यायिक प्रक्रियामा जाँदा बेहोरेको खर्चलाई जोड्दा यो क्षतिपूर्ति रकम अपर्याप्त छ । जिल्ला अदालतले प्रहरीलाई प्रहरी निरीक्षक जय नारायण यादवका विरुद्ध विभागीय कारबाही गर्नका लागि समेत आदेश दियो । अदालतको आदेश हालका मितिसम्म पालन गरिएको छैन ।*

## राष्ट्रिय मानवअधिकार आयोगका सिफारिस कार्यान्वयनमा कमी

माथि नै उल्लेख गरिएबमोजिम सरकारले राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसको कार्यान्वयन गर्नबाट चुकेको छ, विशेषगरी थप अनुसन्धान र कारबाही वा विभागीय कारबाहीको सिफारिसलाई सरकारले बेवास्ता गरेको छ । राष्ट्रिय मानवअधिकार आयोगका अनुसार "कारबाही तथा विभागीय कारबाहीका सम्बन्धमा सरकारका प्रयास निराशाजनक छन् । सरकार परिपूरणमा बढी चासो राख्दछ ।"[27] वास्तवमा राष्ट्रिय मानवअधिकार आयोगले पीडकलाई कारबाही गर्न सरकारलाई गरेको कुनै पनि सिफारिस कार्यान्वयन भएको छैन । मानवअधिकार उल्लंघनका पीडितलाई क्षतिपूर्ति दिन राष्ट्रिय मानवअधिकार आयोगले सरकारलाई गरेको सिफारिसलाई कार्यान्वयन गर्न सरकारले चालेको कदमको सन्दर्भ राष्ट्रिय मानवअधिकार आयोगले दिएको छ जसअनुसार "यो प्रयोजनका लागि लगभग रु ७ करोड रकम विनियोजन भएको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार उल्लंघनमा परेका उजुरीउपर भएका सिफारिसमध्ये नगण्यमा मात्र कार्यान्वयन भएका छन् ।"[28]

[27] Advocacy Forum - NHRC Interview 10 May 2011.

[28] Ibid and NHRC Report "NHRC Recommendations upon Complaints in a Decade", p. 13.

*उजुरीउपर राज्यको प्रतिक्रिया : राजनीतिक इच्छाशक्तिको अभाव*

विश्वव्यापी आवधिक समीक्षाको सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवलोकनकर्ताको अवलोकन तथा आलोचनामाथि प्रतिक्रिया दिँदै सरकारले यातनाको व्यापक प्रयोग नेपालमा भएको कुराको खण्डन गऱ्यो : "नेपाल कुनै पनि किसिमको यातनालाई सहँदैन । नेपालमा सुव्यवस्थित यातनाको अभ्यास छैन । यातना रोकथामका लागि पर्याप्त संवैधानिक तथा कानुनी सुरक्षाउपायहरू छन् र यातनाविरूद्धको महासन्धिका व्यवस्थालाई समावेश गरेको विशेष विधेयक बनाउनका लागि सक्रियता देखाइएको छ ।"[29]

द्वन्द्वका दौरान तथा द्वन्द्वपश्चात् भएका मानवअधिकार उल्लंघनमा राज्य तथा गैरराज्य कर्तालाई जवाफदेही बनाउनमा सरकारले खासै चासो देखाएको छैन । पाँचौं अध्यायमा उल्लेख भएबमोजिम यातनासम्बन्धी विशेष प्रतिवेदकले २०६१ मा गरेको नेपाल भ्रमणपछि दिएको सिफारिसको समीक्षा गर्दै निकालेको निष्कर्षअनुसार दण्डहीनताको यो वातावरणमा यातनाको अभ्यास विद्यमान नै रहेको छ ।[30] द्वन्द्वका दौरान वा त्यसपछि भएका मानवअधिकार उल्लंघनका मुद्दामा नागरिक अदालतमा आजका मितिसम्म एउटा पनि फौजदारी कारबाही भएको छैन ।

मानवअधिकार उल्लंघनका मुद्दामा दोषीलाई कारबाही गर्नबाट रोक्ने उल्लेखनीय बाधा भनेको प्रहरी, सरकारी वकिल र न्यायपालिकाले प्राप्त प्रमाणका आधारमा काम गर्नलाई हिच्किचाउनु हो । २०६३ को अन्तरिम संविधानको दफा १३५(३)(ग) अन्तर्गत महान्यायाधिवक्ताको विभागलाई हिरासतमा भएको दुर्व्यवहारउपर अनुसन्धान तथा रोकथाम गर्नका लागि अधिकार दिइएकोले गर्दा केही फौजदारी कारबाही हुनेछन् भन्ने आस पलाएको थियो । तर महान्यायाधिवक्ताको कार्यालय यो कार्य गर्न अत्यन्तै अनिच्छुक रहेको प्रतीत हुन्छ । चैत २०६६ मा एड्भोकेसी फोरमले पूर्व महान्यायाधिवक्ता भरतबहादुर कार्कीसँग भेट गर्दा विभागबाट कुनै किसिमको प्रतिक्रिया आउने नगरेको भनी कुरा उठाएको थियो । महान्यायाधिवक्ताका अनुसार प्रत्येक संस्थालाई प्रतिक्रिया पठाउने कार्यादेश महान्यायाधिवक्ताको विभागको होइन र यो विभाग अनुसन्धान निकाय होइन । यसको त आफूलाई प्राप्त मुद्दामा प्रहरीले गरेको अनुसन्धानमाथि निरीक्षण गर्ने अधिकार रहन्छ । मुद्दाहरू अनुसन्धानका लागि नेपाल प्रहरीको मानवअधिकार इकाइ र राष्ट्रिय मानवअधिकार आयोगलाई पठाउन एड्भोकेसी फोरमलाई उनले सल्लाह दिए किनकि ती अनुसन्धान निकाय हुन् । यी निकायसमेतलाई मुद्दा पठाउने गरेको भनी एड्भोकेसी फोरमले उनलाई जानकारी दियो । आजका मितिसम्म एड्भोकेसी फोरमले महान्यायाधिवक्ताको कार्यालयबाट एउटा मात्र प्रतिक्रिया प्राप्त गरेको छ, धनराज कार्कीको मुद्दाका सम्बन्धमा । यसमा एड्भोकेसी फोरमले नेपाल प्रहरी तथा महान्यायाधिवक्ताको कार्यालय दुवैलाई सिफारिस गरेको थियो ।

---

[29] Report of the Working Group on the Universal Periodic Review, Human Rights Council Seventeenth session, A/HRC/17/5, 8 March 2010, p. 12, para. 101.

[30] Report of the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Manfred Nowak Follow-up to the recommendations made by the Special Rapporteur, Human Rights Council Thirteenth session, United Nations General Assembly, A/HRC/13/39/Add.6, 26 February 2010, para. 456.

नेपाल प्रहरीले यो मुद्दामा अनुसन्धान गरी आफ्नो प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयलाई पठाएको थियो । महान्यायाधिवक्ताले त्यसपछि प्रहरी अनुसन्धानको प्रतिवेदन एड्भोकेसी फोरमलाई उपलब्ध गराएका थिए ।

## राजनीतिक मुद्दा फिर्ता

नेपालमा राजनीतिक सम्पर्क भएका व्यक्तिका विरूद्ध चलेका सयौं मुद्दाहरू फिर्ता गरिएका छन् । मन्त्रिपरिषद्का दुईओटा निर्णयले अदालतमा विचाराधीन ६०० भन्दा बढी फौजदारी अभियोगका मुद्दा (ज्यान मार्ने तथा जबर्जस्ती करणीसहित) फिर्ता लिने अधिकार दिएका छन् । प्रधानमन्त्री झलनाथ खनाल नेतृत्वको वर्तमान सरकारले यो अभ्यासलाई निरन्तरता दिने योजना बनाएको प्रतीत हुन्छ । उपप्रधान तथा गृहमन्त्री कृष्ण बहादुर महराले २०६८ जेठ ६ गते सञ्चारमाध्यमसँग कुरा गर्दै बताएअनुसार : "राजनीतिक प्रकृतिका तथा द्वन्द्वकालीन मुद्दा खारेज गरिनुपर्दछ । द्वन्द्वकालका मुद्दा विस्तृत शान्ति सम्झौताको भावनाविपरीत छन् र तिनलाई फिर्ता लिनुपर्दछ ।"[31]

मुद्दा फिर्ता कार्यविधि सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा २९ मा उल्लेख गरिएको छ । यसका अनुसार मुद्दा फिर्ता त्यतिबेलामा सम्भव हुन्छ जब सम्बन्धित दुवै पक्षका बीच मेलमिलाप हुन्छ (औपचारिक रूपमा अभियोग फिर्ता होइन) वा अदालतले सरकारको प्रस्तावउपर सहमति जनाउँछ । सरकारी मुद्दा फिर्ता गर्दा अपनाउनुपर्ने कार्यविधि तथा मापदण्ड २०५५ (२०५५ मापदण्ड) ले फिर्ता लिनका लागि योग्य फौजदारी मुद्दाको प्रगति र अपनाउनुपर्ने प्रक्रियालाई थप प्रस्ट पारेका छन् ।[32]

गगन राय यादवको मुद्दामा सर्वोच्च अदालतको निर्णय जसमा मुद्दा फिर्ताको आदेश matter of course का रूपमा गर्न नहुने भनी अदालतको अडान थियो । यसका बाबजुद जिल्ला अदालतका न्यायाधीशले मुद्दा फिर्ताको निवेदनलाई स्वीकार गरिनैरहेका छन् र बताइएअनुसार अत्यन्त कम मात्रामा जिल्ला अदालतले मुद्दा फिर्ता लिने सरकारको निर्णयलाई परीक्षण गरेका छन् वा फिर्ता लिनका लागि विमति जनाएका छन् । वास्तवमा, एकजना कानुन व्यवसायीले मुद्दा फिर्तालाई अनुमति दिने जिल्ला अदालतको एक निर्णयउपर पुनरावेदन गरेका थिए र स्थगनको आदेश गराएका थिए ।

---

[31] Republica, 'Mahara indicates withdrawal of cases against Sapkota, others', 20 May 2011, http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=31508

[32] The 1998 Standards classify criminal cases into two broad groups: 1) cases of political nature (Section 3, 4 and 5 of the Crime Against State Act -1989); and 2) general cases (filed under existing laws of Nepal, including homicide, corruption, rape, robbery, drug peddling.) The 1998 Standards provide that the second category of offences shall only be withdrawn in the rarest of instances, taking into account circumstantial evidence, any prior criminal history of the accused, social standing of the accused, and other related factors, including whether the case is filed with a motive of political vengeance or malicious intent.

*कल्पना भण्डारी द्वन्द्वका दौरान काभ्रेमा प्रहरी हवलदार थिइन् । उनको श्रीमान्लाई माओवादीले मारेका थिए । उनलाई जबर्जस्ती विस्थापित गरिएको थियो र उनी काठमाडौंमा आन्तरिक विस्थापितहरूले बस्ने गरेको अस्थायी क्याम्पमा बस्ने गर्दथिन् । २०६४ जेठ ३ गते एउटा विरोध कार्यक्रममा संलग्न भएपछि सशस्त्र बर्दीवाल पुरुष प्रहरीले गिरफ्तार गरे । ती प्रहरीलाई गौशाला महानगरीय प्रहरी प्रभागका प्रहरी निरीक्षक जयराम सापकोटा तथा नयाँ बानेश्वर महानगरीय प्रहरी वृत्तका प्रहरी निरीक्षक हीराबहादुर पाण्डेले कल्पनालाई पक्रने आदेश दिएका थिए । उनीहरू आन्तरिक शरणार्थी शिविरमा आई उनी बसेको पालमा छिरे, उनलाई पक्रिए, पिटे, अपमानित गरे, बलात्कार गर्ने र बालबच्चाको अगाडि नै मारिदिने धम्की दिए । एक घन्टाको शारीरिक तथा बोलीवचनको दुर्व्यवहारपछि प्रहरीले उनलाई घिसारेर प्रहरीको भ्यानमा कोचे र त्यो भ्यानमा बुट लगाएका प्रहरीले उनको पेटमा लगातार लात्ताले हानिरहे । उनले पानी पानी भनेर चिच्याउँदा एउटा प्रहरीलाई उभन्दा माथिको अधिकृतले त्यसको मुखमा मुतिदे भन्यो । प्रहरी हिरासतमा पुऱ्याएपछि उनलाई बुट लगाएका पुरुष प्रहरी अधिकृतले निर्मम तवरले तिघ्रा तथा स्तनमा लात्ताले बजाएको बजायै गरे । धेरै पिटाइ खाएपछि उनको गर्भाशयबाट रगत आउन थाल्यो । उनी बेहोस भएपछि प्रहरीहरूले उनलाई थापाथलीस्थित प्रसूती गृह पुऱ्याए ।[33] चिकित्सकले उनको गर्भाशयको एक्सरे गर्नुपर्ने भनी बताए पनि उनलाई अन्य उपचार गर्न दिइएन । बरु उनलाई केही औषधि दिएर विभिन्न प्रहरी कार्यालयमा सारियो र कैयौं दिनसम्म थुनेर राखियो । अचानक पछि उनीविरुद्धको अभियोग फिर्ता लिइयो र कुनै कारण नदेखाइकनै उनलाई रिहा गरियो ।*

*२०६४ जेठ २८ गते उनले यातना क्षतिपूर्तिका लागि काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिन् । उनलाई यातना दिनमा संलग्नमध्ये एक प्रहरी निरीक्षक हीराबहादुर पाण्डेले उनलाई मुद्दा फिर्ता लिनका लागि दबाब दिन खोजे । एएचसिआरका अनुसार उनले कल्याण बुढाथोकीलाई फोन गरे । कल्याण कल्पनासँगै गिरफ्तार भएका थिए । पाण्डेले कल्याणलाई भने, "कल्पनाले हामीविरुद्ध मुद्दा हालेकी रहिछ । त्यसलाई मुद्दा फिर्ता गर्नु भनी सुनाइदिनु । त्यसले मुद्दा फिर्ता गरिन भने एउटा कुनै अभियोग लगाएर म त्यसलाई थुन्छु र त्यसको हुर्मत लिन्छु ।"[34] २०६५ असार १ गते उनलाई अदालतले यातना क्षतिपूर्ति ऐनअन्तर्गत रु ६०,००० क्षतिपूर्ति दिनु भनी आदेश दियो तर हालका मितिसम्म उनले त्यो रकम हात पारेकी छैनन् । अदालतले उनलाई पीडितको रूपमा लिएर क्षतिपूर्ति दिलाउन प्रयास गरे पनि पीडकका विरुद्ध कुनै कदम चाल्ने आदेश दिएन ।*

*त्यसपछि उनलाई नेपाली काँग्रेसका एक सदस्यले बस्ने ठाउँ दिए । २०६८ वैशाख २८ गते वाइसिएलका सदस्यहरू उनका घरमा आए र उनी बसेको जग्गा आफ्नो भएको दाबी गरे । त्यतिबेला तिनीहरूले उनलाई निर्मम तरिकाले पिटे । एड्भोकेसी फोरमले २०६८ जेठ १३ गते उनको अन्तर्वार्ता लिँदा उनको हात, पाखुरा र गोडामा कुटपिटका डाम देखिन्थे । उनलाई टाउकोमा बेसरी हिर्काएको हुनाले टाउकोको स्क्यानसमेत गर्नुपरेको थियो । उनलाई घर जान डर लाग्दछ र वाइसिएलका सदस्य फेरि आउलान् भन्ने उनको आशंका छ ।*

[33] Advocacy Forum, “Hope and Frustration, Assessing the Impact of Nepal’s Torture Compensation Act – 1996", 26 June 2008, p. 33.

[34] Asian Human Rights Commission, Update on Urgent Appeal “Torture and sexual molestation victim receives threats from the police for registering a case in court” July 5, 2007, http://www.humanrights.asia/news/urgent-appeals/UP-094-2007

*उनले दोषीहरूको विरुद्ध उजुरी गरेपछि प्रहरीले तिनीहरूलाई पक्रेर हिरासतमा राख्यो । तर पछि प्रहरी उपरीक्षक राधिका खड्काले उनलाई सुनाइन्, "माओवादीहरू थुनास्थलमा आएका थिए र तिनीहरूले पक्रिएका सबैलाई छोड्न प्रहरीलाई दबाब दिए । प्रहरीले दबाबमा झुक्नुको अलावा कुनै विकल्प थिएन ।" चारैजना थुनुवालाई चार दिन थुनेपछि रिहा गरियो । अझ, कल्पना माओवादीका नेता कृष्णबहादुर महरा र किरन वैद्यलाई भेट्न जाँदा दुवैजनाले घटनामा माओवादीको संलग्नता नरहेको बताए ।*

## आलोचनाप्रति सरकारको प्रतिक्रिया

सरकारले हालसालै विश्वव्यापी आवधिक समीक्षाजस्ता अवसरका दौरान दण्डहीनताविरुद्ध लड्ने[35] प्रण गरेपनि विगतका अपराधमा कुनै पनि किसिमको कारबाही नगर्नुबाट पीडकलाई कारबाही गर्ने उसको प्रतिबद्धताको विश्वसनीयतामा गम्भीर आघात पुगेको छ ।

२०६७ माघ ११ गते सम्पन्न विश्वव्यापी आवधिक समीक्षाका दौरान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार रक्षकहरूले दण्डहीनताका सम्बन्धमा चिन्ता व्यक्त गरेका थिए । विश्वव्यापी आवधिक समीक्षा कार्यदलका २० सरोकारवालाले पेश गरेको प्रतिवेदनमा यातना, जबर्जस्ती करणी तथा यौन हिंसालगायतका विगतमा भएका मानवअधिकार उल्लंघनमा विद्यमान दण्डहीनतालाई जोड दिइएको थियो । सेना तथा प्रहरीका मानवअधिकार इकाइको सन्दर्भ पेश गर्दै सरकारले घोषणा गरेअनुसार नेपाली सेना तथा प्रहरीले गठन गरेका अनुसन्धान निकाय तथा संस्थानले समेत दण्डहीनताको सामना गर्न ठूलो योगदान गरेका छन् । तर सरकारको यो दाबीलाई धेरै प्रतिवेदनहरूले चुनौती दिएका छन् । एड्भोकेसी फोरमले प्रहरीको मानवअधिकार इकाइका सम्बन्धमा आफैँले गरेको अनुसन्धान तथा खोजबिन अनि उनीहरूले गर्ने गलत अनुसन्धान तथा पीडकका विरुद्ध पर्याप्त मात्रामा दण्ड सिफारिस गर्नबाट उनीहरू चुक्नुले पनि यो दाबी भूटो ठहर्छ (अध्याय ३ हेर्नुहोस्) । सरकारले अझ राष्ट्रिय मावअधिकार संस्थानको कामलाई सन्दर्भित गऱ्यो र मानवअधिकार इकाइको कामलाई राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रिय महिला आयोगको कामको पूरकका रूपमा वर्णन गऱ्यो । तेस्रो अध्यायमा बताइएअनुसार मानवअधिकार इकाइहरू यातनाविरुद्धको विश्वसनीय सुरक्षाउपायको योग्यता राख्दैनन् र राष्ट्रिय मानवअधिकार आयोग (अनि केही हदसम्म राष्ट्रिय महिला आयोग) को अनुसन्धान संयन्त्रका रूपमा प्रभावकारितामाथि लगातार प्रश्न उठ्ने गरेका छन् । नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयले माघ २०६७ मा यस्तो प्रश्न उठाएको थियो ।[36]

---

[35] The Government of Nepal declared “Nepal is committed to end impunity”, Report of the Working Group on the Universal Periodic Review, Human Rights Council Seventeenth session, A/HRC/17/5, 8 March 2010, p. 4, para. 10.

[36] The OHCHR noted regarding the NHRC, NWC and National Dalit Commission that “all three Commissions remain significantly under-resourced and the implementation rate of their recommendations remains low”, Report of the United Nations High Commissioner for Human Rights on the human rights situation and the activities of her office, including technical cooperation, in Nepal, United Nations General Assembly, Human Rights Council, Sixteenth session A/HRC/16/23, 16 February 2011, p. 13, para. 49.

## ४. पर्याप्त तदारुकताको अभाव

राज्यका अधिकारीले गर्ने यातना तथा अन्य दुर्व्यवहारमा अनुसन्धान, कारबाही तथा परिपूरणको अभाव त छँदैछ, (घरेलु हिंसा तथा अन्य लैङ्गिक हिंसालगायत) यातनाको तहमा पुग्ने अपराध निजी व्यक्तिले गरेकोमा त्यसलाई रोक्न सरकारी अधिकारीले पर्याप्त तदारुकता देखाउन नसक्नुले पनि गम्भीर चिन्ता उब्जाएको छ ।

महिलाविरुद्ध हुने हिंसा निर्मूल गर्नेसम्बन्धी संरासं घोषणाले महिलाविरुद्धको हिंसाका सम्बन्धमा राज्यको पर्याप्त तदारुकतालाई यसरी परिभाषित गरेको छ : "राज्यहरूले सबै उपलब्ध माध्यम प्रयोग गरी तथा ढिलाइ नगरी महिलाविरुद्धको हिंसालाई निर्मूल गर्नका लागि नीति कार्यान्वयन गर्नुपर्दछ र यो उपलब्धि हासिल गर्नका लागि महिलाविरुद्ध हुने हिंसा राज्य वा निजी व्यक्ति जसले गरेको भए पनि त्यसलाई रोकथाम, अनुसन्धान र राष्ट्रिय कानुनबमोजिम सजाय गर्नका लागि पर्याप्त तदारुकता देखाउनुपर्दछ ।"[37]

महिलाविरुद्धको भेदभाव निर्मूल गर्नका लागि बनेको समिति (सिड) ले नेपाललाई आफ्नो भू-भागमा जहाँसुकै महिलाविरुद्धका हिंसाका घटना भए पनि रोकथाम, अनुसन्धान तथा क्षतिपूर्ति प्रदान गर्ने बाध्यता तोकेको छ ।[38] अझ, महिलाविरुद्ध हुने हिंसा निर्मूल गर्नेसम्बन्धी संरासं घोषणाका अनुसार हिंसाको सिकार भएका महिलालाई न्यायका संयन्त्रमा पहुँच दिनुपर्दछ र राष्ट्रिय कानुनअनुसार पीडित महिलामाथि भएका हानिका लागि न्यायपूर्ण तथा प्रभावकारी उपचार प्रदान गर्नुपर्दछ । यस्ता संयन्त्रमार्फत क्षतिपूर्ति प्राप्त गर्ने उनीहरूको अधिकारका बारेमा समेत सरकारले महिलाहरूलाई जानकारी गराउनुपर्दछ ।[39]

महिलाविरुद्धको हिंसासम्बन्धी विशेष प्रतिवेदकका अनुसार महिलाविरुद्ध हुने हिंसाका अपराधका सम्बन्धमा सरकारको निष्क्रियता नै सायद महिलाविरुद्धको हिंसाको सबैभन्दा ठूलो कारण हो । उनले थप रूपमा भनिन्, "अन्तर्राष्ट्रिय समुदायले हालसालै स्थापित गरेको मापदण्डका सन्दर्भमा[40] महिलाविरुद्धको हिंसाका अपराध रोक्न कदम नचाल्ने राज्य पीडकजत्तिकै दोषी हुन्छ । महिलाविरुद्ध हुने हिंसासँग सम्बन्धित अपराधलाई रोकथाम, अनुसन्धान तथा दण्ड गर्ने कर्तव्य राज्यको हुन्छ ।"[41]

जबर्जस्ती करणीको मुद्दामा प्रमाणभार विशेषगरी समस्याको रूपमा रहन्छ । प्रायः जसो पीडितका परिवार निरक्षर तथा गरिब हुन्छन् र स्वास्थ्य परीक्षण अनि प्रमाण संरक्षणको महत्व उनीहरूलाई थाहा

[37] United Nations Declaration on the Elimination of Violence against Women, United Nations General Assembly, 85th plenary meeting, A/RES/48/104, 20 December 1993, Art. 4(c).

[38] Committee on the Elimination of Discrimination against Women, General Recommendations 19 (1992).

[39] Declaration on the Elimination of Violence against Women, United Nations General Assembly 85th plenary meeting, A/RES/48/104, 20 December 1993, Art. 4(d).

[40] This applied to Nepal as it has, among others, ratified the Convention on the Elimination of All Forms of Discrimination Against Women (CEDAW).

[41] Preliminary report submitted by the Special Rapporteur on violence against women, its causes and consequences, Ms. RadhikaCoomaraswamy, Commission on Human Rights Fiftieth session, E/CN.4/1995/42, 22 November 1994, Section II, G, para. 72.

हुँदैन । यसकारणले पीडितहरू करणी भएको धेरै दिनपछि मात्र अस्पताल जान्छन् । दुर्गम क्षेत्रमा करणी पीडितले अस्पताल पुग्न धेरै दिन हिँड्नुपर्ने बाध्यता हुन्छ र यसले गर्दा प्रमाण नष्ट हुने सम्भावना बढ्दछ । स्वास्थ्य जाँच सरकारी अस्पतालमा गरिन्छन् जहाँ पीडितले लामो समयसम्म लाइनमा बस्नुपर्ने हुन्छ र यसले गर्दा उनीहरूलाई थप शारीरिक तथा मानसिक भार पर्न आउँछ ।

करणीका घटनाको जानकारी दिने आघातपूर्ण अनुभवलाई ३५ दिने हदम्यादको व्यवस्थाले झन् गाह्रो बनाउँछ । यसका अलावा करणीको प्रमाण स्थापना गर्ने सर्तहरू सन्तोषजनक छैनन् । चिकित्सकहरूले परीक्षण गर्दा विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डअनुरूप गर्नुपर्दछ ।[42] जस्तै, परीक्षण उपयुक्त ठाउँमा भएका छन् भन्ने सुनिश्चित गर्नुपर्दछ । उदाहरणका लागि, करणीका बखत लगाइएको लुगा निकाल्नु छ र फोरेन्सिक प्रमाण जुटाउनु छ भने बिरामीलाई सेतो तन्ना वा हल्का कागजको ठूलो टुक्राले छोप्नुपर्दछ ।[43] अझ, विश्व स्वास्थ्य संगठनको निर्देशिकाले उल्लेख गरेअनुसार परीक्षण हल्का, न्यानो, सफा र एकान्त स्थानमा गर्नुपर्दछ । आदर्श रूपमा भन्नुपर्दा परीक्षण स्थलमा अरूले नसुन्ने तथा बिरामीले शारीरिक गोप्यता राख्नसक्ने व्यवस्था गर्नुपर्दछ र लुगा फेर्नका लागि छुट्टै स्थान उपलब्ध गराउनुपर्दछ ।[44] निर्देशिकाले केमा पनि जोड दिएका छन् भने पीडितको सम्पूर्ण शरीर तिघ्रा, पाइताला र नाडीलगायत (प्रतिकार गर्दा लागेको हुनसक्ने घाउ) को परीक्षण गर्नुपर्दछ ।[45] नेपालमा भने परीक्षण गर्दा योनिमा पुगेको क्षति र लिङ्गको प्रवेशलाई मात्र विचार गर्ने गरिएको छ । प्रयोगशाला, विज्ञ तथा अनुसन्धान अधिकारीको अभावमा सबै जिल्लामा करणीका पीडितको शारीरिक अवस्थालाई उपयुक्त तवरले तथा सम्पूर्णतया परीक्षण गरिएको पाइँदैन र यसले गर्दा पीडितले करणी भएको भन्ने दाबीलाई सशक्त बनाउने स्वास्थ्य परीक्षणको प्रमाण उपलब्ध गराउन सक्दैनन् ।

### *महिलाको न्यायमा पहुँच*

नेपाली महिला औपचारिक माध्यम प्रयोग गरेर परिपूरण खोज्ने चेष्टा गर्दैनन् । यो मुख्यतः खर्चको कारणले गर्दा हो,[46] महिलाहरू गरिब तप्कामा पर्दछन ।[47] यसमा अर्को कारण के पनि हो भने पुरुषको रजाइँ चलेको नेपाली न्यायपालिकाले महिलाविरूद्ध पक्षपाती धारणा राख्दछ भन्ने महिलाहरूको बुझाइ छ ।[48] महिलाहरू प्रायः अनौपचारिक न्याय संयन्त्रसमक्ष पुग्छन् किनकि उनीहरूलाई प्रहरी वा

---

[42] Guidelines for medico-legal care for victims of sexual violence, World Health Organization 2003.

[43] Ibid., p. 38.

[44] Ibid., p. 38.

[45] Ibid., p. 39-41.

[46] UNDP Nepal Outcome Evaluation of UNDP Nepal Access to Justice and Human Rights 2001-2010.

[47] According to the Report of the NHRI of Nepal on the UPR Processes, "In general women fall among the poorer section of population. Estimated income of women in the country is only 0.408 as compared to 0.503 of men", p. 6, para. 44.

[48] Nepal Bar Association, "Ringing the Equality Bell, the Role of Women Lawyers in promoting Gender Equality in Nepal" August 2009, p. 7.

उनीहरूको आफ्नै परिवारले यसो गर्न लगाउँछन् र त्यस्ता संयन्त्रले कम खर्चमा "तत्काल न्याय" पनि दिलाउँछन् ।[49] लैङ्गिक हिंसा तथा यौन दुर्व्यवहारको संवेदनशील प्रकृतिले गर्दा समेत महिलालाई आफूमाथि भएको दुर्व्यवहारको सूचना दिन गाह्रो लाग्छ । अझ, न्यायमा पहुँच महिला प्रहरी अधिकृतको अभावले गर्दा पुग्दैन । महिलाले पुरुष प्रहरी अधिकृतहरूलाई विरलै मात्र आफ्नो रहस्य खोल्दछन्, विशेषगरी यौन हिंसाको सवालमा । त्यसैगरी लैङ्गिक हिंसासम्बन्धी राम्रो तालिम प्रहरीले पाएका हुँदैनन् । सेलर्डले गरेको एक अध्ययनअनुसार प्रहरी अनुसन्धानका दौरान आफूहरूमाथि दुर्व्यवहार भएको भनी ५४% महिलाले बताएका थिए ।[50]

एड्भोकेसी फोरमले भेटेको तथ्यअनुसार विशेषगरी दलित तथा जनजाति महिलाले करणी र अन्य किसिमका हिंसाको उजुरी दिने इच्छा उनीहरूको नभएको बताए किनकि उनीहरूलाई न्याय पाइन्छ भन्नेमा विश्वासै छैन । उनीहरूको के अनुभव छ भने प्रहरीहरू कि त उजुरी नै दर्ता गरिदिँदैनन् कि त उचित अनुसन्धान नै गर्दैनन् । त्यसैले उनीहरूलाई करणीलगायतका हिंसा सहनुबाहेक अरू कुनै विकल्प छ भन्ने लाग्दैन ।

करणी तथा यौन हिंसाले पीडितमा विनाशकारी मानसिक, शारीरिक तथा आर्थिक असर पार्दछ र महिलाको परिवार अनि समुदायसँगको सम्बन्धलाई सोझै बिगार्दछ । निरक्षरता, गरिबी, परम्परा, अन्धविश्वास, संस्कृति तथा लज्जाले गर्दा करणी पीडितलाई जाहेरी दर्ता गराउन हतोत्साहित गर्दछ । अझ, पीडितलाई घटना उजागर नगर्न पीडक तथा कुनै कुनै मुद्दामा पीडितको आफ्नै परिवारले समेत दबाब दिन्छन् ।[51] पीडकले पीडितको आर्थिक अवस्थाको फाइदा उठाउँदै मौन रहेकोमा क्षतिपूर्ति दिने गर्दछन् ।

औपचारिक न्यायका संयन्त्रको सार्वजनिक प्रकृतिले गर्दासमेत करणी तथा यौन हिंसाका पीडितलाई उजुरी दर्ता गर्नबाट हतोत्साहित बनाउँछन् किनकि उनीहरू सांस्कृतिक कलंक लाग्छ भनी डराउँछन् । अविवाहित महिला तथा तिनका परिवारले यस्तो उजुरी गरेमा श्रीमान् पाउने सम्भावना नरहने भनी तथा विवाहित महिलाले उनका श्रीमान् तथा परिवारले नस्वीकार्ने भनी ठान्दछन् ।

## *लैंगिक हिंसा रोकथाम गर्ने नेपालको रणनीति*

नेपालमा द्वन्द्वपश्चात् महिलाविरुद्धको हिंसालाई सम्बोधन गर्न केही उपायहरू अपनाइएका छन् । उदाहरणका लागि, विस्तृत शान्ति सम्झौताले लैङ्गिक हिंसालाई निषेध गर्ने केही व्यवस्था समावेश

[49] Forum for Women Law and Development (FWLD), the Institute for Human Rights and Communication Nepal (IHRICON), International Alert and Saferworld, "Security and justice in Nepal District assessment ûndings", March 2010.

[50] The Center for Legal Research and Resource Development, "Impact of Corruption in Criminal Justice System on Women", 8 October 1999.

[51] Human Rights Watch, 'No justice for gang-rape victim', 15 March 2011, http://www.hrw.org/en/news/2011/03/15/nepal-no-justice-gang-rape-victim

गरेको छ : "महिला तथा बालबालिकाको अधिकारको विशेष संरक्षण, बालश्रमका अलावा यौन शोषण तथा दुर्व्यवहारलगायतका महिला तथा बालबालिकाविरूद्ध हुने सबै किसिमका हिंसालाई तत्काल रोक्न दुवै पक्ष सहमत छन् ।" अझ, अन्तरिम संविधानले "महिलाविरूद्ध हुने शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको हिंसा" लाई निषेध गरेको छ ।[52]

नेपालले महिलाविरूद्धको हिंसा अन्त्य गर्नका लागि केही प्रतिबद्धता देखाएको छ । उदाहरणका लागि, उसले सन् २०१० लाई लैङ्गिक हिंसाविरूद्धको वर्ष भनी घोषणा गरेको छ । सन् २०१० मै प्रधानमन्त्रीको कार्यालय तथा मन्त्रिपरिषद्ले पनि लैङ्गिक हिंसाविरूद्धको वर्षका अवसरमा नेपाल राष्ट्रिय कार्ययोजनासमेत सुरु गरेका थिए । कार्ययोजनाको लक्ष्यअन्तर्गत लैङ्गिक हिंसाविरूद्ध जनचेतना जगाउने, पीडकलाई सजाय दिने तथा पीडितलाई न्यायमा पहुँच सुनिश्चित गर्ने काम पर्दछन् ।[53] अहिले नै यसको बारेमा कुनै किसिमको निष्कर्ष निकाल्नु उपयुक्त हुँदैन तर कार्ययोजनाले सरकारको असल नियत भने झल्काउँछ । कार्ययोजनाले गठन गरेको एक प्रमुख संयन्त्र, अधिकांश जिल्लामा लैङ्गिक हिंसासम्बन्धी डेस्क बनाउने काम, लाई ओएचसिएचआरले स्वागत गऱ्यो ।[54] "यसका अलावा पीडितको संरक्षण र पुनःस्थापनाका लागि सेवा तथा समुदाय केन्द्रको स्थापना गर्ने र यसअन्तर्गत प्रहरी तालिम पाठ्यक्रममा लैङ्गिक हिंसालाई समावेश गर्ने तथा राज्का अधिकारीले लैङ्गिक हिंसालाई रोकथाम तथा प्रतिक्रिया गर्नका लागि आदर्श कार्यविधि विकास गर्ने कामसमेत पर्दछन् जुन स्वागतयोग्य छ ।"[55]

अझ, सरकारले २०६६ मा घरेलु हिंसा (कसुर तथा सजाय) ऐन निर्माण गरेको छ र सरकारले आवश्यक नियमावली बनाएपछि यो असोज २०६७ देखि लागू भयो ।[56] ऐनका केही कमजोर व्यवस्थाको पहिचान भएका छन् । उदाहरणका लागि, यस्तो हिंसामा संलग्न भनिएको पीडकलाई अभियोगउपर अनुसन्धानका बखत हिरासतमा राख्ने व्यवस्था ऐनले गर्दैन ।[57]

---

[52] Article 20, Interim Constitution of Nepal 2007.

[53] National Plan of Action for "Year Against Gender Based Violence, 2010" Government of Nepal Office of the Prime Minister and Council of Ministers, 25 November 2009. http://www.engagingmen.net/files/resources/2010/Ibelbase/National_Plan_of_Action_for_Year_Against_Gender_Based_Violence_2010.pdf

[54] Advocacy Forum - NWC Interview, 18 May 2011: It seems not much has been done in this regard – the government's pledge to create Women human rights desks in CDOs has, according to the NWC, insufficiently been implemented.

[55] Report of the United Nations High Commissioner for Human Rights on the human rights situation and the activities of her office, including technical cooperation, in Nepal, United Nations General Assembly, Human Rights Council, Sixteenth session A/HRC/16/23, 16 February 2011, para. 67.

[56] OHCHR Report of the United Nations High Commissioner for Human Rights on the human rights situation and the activities of her office, including technical cooperation, in Nepal? United Nations General Assembly, Human Rights Council, Sixteenth session A/HRC/16/23, 16 February 2011, para. 66.

[57] The NGO Saathi has also voiced concern regarding practical implementation of the Act: "Law enforcement aspect is weak and no significant progress has been made" in Strict law implementation sought to end gender violence, The Rising Nepal, 1 December 2010.

Other problematic areas of the Act have been identified by the International Centre for Transitional Justice and Advocacy Forum, "Across the Lines, the impact of Nepal's conflict on women", ICTJ and Advocacy Forum, p. 72.

# निष्कर्ष तथा सुझाव

द्वन्द्वपश्चात्को सुरुआती समयमा पुरुष तथा महिला थुनुवामाथि हुने गरेको यातनामा केही कमी आएको भए पनि हालको समयमा यसको उल्टो फेरि यातनामा वृद्धि भएको पाइन्छ । काठमाडौंलगायतका केही जिल्लामा महिलामाथि हुने यातनाको तह द्वन्द्वकालकै अनुपातको छ । व्यवहारमा केही सीमित कानुनी सुरक्षाउपाय प्रायः जतिसुकै कमजोर भए पनि तिनलाई पालना गराउनमा समेत कमी आएको छ ।

नेपालले दह्रो रूपमा यातनालाई अपराधीकरण नगरेसम्म तथा आवश्यक रोकथाममूलक उपाय नअँगालेसम्म यातनाको अभ्यास चालू नै रहनेछ ।

विशेषगरी महिलाहरूको हकमा नेपाल सरकारले निम्नलिखित सिफारिसहरूलाई प्राथमिकताकासाथ कार्यान्वयन गर्न जरुरी देखिन्छ :

१. महिलाले पूर्वपुर्पक्ष थुनामा सामना गर्नुपर्ने विशेष प्रकारका दुर्व्यवहारका जोखिमको पहिचान गर्ने र प्रहरी हिरासतमा महिलाको सुरक्षाको प्रत्याभूति गर्न उचित नीतिगत र व्यवहारिक उपाय अवलम्बन गर्ने ।

२. महिलाविरुद्ध भएका यातना र अन्य दुर्व्यवहारको सम्पूर्ण घटनाउपर स्वतन्त्र छानबिन गरी दोषीलाई कारबाही गर्ने ।

३. हिरासतभित्र महिलालाई पुरुष थुनुवाबाट व्यवस्थित रूपमा अलग राखिनुपर्ने कुराको सुनिश्चित गर्ने ।

४. पक्राउ गर्ने, स्थानान्तरण गर्ने र हिरासतमा रहँदाका समयमा महिला प्रहरीको उपस्थिति हुनुपर्ने । बन्दीप्रतिको व्यवहारकालागि न्यूनतम मापदण्ड नियमावलीले (Standard Minimum Rules for the Treatment of Prisoners) हिरासतमा रहेका महिलाको निगरानी महिला प्रहरीद्वारा हुने व्यवस्था गरेको छ ।

५. प्रहरीभित्र आन्तरिक जवाफदेहिता अभिवृद्धि गर्दै हिरासतमा रहेका महिला बन्दीका हकमा स्पष्ट कार्यपद्धति र मापदण्ड लागू गर्नुपर्ने ।

६. सबै महिला थुनुवाहरूलाई थुनास्थलमा लैजादाँ कानून व्यवसायीसँग परामर्श गर्न पाउने लगायतका सम्बद्ध सबै अधिकारहरूका बारेमा जानकारी दिनुपर्ने ।

७. थुनास्थलमा रहेका बखत सम्पूर्ण महिला बन्दीहरू कानुन व्यवसायीसँग परामर्श गर्न पाउने अधिकारसहित अन्य अधिकारका बारेमा सूचित गरिने कुराको सुनिश्चित गर्ने । इस्तानबुल प्रोटोकोलमा प्रशिक्षित चिकित्सकद्वारा अनिवार्य रूपमा र गोप्य तरिकाले स्वास्थ्य जाँच भएको सुनिश्चित गर्न बृहत्तर कार्यविधि अपनाइनुपर्ने ।[1] महिला थुनुवाहरूलाई प्रहरीको उपस्थितिविना महिला चिकित्सकद्वारा गोप्य रूपमा स्वास्थ्य जाँच गरिनुपर्दछ ।

यातनाका सन्दर्भमा एड्भोकेसी फोरम निम्नलिखित समष्टिगत सिफारिस गर्दछ :

८. यातनालाई फौजदारी कसुर साबित गर्ने एक बृहत् कानुनको प्राथमिकताका साथ अवलम्बन गरी कार्यान्वयन गर्नुपर्ने ।

९. यातनाको रोकथाम र छानबिन गर्नका लागि एक प्रभावकारी र निष्पक्ष संयन्त्र स्थापना गरी कार्यान्वयन गर्नुपर्ने ।

१०. सबै थुनुवालाई आधिकारिक थुनास्थलमा राखिएको कुराको सुनिश्चित गर्ने र निजी आवासमा व्यक्तिलाई थुनामा राख्ने अधिकारीलाई जवाफदेही बनाउनुपर्ने ।

११. यातनाविरूद्धको महासन्धिको ऐच्छिक आलेखलाई अविलम्ब अनुमोदन गरी सबैखाले थुनास्थलको स्वतन्त्र अनुगमन गर्नका लागि एक संयन्त्रको स्थापना गर्ने र हिरासत अनुगमनका लागि खटाइएका आधिकारिक व्यक्तिलाई अनुगमन गर्न रोक्ने सार्वजनिक पद धारण गरेका व्यक्तिलाई ऐनमा उल्लेख गरिएअनुसार दण्डको भागीदार बनाउनुपर्ने ।

१२. जबरजस्ती बेपत्ताविरूद्धको महासन्धिलाई अनुमोदन गरी जबरजस्ती बेपत्ता लाई फौजदारी कसुर ठहर गर्नुपर्ने ।

---

[1] The Manual on Effective Investigation and Documentation of Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (the Istanbul Protocol) available at <www.ohchr.org/Documents/Publications/training8Rev1en.pdf> accessed on 29 April 2011.

# अनुसूचीहरू

**तालिका १ - महिला यातनाको प्रवृति, २००६ - २०१०**

| | २००६ | २००७ | २००८ | २००९ | २०१० |
|---|---|---|---|---|---|
| यातनापाएको दाबीगर्ने महिलाको संख्या | २६ | १९ | २० | ३५ | ३६ |
| जम्मामहिला | १२४ | १८६ | १९७ | २५६ | ३४५ |
| यातनापाएको दाबीगर्ने महिलाको प्रतिशत | २१% | १०.२% | १०.२% | १३.७% | १०.४% |

**तालिका २ - महिला यातनाको प्रवृति - २०१०**

| | जनवरी - जुन २०१० | जुलाई - डिसेम्बर - २०१० |
|---|---|---|
| भ्रमण गरिएकाथुनुवाहरूको जम्मा संख्या | २०१५ | २१८३ |
| यातनापाएको दाबीगर्ने थुनुवाहरूको संख्या | ३१७ | ४९२ |
| यातनापाएको दाबीगर्ने थुनुवाहरूको प्रतिशत | १५.७% | २२.५% |
| भ्रमण गरिएकामहिलाहरूकाृ संख्या | १५७ | १८८ |
| यातनापाएको दाबीगर्ने महिलाको संख्या | ११ | २५ |
| यातनापाएको दाबीगर्ने महिलाको प्रतिशत | ७% | १३.३% |

## तालिका ३ - यातना पाएको दाबी गर्ने महिलाहरूको जातीय र जनजातीय पृष्ठभूमि

| | | २००७ | २००८ | २००९ | २०१० |
|---|---|---|---|---|---|
| ब्रहामण र क्षेत्री समूह | यातना पाएको दाबी गर्ने महिलाहरूको संख्या | ८ | ४ | १० | १३ |
| | यातना नपाएको | ६७ | ६८ | ८२ | १२८ |
| | यो समूहको जम्मा थुनुवा संख्या | ७५ | ७२ | ९२ | १४१ |
| | ब्रहामण, क्षेत्री महिला थुनुवाहरूको प्रतिशत | ४०.३% | ३६.५% | ३५.९% | ४०.९% |
| | ब्रहामण, क्षेत्री थुनुवाहरूको प्रतिशत | १०.७% | ५.६% | १०.९% | ९.२% |
| | यातना पाएको दाबीगर्ने जम्मा महिलामध्ये ब्रहामण, क्षेत्री महिलाको प्रतिशत | ४२.१% | २०.०% | २८.६% | ३६.१% |
| दलित समूह | यातना पाएको दाबी गर्ने महिला संख्या | १ | १ | ६ | ३ |
| | यातना नपाएको | १९ | १७ | १९ | ४४ |
| | यो समूहको जम्मा थुनुवाहरूको संख्या | २० | १८ | २५ | ४७ |
| | दलित महिला थुनुवाको प्रतिशत | १०.७% | ९.१% | ९.८% | १३.६% |
| | यातना पाएको दाबी गर्ने यो समूहको जम्मा प्रतिशत | ५.०% | ५.६% | २४.०% | ६.४% |
| | यातना पाएको दाबी गर्ने जम्मा महिलामध्ये दलित महिलाको प्रतिशत | ५.३% | ५.०% | १७.१% | ८.३% |
| जनजाति समूह | यातना पाएको दाबी गर्ने महिला संख्या | ८ | ११ | ५ | ८ |
| | यातना नपाएको | ५६ | ६५ | ७७ | ८४ |
| | यो समूहको जम्मा थुनुवाहरूको संख्या | ६४ | ७६ | ८२ | ९२ |
| | महिला थुनुवाको प्रतिशत | ३४.४% | ३८.६% | ३२.०% | २६.६% |
| | यातना पाएको दाबी गर्ने यो समूहको जम्मा प्रतिशत | १२.५% | १४.५% | ६.१% | ८.७% |
| | यातना पाएको दाबी गर्ने जम्मा महिलामध्ये जनजाति महिलाको प्रतिशत | ४२.१% | ५५% | १४.३% | २२.२% |
| नेवार समूह | यातना पाएको दाबी गर्ने महिला संख्या | १ | ० | ० | ३ |
| | यातना नपाएको | ७ | ५ | ११ | १८ |
| | यो समूहको जम्मा थुनुवाहरूको संख्या | ८ | ५ | ११ | २१ |
| | महिला थुनुवाको प्रतिशत | ४.३% | २.५% | ४.३% | ६.१% |
| | यातना पाएको दाबी गर्ने यो समूहको जम्मा प्रतिशत | १२.५% | ०.०% | ०.०% | १४.३% |
| | यातना पाएको दाबी गर्ने जम्मा महिलामध्ये नेवार महिलाको प्रतिशत | ५.३% | ०.०% | ०.०% | ८.३% |

| | | २००७ | २००८ | २००९ | २०१० |
|---|---|---|---|---|---|
| अन्य समूह | यातना पाएको दाबी गर्ने महिला संख्या | | | | |
| | यातना नपाएको | ० | १ | ६ | १ |
| | यो समूहको जम्मा थुनुवाहरूको संख्या | ८ | ६ | १६ | १४ |
| | महिला थुनुवाको प्रतिशत | ८ | ७ | २२ | १५ |
| | यातना पाएको दाबी गर्ने यो समूहको जम्मा प्रतिशत | ४.३% | ३.५% | ८.६% | ०.३% |
| | यातना पाएको दाबी गर्ने जम्मा महिलामध्ये अन्य महिलाको प्रतिशत | ०.०% | ५% | १७.१% | २.८% |
| तराई समूह | यातना पाएको दाबी गर्ने महिलाको संख्या | १ | ३ | ८ | ८ |
| | यातना नपाएको | १० | १६ | १६ | १९ |
| | यो समूहको जम्मा थुनुवाहरूको संख्या | ११ | १९ | २४ | २७ |
| | महिला थुनुवाको प्रतिशत | ५.९% | ९.६% | ९.४% | ७.८% |
| | यातना पाएको दाबी गर्ने यो समूहको जम्मा प्रतिशत | ९.१% | १५.८% | ३३.३% | २९.६% |
| | यातना पाएको दाबी गर्ने जम्मा महिलामध्ये तराई महिलाको प्रतिशत | ५.३% | १५% | २२.८% | २२.२% |

## तालिका ४ - यातनादिने ४ मुख्यअभियोगहरू

| | | २००६ | २००७ | २००८ | २००९ | २०१० |
|---|---|---|---|---|---|---|
| सार्वजनिक अपराध | यातना पाएको दाबी गर्ने महिलाको संख्या | ३ | ९ | ३ | ९ | ८ |
| | यातना पाएको दाबीगर्ने महिलाको प्रतिशत | ९.७% | १६.१% | ६.८% | १३.२% | ७.४% |
| | जम्मा अभियोग | ३१ | ५६ | ४४ | ६८ | १०८ |
| लागू औषध | यातना पाएको दाबी गर्ने महिलाको संख्या | ४ | १ | ४ | ४ | ६ |
| | यातना पाएको दाबी गर्ने महिलाको प्रतिशत | १४.३% | २.३% | १८.२% | १२.१% | १४.६% |
| | जम्मा अभियोग | २८ | ४४ | २२ | ३३ | ४१ |
| मुद्दा नचलाएको | यातना पाएको दाबी गर्ने महिलाको संख्या | ४ | ३ | ५ | ७ | ७ |
| | यातना पाएको दाबीगर्ने महिलाको प्रतिशत | ४०% | ११.१% | ११.६% | १८.९% | १७.५% |
| | जम्मा अभियोग | १० | २७ | ४३ | ३७ | ४० |
| हत्या | यातना पाएको दाबी गर्ने महिलाको संख्या | १ | १ | २ | ५ | ५ |
| | यातना पाएको दाबी गर्ने महिलाको प्रतिशत | ९.१% | ४.५ % | ८ % | १४.७ % | १०.४ % |
| | जम्मा अभियोग | ११ | २२ | २५ | ३४ | ४८ |

## तालिका ५ - स्वास्थ्य परीक्षण

| | २००६ | | २००७ | | २००८ | | २००९ | | २०१० | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | % | | % | | % | | % | | % |
| गरायो | १०३ | ८३.१ | १४५ | ७८.० | १५३ | ७७.७ | २१८ | ८५.२ | ३०१ | ८७.२ |
| गराएन | २१ | १६.९ | ४१ | २२.० | ४४ | २२.३ | ३८ | १४.८ | ४४ | १२.८ |
| जम्मा | १२४ | १०० | १८६ | १०० | १९७ | १०० | २५६ | १०० | ३४५ | १०० |

## तालिका ६ - अदालतमान्यायधिसले यातनाको बारेमा सोध्यो /सोधेन

| | | | मात्रा | प्रतिशत | भ्यालिड प्रतिशत |
|---|---|---|---|---|---|
| २००६ | भ्यालिड | सोध्यो | ६ | ४.८ | ५.३ |
| | | सोधेन | १०८ | ८७.१ | ९४.७ |
| | | जम्मा | ११४ | ९१.९ | १०० |
| | | अदालत लगिएन | १० | ८.१ | |
| | जम्मा | | १२४ | १०० | |
| २००७ | भ्यालिड | सोध्यो | १९ | १०.२ | ११.९ |
| | | सोधेन | १४० | ७५.३ | ८८.१ |
| | | जम्मा | १५९ | ८५.५ | १०० |
| | | अदालत लगिएन | २७ | १४.५ | |
| | जम्मा | | १८६ | १०० | |
| २००८ | भ्यालिड | सोध्यो | १२ | ६.१ | ७.८ |
| | | सोधेन | १४२ | ७२.१ | ९२.२ |
| | | जम्मा | १५४ | ७८.२ | १०० |
| | | अदालतलगिएन | ४३ | २१.८ | |
| | जम्मा | | १९७ | १०० | |
| २००९ | भ्यालिड | सोध्यो | १९ | ७.४ | ८.७ |
| | | सोधेन | २०० | ७८.१ | ९१.३ |
| | | जम्मा | २१९ | ८५.५ | १०० |
| | | अदालतलगिएन | ३७ | १४.५ | |
| | जम्मा | | २५६ | १०० | |
| २०१० | भ्यालिड | सोध्यो | ३३ | ९.६ | १०.८ |
| | | सोधेन | २७२ | ७८.८ | ८९.२ |
| | | जम्मा | ३०५ | ८८.४ | १०० |
| | | अदालतलगिएन | ४० | ११.६ | |
| | जम्मा | | ३४५ | १०० | |

## तालिका ७ - पत्राउपूर्जि दियो /दिएन

| | | फ्रिक्वेन्सी | प्रतिशत | भ्यालिड प्रतिशत | |
|---|---|---|---|---|---|
| २००६ | दियो | ११ | ८.९ | ८.९ | |
| | दिएन | ११३ | ९१.१ | ९१.१ | |
| | जम्मा | १२४ | १०० | १०० | |
| २००७ | दियो | ३ | १.६ | १.६ | १.६ |
| | दिएन | १८३ | ९८.४ | ९८.४ | १०० |
| | जम्मा | १८६ | १०० | १०० | |
| २००८ | दियो | ४ | २ | २ | २ |
| | दिएन | १९३ | ९८ | ९८ | १०० |
| | जम्मा | १९७ | १०० | १०० | |
| २००९ | दियो | ८१ | ३१.६ | ३१.६ | ३१.६ |
| | दिएन | १७५ | ६८.४ | ६८.४ | १०० |
| | जम्मा | २५६ | १०० | १०० | |
| २०१० | दियो | ८३ | २४.१ | २४.१ | २४.१ |
| | दिएन | १२८ | ३७.१ | ३७.१ | ६१.२ |
| | दियो तर हिरासतमा राखे पछि मात्र | १३४ | ३८.८ | ३८.८ | १०० |
| | जम्मा | ३४५ | १०० | १०० | |

## तालिका ८ - पत्राउपरेको २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्षलग्यो/लगेन्

| | | | फ्रिक्वेन्सी | प्रतिशत | भ्यालिड प्रतिशत |
|---|---|---|---|---|---|
| २००६ | भ्यालिड | लग्यो | ५० | ४०.३ | ४३.९ |
| | | लगेन | ६४ | ५१.६ | ५६.१ |
| | | जम्मा | ११४ | ९१.९ | १०० |
| | | अदालत लगेन | १० | ८.१ | |
| | जम्मा | | १२४ | १०० | |
| २००७ | भ्यालिड | लग्यो | ७८ | ४१.९ | ४९.१ |
| | | लगेन | ८१ | ४३.५ | ५०.९ |
| | | जम्मा | १५९ | ८५.५ | १०० |
| | | अदालत लगेन | २७ | १४.५ | |
| | जम्मा | | १८६ | १०० | |
| २००८ | भ्यालिड | लग्यो | ८४ | ४२.६ | ५४.५ |
| | | लगेन | ७० | ३५.५ | ४५.५ |
| | | जम्मा | १५४ | ७८.२ | १०० |
| | | अदालत लगेन | ४३ | २१.८ | |
| | जम्मा | | १९७ | १०० | |
| २००९ | भ्यालिड | लग्यो | १२९ | ५०.४ | ५८.९ |
| | | लगेन | ९० | ३५.२ | ४१.१ |
| | | जम्मा | २१९ | ८५.५ | १०० |
| | | अदालत लगेन | ३७ | १४.५ | |
| | जम्मा | | २५६ | १०० | |
| २०१० | भ्यालिड | लग्यो | १५४ | ४४.६ | ५०.५ |
| | | लगेन | १५१ | ४३.८ | ४९.५ |
| | | जम्मा | ३०५ | ८८.४ | १०० |
| | | अदालत लगेन | ४० | ११.६ | |
| | जम्मा | | ३४५ | १०० | |

## तालिका ९ - कानून व्यवसायी भेट्न नदिईनुको कारण

| | | | फ्रिक्वेन्सी | प्रतिशत | भ्यालिड प्रतिशत |
|---|---|---|---|---|---|
| २००६ | भ्यालिड | आर्थिक अभाव | १८ | १४.५ | ३१ |
| | | सम्पर्क नं नभएर | ५ | ४ | ८.६ |
| | | भेट्न नदिएकोले | ३ | २.४ | ५.२ |
| | | आवश्यक नठानेर | ८ | ६.५ | १३.८ |
| | | अन्य | २४ | १९.४ | ४१.४ |
| | | जम्मा | ५८ | ४६.८ | १०० |
| | बताउन नचाहेको | | ६६ | ५३.२ | |
| | जम्मा | | १२४ | १०० | |
| २००७ | भ्यालिड | आर्थिक अभाव | २ | १.१ | १० |
| | | सम्पर्क नं नभएर | २ | १.१ | १० |
| | | भेट्न नदिएकोले | ३ | १.६ | १५ |
| | | आवश्यक नठानेर | २ | १.१ | १० |
| | | अन्य | ११ | ५.९ | ५५ |
| | | जम्मा | २० | १०.८ | १०० |
| | बताउन नचाहेका | | १६६ | ८९.२ | |
| | जम्मा | | | | |
| २००८ | भ्यालिड | आर्थिक अभाव | ३ | १.५ | ९.७ |
| | | सम्पर्क नं नभएर | ५ | २.५ | १६.१ |
| | | भेट्न नदिएकोले | २ | १ | ६.५ |
| | | आवश्यक नठानेर | ३ | १.५ | ९.७ |
| | | अन्य | १८ | ९.१ | ५८.१ |
| | | जम्मा | ३१ | १५.७ | १०० |
| | बताउन नचाहेका | | १६६ | ८४.३ | |
| | जम्मा | | १९७ | १०० | |
| २००९ | भ्यालिड | सम्पर्क नं नभएर | ५ | २ | ३३.३ |
| | | भेट्न नदिएकोले | ३ | १.२ | २० |
| | | आवश्यक नठानेर | १ | ०.४ | ६.७ |
| | | अन्य | ६ | २.३ | ४० |
| | | जम्मा | १५ | ५.९ | १०० |
| | बताउन नचाहेका | | २४१ | ९४.१ | |
| | जम्मा | | २५६ | १०० | |
| २०१० | भ्यालिड | आर्थिक अभाव | २९ | ८.४ | १०.९ |
| | | प्रक्रिया थाहा नभएर | १४४ | ४१.७ | ५३.९ |
| | | भेट्न नदिएकोले | १२ | ३.५ | ४.५ |
| | | आवश्यक नठानेर | ८२ | २३.८ | ३०.७ |
| | | जम्मा | २६७ | ७७.४ | १०० |
| | बताउन नचाहेका | | ७८ | २२.६ | |
| | जम्मा | | ३४५ | १०० | |